चैत – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क २४ | २०७४, चैत १६-३० | पूर्णाङ्क ६१८



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

उपसचिव श्री रामप्रसाद पौडेल
शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ८ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | ६ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ३ |
| जम्मा | ४६ |

| | |
|---|---|
| इजलास नं. ९ | ६ |
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १२ | ३ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | १ |
| इजलास नं. १५ | १ |
| इजलास नं. १६ | १ |
| इजलास नं. १८ | २ |
| जम्मा | २१ |

**कूल जम्मा** **४६ + २१ = ६७**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, चैत – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| पूर्ण इजलास | | | १ - २ |
| १. | हक कायमसमेत | विष्णुभक्त मानन्धरसमेत वि. लक्ष्मणप्रसाद अर्यालसमेत | |
| संयुक्त इजलास | | | २ - ७ |
| २. | उत्प्रेषण / परमादेश | टिकाबहादुर कुँवरसमेत वि. मन्त्रिपरिषद्, सिंहदरबारसमेत | |
| ३. | उत्प्रेषण / परमादेश | संजीता खड्का वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | |
| ४. | उत्प्रेषण | पूर्णबहादुर परियारसमेत वि. पुनरावेदन अदालत, पोखरासमेत | |
| ५. | उत्प्रेषण / परमादेश | गोपालबहादुर श्रेष्ठ वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगरसमेत | |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुकलाल वि.क.समेत | |
| ७. | भ्रष्टाचार | मेघराज सापकोटासमेत वि. नेपाल सरकार | |
| ८. | उत्प्रेषण / परमादेश | कृष्ण मल्लसमेत वि. मालपोत कार्यालय, रूपन्देहीसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | विनोदप्रसाद गुप्ता वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | |

| इजलास नं. १ | | | ७ - १४ |
|---|---|---|---|
| १०. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. कृष्णबहादुर खड्का | |
| ११. | उत्प्रेषण / परमादेश | रामबहादुर आर.सी. वि. वन शाखा जाजरकोट हाल जिल्ला वन कार्यालय जाजरकोट खलङ्गासमेत | |
| १२. | उत्प्रेषण / परमादेश | भागीराम चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| १३. | नागरिकता प्रमाणपत्र किर्ते तथा ठगी | ईश्वरीप्रसाद पोखरेल वि. नेपाल सरकार | |
| १४. | बन्दी प्रत्यक्षीकरण | निश्चल बज्राचार्य वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | |
| १५. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. भुपाल स्याङ्तान तामाङसमेत | |
| १६. | सवारी ज्यान | नेपाल सरकार वि. धनी चन्द | |
| १७. | बहुविवाह | नेपाल सरकार वि. कृष्णबहादुर खड्कासमेत | |

| | | |
|---|---|---|
| **इजलास नं. २** | | **१४ - १५** |
| **१८.** | जबरजस्ती करणी | सुकमान स्याङ्तान वि. नेपाल सरकार |
| **१९.** | निषेधाज्ञा | भीमबहादुर थापा वि. सडक विभाग व्यापारिक मार्ग विस्तार आयोजना, बुटवल रूपन्देहीसमेत |
| **इजलास नं. ३** | | **१५ - १९** |
| **२०.** | अदालतको अवहेलना | महेन्द्रनाथ खनाल वि. सचिव अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत |
| **२१.** | उत्प्रेषण / परमादेश | मधु गौतम वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत |
| **२२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनबहादुर मोते दर्जी |
| **२३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. आलम शेषसमेत |
| **इजलास नं. ४** | | **१९ - २२** |
| **२४.** | उत्प्रेषण | धनबहादुर खाती वि. पुनरावेदन अदालत पाटन, ललितपुरसमेत |
| **२५.** | परमादेश | दिपेन्द्रकुमार यादव वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकसमेत |
| **२६.** | मोही दर्ता नामसारी प्रमाण पत्र पाउँ | मञ्जुकुमारी सिंह वि. लक्ष्मी सरदार बाँतर |
| **२७.** | निर्णय दर्ता बदर दर्ता | भूमिसुधार तथा व्यवस्था मन्त्रालय वि. धनबहादुर कार्की |
| **इजलास नं. ५** | | **२२ - २५** |
| **२८.** | कर्तव्य ज्यान | सिद्धराज थापा वि. नेपाल सरकार |
| **२९.** | सवारी ज्यान | मोदक पराजुली वि. नेपाल सरकार |
| **३०.** | जग्गा खिचोला मेटाई घर टहरा भत्काई चलन | डिल्लीप्रसाद धिमाल वि. राजु ठाडामगरसमेत |
| **३१.** | छुट जग्गा दर्ता नामसारी | जगदीशचन्द्र श्रेष्ठसमेत वि. वत्सलादेवी श्रेष्ठ |
| **इजलास नं. ६** | | **२५ - २८** |
| **३२.** | उत्प्रेषण | वीरेन्द्रकुमार हलुवाईसमेत वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत |
| **३३.** | अप्राकृतिक मैथुन | नरे खत्री वि. नेपाल सरकार |
| **३४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. बद्रीनारायण साहसमेत |
| **३५.** | दूषित शेषपछिको बकसपत्र बदर | कान्छा अवालेसमेत वि. बैकुण्ठ अवालेसमेत |

| | | |
|---|---|---|
| ३६. | अंशचलन | सुनमाया तामाङ वि. सिरता तामाङसमेत |
| | **इजलास नं. ७** | **२८ - ३३** |
| ३७. | कर्तव्य ज्यान / जबरजस्ती करणी | मदन नारायण श्रेष्ठ वि. नेपाल सरकारसमेत |
| ३८. | उत्प्रेषण | सत्यनारायण महतो वि. प्रहरी नायब महानिरीक्षक, पूर्व क्षेत्रीय कार्यालय रानी विराटनगरसमेत |
| ३९. | उत्प्रेषण | राजेश्वरप्रसाद वरै वि. बाबुलाल महरासमेत |
| ४०. | उत्प्रेषाण / परमादेश / प्रतिषेध | टेकबहादुर घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ४१. | उत्प्रेषण / परमादेश | धीरकुमार श्रेष्ठ वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत |
| | **इजलास नं. ८** | **३३ - ३४** |
| ४२. | उत्प्रेषण / परमादेश | हरिप्रसाद शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ४३. | थुनुवा भागे भगाएको | नेपाल सरकार वि. राजेश रौनियार |
| ४४. | जबरजस्ती करणी | नेपाल सरकार वि. मीनबहादुर गुरूङ |
| | **इजलास नं. ९** | **३४ - ३९** |
| ४५. | मानव बेचबिखन तथा ओसारपसार | ताराबहादुर कामी वि. नेपाल सरकार |
| ४६. | उत्प्रेषण | अनिलकुमार मेरोलिया वि. उच्च अदालत, पाटन ललितपुरसमेत |
| ४७. | रकम दिलाई पाउँ | भरतलाल श्रेष्ठ वि. तेजकरण जैन |
| ४८. | मानाचामल | बबिता धिताल अधिकारी वि. भगवती अधिकारीसमेत |
| ४९. | मानव बेचबिखन तथा ओसारपसार उद्योग | नेपाल सरकार वि. टिकाप्रसाद तिमिल्सिना |
| ५०. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. महेशप्रसाद पोखरेल |
| | **इजलास नं. १०** | **३९ - ४१** |
| ५१. | वन पैदावार चोरी निकासी | नेपाल सरकार वि. राम किशोर महतोसमेत |

| | | |
|---|---|---|
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भाइराजा राई दनुवार |
| **इजलास नं. ११** | | **४१ - ४४** |
| ५३. | अंशचलन | प्रकाश घिमिरे वि. प्रदिप घिमिरे |
| ५४. | निषेधाज्ञा | महेश पराजुली वि. विरेन्द्र स्मृति पार्क संरक्षण समिति |
| ५५. | उत्प्रेषण | प्रमोदकुमार यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत |
| **इजलास नं. १२** | | **४४ - ४६** |
| ५६. | उत्प्रेषण / परमादेश | नरेश श्रेष्ठ वि. ललितपुर जिल्ला अदालत, लगनखेलसमेत |
| ५७. | मानव बेचबिखन | भीमबहादुर तामाङ वि. नेपाल सरकार |
| ५८. | बहाल भराई पसलबाट उठाई पाउँ | सञ्जय जोन्छे वि. इन्द्रप्रसाद जोन्छे |
| **इजलास नं. १३** | | **४६ - ४८** |
| ५९. | कर्तव्य ज्यान | वकिल खड्का वि. नेपाल सरकार |
| ६०. | दिवाल घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ | रइस नाउँ वि. अब्दुल वाजिद साई |
| **इजलास नं. १४** | | **४८ - ४९** |
| ६१. | परमादेश | अधिवक्ता ज्योति बानियाँ वि. नेपाल सरकारसमेत |
| **इजलास नं. १५** | | **४९ - ५०** |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गृष्मप्रसाद सापकोटासमेत |
| **इजलास नं. १६** | | **५० - ५१** |
| ६३. | अंशसहितको सम्बन्ध विच्छेद | शान्ता शाही गिरी वि. न्हुच्छेमाया शाही |
| **इजलास नं. १८** | | **५१ - ५२** |
| ६४. | उत्प्रेषण | जमनराम लोहार वि. प्रहरी नायब महानिरीक्षक सुदूर पश्चिम क्षेत्रीय कार्यालय, दिपायलसमेत |
| ६५. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. जगन्नाथ महतो |

## पूर्ण इजलास

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-DF-०००६, हक कायमसमेत, विष्णुभक्त मानन्धरसमेत वि. लक्ष्मणप्रसाद अर्यालसमेत

विवादित कि.नं.३१, ३५, ३७ र ३९ का जग्गाहरू जोरपाटी गा.वि. स.वडा नं.२(ख) मा रहेको देखिन्छ । सोलाई वादीले नै प्रमाणमा उल्लेख गरेको फिल्डबुक उतारसमेतका स्रेस्ताबाट पुष्टि भएको र सो कुरालाई वादीले समेत अन्यथा भन्न सकेको अवस्था छैन । जोरपाटी गा.वि. स.वडा नं.२(ख) को विवादित जग्गा मिति २०२३।२।२८।६ मा नै रै.प. भइसकेको हा.नं. २६५ साबिक कामरू लगत ८११ नं. भैमाल गाउँ रोपनी १० भनी जनिएको लगतलाई नै विवादित जग्गा आफ्नो भएको भन्ने मूल प्रमाणको रूपमा वादी पुनरावेदकले प्रस्तुत गरेको देखिन्छ । उक्त लगतमा उल्लेख भैमाल गाउँ कहाँ पर्छ भनी मालपोत कार्यालयबाट जोरपाटी र गोठाटार गा.वि. स.मा लेखी पठाएकोमा गोठाटार भैमाल गाउँ गोठाटार गा.वि. स.मा पर्ने भनी गोठाटार गा.वि. स.ले र भैमाल गाउँ खला यस गा.वि.स. अन्तर्गत नपर्ने भनी जोरपाटी गा.वि. स. ले जवाफ लेखी पठाएको देखिन आयो । यसबाट वादीले मूल प्रमाणको रूपमा देखाएको लगतमा उल्लेख भएको जग्गा रहेको स्थान नै स्पष्टरूपमा फरक देखिन आएकाले जोरपाटी गा.वि. स.वडा नं.२(ख) को जग्गामा भैमाल गाउँको साबिक लगत ८११ नं. बाट मिल्न भिड्न आएको भनी मान्न नमिल्ने ।

वादीले रै.प. भइसकेको आफ्नो हा.नं.२६५ को जग्गा हो भनी दाबी लिए पनि धेरै लामो समयसम्म चुप लागी बसी आफ्नो नाउँमा दर्ता गराउनेतर्फ कुनै कारबाही चलाएको पाइएन । मिति २०५१।१२।२१ मा रै.प.को लागि प्रतिवादीहरूले मालपोत कार्यालय चाबहिलमा निवेदन दिई कारबाहीको सिलसिलामा मिति २०५२।४।९ मा राष्ट्रिय दैनिक गोरखापत्रमा सूचना प्रकाशित भइसकेपछि मिति २०५२।६।५ मा का.म.न.पा.वडा नं.२३ बस्ने धनबहादुर मानन्धरले भू.सु.लागू हुँदा भरेको ७ नं. फाँटवारी भूमिसुधार कार्यालयबाट माग गरेकोमा उल्लिखित व्यक्तिको ३ पुस्ते खुली आएको नदेखिएको र धनबहादुर मानन्धरको नामबाट खोजी हेर्दा फेला नपरेको भनी भूमिसुधार कार्यालय काठमाडौंको मिति २०५२।६।१२ को पत्रबाट लेखी आएको देखिन्छ । यी वादीसँग मालपोत कार्यालय चाबहिलबाट भू.सु. लागू हुँदा भरेको ७ नं. फाँटवारी माग गरिँदा पनि सो ७ नं. फाँटवारी पेस गर्नसकेको अवस्था नदेखिने ।

२०२३ सालमै रैकरमा परिणत भइसकेकोले फिल्डबुकमा धनबहादुरको नाम उल्लेख भएको विवादित कित्ताबाहेक केही जग्गा सोही लगतबाट भिडी दर्ता भइसकेको भन्ने पनि वादी पुनरावेदकको पुनरावेदन जिकिर देखिन्छ । सो लगतबाट अन्य जग्गा दर्ता गराइसकेको भए विवादित जग्गा वादीका नाउँमा के कुन कारणबाट दर्ता हुन नसकेको हो ? वादीले सो कुराको पुष्ट्याइँ गर्नसकेको पाइँदैन । अन्य जग्गा दर्ता गराए नगराएको भन्ने प्रस्तुत मुद्दाको विवादित विषय पनि होइन । हा.नं. २६५ को जग्गा विवादित जग्गा हो होइन भन्ने सम्मको विवादको विषय रहेको र कुनै पनि प्रमाणबाट सो जग्गाहरू हा.नं. २६५बाट भिड्ने जग्गा भएको नदेखिएकोले अन्य जग्गा दर्ताको आधार देखाई गरेको पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिने अवस्था नदेखिने ।

प्रतिवादीहरूले सो जग्गा बिर्ता भई बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७(क) अनुसार "ख" श्रेणीको बिर्ता जग्गा कमाउने व्यक्तिले यो दफा प्रारम्भ भएपछि नेपाल सरकारले तोकेको म्यादभित्र आफूसँग भएको वा आफूले जाने बुझेसम्मको सबुद प्रमाण

र सो जग्गाको कित्ता नम्बर खुलाई आफ्नो नाउँमा दर्ता गर्नका लागि सम्बन्धित मालपोत कार्यालयमा दर्खास्त दिनुपर्नेछ भन्ने भएको व्यवस्थानुसार प्रत्यर्थी प्रतिवादीहरूले मालपोत कार्यालय चाबहिलमा रै.प.को लागि दिएको दरखास्तअनुसार सोही दफाको उपदफा (२) अनुसार रैकर परिणत गरिदिएको अवस्था देखिने।

तसर्थ, विवेचित आधार, प्रमाण तथा कानूनी व्यवस्थासमेतको मूल्याङ्कन र विश्लेषणबाट वादी पुनरावेदकले दाबी गरेको हा.नं.२६५ साबिक नं.८११ भैमाल गाउँको लगतसँग विवादित जग्गाहरू मिल्न भिड्न नआएको, मोहीबाट बाली बुझेको भरपाई र मालपोत तिरेको रसिद पेस गर्न नसकेको, विवादित जग्गा साबिक पोता नं. २५ को लगतसँग मिल्ने भिड्ने सम्बन्धमा मोठ स्रेस्ता तथा सर्जमिनसमेतलाई आधार बनाई मालपोत कार्यालय काठमाडौंबाट मिति २०५२।१०।१४ मा भएको निर्णय सदर गरी वादी दाबी नपुग्ने भनी मिति २०५४।११।२२ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी मिति २०५७।१।५ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखियो। दोहोऱ्याई पाउँ भनी दिएको निवेदनमा निस्सा दिने गरी भएको आदेशमा उल्लिखित आधारसँग सहमत हुन सकिएन। पुनरावेदक वादीको दाबी पुग्न नसक्ने ठहर गरेको संयुक्त इजलासका माननीय न्यायाधीश श्री दीपकराज जोशीको राय मनासिब देखिँदा सोही राय सदर हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०१५४, उत्प्रेषण / परमादेश, टिकाबहादुर कुँवरसमेत वि. मन्त्रिपरिषद्, सिंहदरबारसमेत

निवेदकले कपिलवस्तु घटनासम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदन कार्यान्वयन नभएको भन्ने दाबी लिए पनि रिट निवेदन तथा लिखित जवाफसमेतबाट प्रतिवेदनको पटक्कै कार्यान्वयन नभएको तथा उक्त घटनाबाट पीडितहरूले क्षतिपूर्ति तथा राहत पाउँदै नपाएको भन्न मिल्ने अवस्था छैन। सरकारले उक्त घटनाबाट पीडितहरूलाई दिएको राहत र क्षतिपूर्ति अपर्याप्त भएको भन्ने निवेदकको कथन रहेकोमा उक्त क्षतिपूर्ति अपर्याप्त वा बेमनासिब भयो वा भएन भन्ने विषयको तथ्यमा प्रवेश गरी असाधारण क्षेत्राधिकारबाट हेर्न नमिल्ने।

वस्तुतः कपिलवस्तु घटना सम्बन्धमा सरकारले गठन गरेको आयोगले दिएको प्रतिवेदन सरकारका लागि महत्त्वपूर्ण दस्तावेज हुने भन्ने कुरामा विवाद छैन । त्यस्तो आयोगले दिएको प्रतिवेदनमा उल्लेख भएका सिफारिसहरूको कार्यान्वयन पनि सरकारबाटै हुनुपर्ने भन्ने कुरामा पनि विवाद हुन सक्तैन । तर त्यस्तो जाँचबुझ आयोगले दिएको प्रतिवेदनको हैसियत वा स्थान (Status) विधायीकी कानून वा अदालतको फैसलासरहको नहुने हुनाले सरकारको लागि दिएको त्यस्तो प्रतिवेदनको कार्यान्वयनको गर्ने दायित्व अदालतको हुने भएन । त्यस्तै त्यस्तो प्रतिवेदनमा उल्लेख भएको कुनै कुराले कसैको हक दायित्वको सृजना नहुने हुनाले त्यसको आधारमा कुनै हकदैया सृजना भएको पनि मान्न नमिल्ने।

मूलतः सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) बमोजिम गठन गरेको आयोगबाट प्राप्त गरेको प्रतिवेदन र त्यसबाट गरिएको सिफारिसको हकमा आवश्यक विचार गरी सरकारले नै आवश्यक व्यवस्था गर्नसक्ने भई विशुद्ध कार्यपालिकीय क्षेत्रअन्तर्गत पर्ने विषय भएकाले त्यस्तो विषय अदालतबाट निरूपण

हुन सक्तैन । निवेदकले दाबी लिएको विषय सरकारको कार्यपालिकीय क्षेत्रभित्र पर्ने भई त्यस्तो विषय न्यायिक पुनरावलोकनको विषयभित्र नपर्ने भएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने ।

सरकारले कुनै घटनासम्बन्धमा आयोग गठन गर्ने, त्यस्तो आयोगको प्रतिवेदन सार्वजनिक नगर्ने एवम् प्रतिवेदनको सिफारिस पनि कार्यान्वयन नगर्ने हो भने त्यस्तो आयोग गठन गर्नुको सान्दर्भिकता र औचित्य नै गुम्ने हुन्छ । वस्तुतः आयोगले दिएको प्रतिवेदनको सिफारिस कार्यान्वयन गर्ने राज्यको दायित्व भएको सन्दर्भमा राज्यले आफ्नो दायित्वबाट पन्छिन पनि नमिल्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०४८८, उत्प्रेषण / परमादेश, संजीता खड्का वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत

वस्तुतः सरूवा कर्मचारीको अधिकारको विषय होइन । कर्मचारीहरूको सरूवा एउटा कार्यालयबाट अर्को कार्यालयमा स्थानान्तरण हुने सामान्य प्रक्रिया हो । आफूअनुकूल र पायक पर्ने कार्यालयमा नै सदैब कार्य गर्न पाउनुपर्छ भनी कर्मचारीले दाबी गर्न नमिल्ने ।

निवेदिका पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०६५।९।२ को निर्णयानुसार इनरूवा अस्पताल सुनसरीमा पदस्थापन भई हालसम्म कार्यरत रहेको देखिन्छ । यसरी सधैंभरी एउटै कार्यलयमा कार्यरत रहन पाउनुपर्छ भन्नु सेवा सर्तसम्बन्धी ऐनविपरीत हुनजाने ।

निवेदिकाबाट मिति २०७०।५।१९ मा जन्मिएको बच्चाको उमेर २ वर्ष नपुग्दै निजको मन्जुरीबेगर सरूवा भएको देखिएकोले उक्त सरूवा कार्यान्वयन नगर्नु भनी यस अदालतबाट मिति २०७१।९।२२ मा अन्तरिम आदेश जारी भइरहेको देखिन्छ । यस अदालतबाट भएको अन्तरिम आदेशबाट निवेदिकाको सरूवा तत्काल कार्यान्वयन नभई साबिककै कार्यालयमा कार्यरत रहेको र हाल बच्चाको उमेर २ वर्ष नाघीसकेको देखिँदा पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाबाट मिति २०७१।८।२९ मा भएको सरूवा निर्णय कार्यान्वयन गर्नलाई अब कुनै कानूनी बन्देज रहेको नदेखिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट हाल निवेदिकाको बच्चाको उमेर २ वर्ष नाघिसकेको देखिएकोले अख्तियारप्राप्त अधिकारीले आवश्यकता र औचित्यता हेरी गरेको सरूवा निर्णय बदर गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल मङ्सिर २७ गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-००६५, उत्प्रेषण, पूर्णबहादुर परियारसमेत वि. पुनरावेदन अदालत, पोखरासमेत

अंश मुद्दामा भएका अन्तिम फैसलाबमोजिम निवेदक वादीले मिति २०६२/०६/०४ का बन्डा मुचुल्काबाट प्राप्त गरेको अंश भागको सम्पत्ति र निवेदक वादीलाई पुन: चलन दिनु भनी कास्की जिल्ला अदालतबाट भएको मिति २०६७/०३/२५ को आदेशभित्र सिमित रही निवेदक वादीलाई पुन: चलन चलाई दिनु भनी मिति २०६८/०२/१३ मा आदेश भएकोमा सो आदेशउपर पुनरावेदन अदालत पोखरामा अ.वं.१७ नं. बमोजिमको निवेदन पर्दा कास्की जिल्ला अदालतको मिति २०६८/०२/१३ को आदेश बेरीतको देखिन नआएकोले बदर गर्नु परेन कानूनबमोजिम गर्नु भनी मिति २०६८/०३/२३ मा आदेश भई

आएकाले चलन चलाई पाउँ भन्ने दरखास्त पुन: मिति २०६८/०२/२९ मा बिगोमा दर्ता भई कारबाहीयुक्त अवस्थामा रहेको अवस्था मिसिलबाट देखिन्छ । यसरी अदालतबाट अन्तिम फैसला भइसकेपछि पनि पटकपटक फैसला कार्यान्वयनको कार्यमा यी रिट निवेदकबाट अवरोध सृजना भएको भन्ने पुष्टि हुन आउने ।

तसर्थ माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणसमेतबाट फैसलाबमोजिम छुट्याइएको बन्डा मुचुल्काले प्राप्त वादीको जग्गामा प्रतिवादीबाट चलनमा बाधा विरोध गरेको कार्य गैरकानूनी भएको देखिएको अवस्थामा कास्की जिल्ला अदालतबाट फैसला कार्यान्वयनको सिलसिलामा गरिएको कार्यले रिट निवेदकको कानूनी र संवैधानिक हक अधिकारमा आघात पुगेको भन्न नमिल्ने हुँदा निवेदकको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम् ।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०८७८, उत्प्रेषण / परमादेश, गोपालबहादुर श्रेष्ठ वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगरसमेत

निवेदकले बढुवाको लागि दर्खास्तसाथ वाणिज्यशास्त्रमा स्नातकको प्रमाणपत्र पेस गरेको भए तापनि सोसँग आवश्यक अभिन्न आई.सि.ए.ओ.बाट मान्यता प्राप्तस्तरको तालिमप्राप्त गरेको प्रमाण पेस नगरेको, त्रिभुवन विश्वविद्यालयबाट हासिल गरेको प्रविणता प्रमाणपत्र तह (रेडियो एण्ड इलेक्ट्रोनिक) को शैक्षिक उपाधिको प्रमाणपत्रलाई तालिम मान्न मिल्ने प्रमाणिक आधारसमेत नदेखिएको भन्ने आधारमा बढुवा सूचीबाट हटाउने गरेको बढुवा समितिको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको लोकसेवा आयोगको निर्णय कानूनबमोजिमकै देखिन आएकोले निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३साल कात्तिक २ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०३९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुकलाल वि.क.समेत

वारदातको समयमा घरभित्र प्रवेश गरेका पक्राउ परी आएका प्रतिवादीहरू हुन भन्ने कहीँकतैबाट पुष्टि हुन नसकेको र प्रतिवादीहरूले आफूहरू घरबाहिर बसेको र भित्र गएका प्रतिवादीहरू बाहिर आई भागेकोमा एकैठाउँमा जम्मा भएपछि निजभित्र प्रवेश गरेका प्रतिवादीहरूले हिमलाल बस्नेतलाई घाँटी रेटेर मारेको भन्ने थाहा पाएको भनी गरेको बयानलाई अन्यथा भन्न सकिने अवस्था नदेखिएकाले यी प्रतिवादीहरू नै घरभित्र प्रवेश गरी हिमलाल बस्नेतलाई कर्तव्य गरी मारेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुष्टि हुन आएको नदेखिने ।

प्रतिवादीहरू वारदातस्थलमा उपस्थित भए पनि घरबाहिर हतियार लिई बसेको र घरभित्र प्रवेश गरी ज्यान मार्नमा प्रत्यक्ष संलग्न रहेको नदेखिए पनि वारदातस्थलमा उपस्थित भई हतियार लिई घेरावन्दी गरेको देखिँदा सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला केही उल्टी गरी निजहरूलाई ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिमको कसुरमा सोही नं. बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालत तुलसीपुरबाट भएको फैसला अन्यथा भयो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित तथ्य एवम् आधार प्रमाणबाट प्रतिवादीहरू भीमबहादुर रोका, सुकलाल

वि.क. र चुडामणि घर्तीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी निज प्रतिवादीहरू भीमबहादुर रोका, सुकलाल वि.क. र चुडामणि घर्तीलाई ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिम जनही १० वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१/३/१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-००२०, ०७२-CR-००२१, ०७२-CR-०३९८, ०७२-CR-०४१८, भ्रष्टाचार (हानि नोक्सानी), मेघराज सापकोटा वि. नेपाल सरकार, कृष्णहरि भट्टराई वि. नेपाल सरकार, कविन्द्र महर्जनसमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. सिताराम पोखरेलसमेत

विवादित जग्गा रोक्का राखेको भनिए पनि रैतान नम्बरी कायम भएपछि विवादितमध्येकै जग्गा हक हस्तान्तरणसमेत भएको भन्ने देखिन्छ । यी प्रतिवादीहरूले कविन्द्र महर्जनसमेतका व्यक्तिहरूले गुठी कार्यालयमा उजुरी निवेदन दिएपछि भूल सुधारको बहानामा प्रक्रिया मिलाउने प्रयास गरेको देखिन्छ। आफूले गरेको गलत कार्यउपर उजुरी परी छानबिन सुरू भएपछि भूल भएको भनी ढाकछोप गर्ने प्रयास गरेको कुरालाई निर्दोषिताको आधार मान्न मिल्दैन । तसर्थ प्रतिवादीहरू मेघराज सापकोटा र कृष्णहरि भट्टराईले आरोपित कसुर गरेको देखिँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिमको कसुर गरेको ठहर गरी जनही ३ महिना कैद र रू.१०,०००।– जरिवाना हुने ठहराएको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिन आउने।

आफूले गरेको कसुर ढाकछोप गर्ने र आफ्नो पक्षमा प्रमाणको सृजना गर्ने अभिप्रायले भए गरिएका काम कारवाहीलाई प्रतिवादीको निर्दोषिता प्रमाणित हुने आधार मान्न मिल्दैन । भूल वा तथ्यको भ्रमको कुनै सम्भावना नै नदेखिएको यसप्रकारको कार्यलाई गलत वा दोषी मनसाय राखेर गरिएको कार्य मान्नुपर्ने हुन्छ । तसर्थ भ्रष्टाचार निवारण ऐन, २०५९ को को दफा ८(४) बमोजिमको कसुर गरेको ठहर गरी प्रतिवादीहरू कविन्द्र महर्जन र रविन्द्र महर्जनलाई कसुरको मात्राअनुसार ५ महिना र प्रतिवादी सुरेन्द्रराज जोशीलाई कसुरको मात्राअनुसार ४ महिना कैद हुने ठहराएको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिन आउने।

गुठी जग्गाको सम्बन्धमा गुठीबाट लेखी आएअनुसार अभिलेख अद्यावधिक गर्ने दायित्व मालपोत कार्यालयको हुने हुँदा गुठीबाट प्राप्त विवरणको आधारमा यी प्रतिवादीहरू सीताराम पोखरेल र गणेशबहादुर भट्टराईबाट सोअनुसार अभिलेख अद्यावधिक गर्नेसम्मको कार्य गरेको देखियो । सोबमोजिम काम कारवाही गर्दा मालपोत कार्यालयका कर्मचारीहरूले कुनै दोषी मनसाय राखी कार्य गरेका थिए भन्ने तथ्य प्रमाणबाट समर्थित हुन आएको पाइएन । तसर्थ प्रतिवादीहरू सीताराम पोखरेल र गणेशबहादुर भट्टराईलाई आरोपित कसुरबाट सफाइ दिने ठहराएको विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिन आउने।

अतः प्रतिवादीहरूमध्ये प्रतिवादी मेघराज सापकोटा र कृष्णहरि भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को को दफा ८(१) को खण्ड (ज) को कसुर गरेको ठहराई निजहरूलाई सोही दफा ८(१) बमोजिम जनही ३ महिना कैद र रू. १०,०००।– जरिवाना हुने, प्रतिवादीहरू कविन्द्र महर्जन, रविन्द्र महर्जन र

सुरेन्द्रराज जोशीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको ठहराई सोही दफा ८(४) बमोजिम प्रतिवादीहरू कविन्द्र महर्जन र रविन्द्र महर्जनलाई जनही ५ महिना कैद र प्रतिवादी सुरेन्द्रराज जोशीलाई सोही दफा ८(४) बमोजिम ४ महिना कैद हुने, बिगो नोक्सान भएको नदेखिँदा दाबीको न्यूनतम् मूल्यलाई बिगो कायम गर्न नमिल्ने र अन्य प्रतिवादीहरू सीताराम पोखरेल र गणेशबहादुर भट्टराईले आरोपित कसुरबाट सफाइ पाउने ठहराएको विशेष अदालत काठमाडौंको मिति २०७१।११।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०९२३, उत्प्रेषण / परमादेश, कृष्ण मल्लसमेत वि. मालपोत कार्यालय, रूपन्देहीसमेत

कि.नं. १०० र १०३ बाहेकका जग्गा सुकुम्बासी समस्या समाधान आयोगबाट वितरण गरी बाँकी ती जग्गामा क्रमशः खोला र बाटो कायम गर्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उजुरी तामेलीमा राखिदिएको देखिन्छ। अब कि.नं. १०० र १०३ को जग्गामा क्रमशः खोला र बाटो परेकोले सो जग्गा व्यक्तिको नाममा दर्ता हुन नसक्ने र सोदेखि बाहेकका जग्गा सुकुम्बासी समस्या समाधान आयोगबाट वितरण गरिएको भन्ने देखिएको र कि.नं. १०० र १०३ मा क्रमशः खोला र बाटो परेकोले ती जग्गा निजी व्यक्तिका नाममा दर्ता हुन नसक्ने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।८।३ को तामेली निर्णयबाट रिट निवेदकहरूको हकमा कुनै असर परेको नदेखिएकोले रिट निवेदन मागबमोजिम सो निर्णय उत्प्रेषणको आदेश जारी गरी बदर गरिरहनु पर्ने देखिएन। सो आदेश बदर नहुने भए पनि सो कि.नं. १०० र १०३ सम्बन्धी निर्णय उजुरी तामेलीमा रहेको र सोबाहेकका ती कित्ताहरूसँग जोडिएका जग्गाहरू सुकुम्बासी समस्या समाधान आयोगबाट वितरण गरिएको स्थितिमा यी रिट निवेदकहरूको नाममा समेत वितरण भएको वा सोबाहेकको कुनै जग्गा यी रिट निवेदकहरूको हक भोगमा भई रिट निवेदकहरूको नाममा दर्ता गर्नुपर्ने भए स्रेस्ता प्रमाण हेरी निवेदकहरूको कुनै जग्गा दर्ता गर्नुपर्ने भए कानूनबमोजिम तथ्य र प्रमाणका आधारमा निर्णय गर्नु भनी मालपोत कार्यालय रूपन्देहीका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः रामशरण तिमिल्सेना

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-WO-०४९३, उत्प्रेषण / परमादेश, विनोदप्रसाद गुप्ता वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत

निवेदकलाई सम्झौता अवधिभित्रै मिति २०६४।६।९ तदनुसार २६ september २००७ मा निलम्बन गरिए पनि पूरा सम्झौता अवधिको तलब दिइएको र निलम्बन गरिए पछि पनि मिति २०६५।२।२२ तदनुसार ४ Jun २००८ मा उच्च सेवा प्रदान गरेको भनी कदरपत्र दिइएको मिसिल संलग्न कृषि विकास मन्त्रालयअन्तर्गतको दीर्घकालीन कृषि योजना सहयोग कार्यक्रम (APPSP) को पत्रबाट देखिन्छ। यसबाट यी निवेदकलाई निलम्बन गर्ने कार्य व्यक्तिगत दुराशयबाट प्रेरित रहेको देखिन आउने।

सम्झौताअनुसार गर्नुपर्ने काम सन्तोषजनक नभई निलम्बन गर्नुपर्ने अवस्थामा पनि स्पष्टीकरण सोध्ने र स्पष्टिकरण चित्त बुझ्दो नभएमा प्रक्रिया पुर्‍याई निलम्बन गर्नुपर्नेमा यी रिट निवेदकको हकमा

त्यसो गरेको मिसिलबाट देखिँदैन। साथै निलम्बनको अवधिको समेत पूरै तलब पाएको भनी निवेदकले उल्लेख गरेको र यसको खण्डन विपक्षीतर्फबाट भएको नदेखिँदा यस्तो निलम्बन अनन्तकालसम्म कायम रहिरहनु र यसबाट निवेदकको अन्यत्र रोजगारी गरेर खान पाउने अवसर पनि गुम्ने अवस्थालाई न्यायिक रोहबाट उचित मान्न नसकिने।

प्रचलित कानूनको रीत पुऱ्याई निलम्बन गरेको भए सम्झौता अवधि सम्पन्न भएपछि त्यस्तो निलम्बन फुकुवा हुनुपर्नेमा रिट निवेदकको हकमा त्यसो भए गरेको देखिँदैन। के कति कारणले निलम्बन भएको हो भन्ने खुल्नुपर्नेमा कहीँकतैबाट खुलेको, त्यसको स्पष्ट सूचना यी रिट निवेदकले पाएको र विपक्षीतर्फबाट आफ्नो लिखित जवाफमा उल्लेख गरेको मिसिलबाट देखिँदैन। कसैले यी निवेदकलाई गरिएको निलम्बन निश्चित अवधि भुक्तान भएपछि फुकुवा हुनुपर्नेमा सम्झौता अवधि समाप्त भएपछि पनि सो निलम्बन फुकुवा नभएकोले निवेदक हालसम्म पनि संविधानप्रदत्त रोजगारी गर्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने अधिकारबाट वञ्चित भएको देखिने।

निवेदकले आफ्नो पदीय कर्तव्य इमान्दारीपूर्वक गर्दागर्दै निलम्बनमा परेको कुरा स्वयं निवेदकलाई सम्झौता गरी काम लगाउने APPSP Project ले दिएको उक्त ४ Jan २००८ को उच्च सेवा प्रदान गरेको पत्रबाट देखिएकोले निवेदकले गरेको कामको उच्च सम्मान रोजगारदाता आयोजनाले गरेको स्पष्ट हुन्छ। साथै कुनै पनि निलम्बन निश्चित अवधिको लागि हुनुपर्ने, सो अवधि भुक्तान भएपछि सो निलम्बन स्वतः फुकुवा हुनुपर्नेमा प्रस्तुत सन्दर्भमा निलम्बन फुकुवाको निर्णय गरी टुङ्गोमा पुऱ्याएको देखिँदैन। साथै सम्झौता अवधिभित्रै निवेदकको कामको उच्च मूल्याङ्कन गरी कदर गरिएको कुरा उक्त ४ Jun २००८ को पत्रबाट देखिन्छ। साथै उक्त सम्झौताको अवधि २४ July २००४ देखि ३१ Dec २००७ सम्म रहेको र हाल सो अवधि व्यतित भइसकेपछि पनि निवेदकले सोही निलम्बनकै कारणले अन्यत्र रोजगारी गर्नलाई कठिनाई भोग्नुपर्ने अवस्थालाई न्यायको दृष्टिबाट उपयुक्त मान्न सकिँदैन। यसबाट रिट निवेदकको संविधान प्रदत्त रोजगारी गर्न पाउने र सम्मानपूर्वक बाँच्न र जीवनयापन गर्न पाउने हकमा आघात परी वञ्चित भएको देखियो। यस्तो परिस्थिति सिर्जना हुनुलाई न्यायिक रोहमा उचित मान्न नसिकने हुँदा निवेदकलाई मिति २०६४।६।९ तदनुसार २६ sept २००७ मा गरिएको निलम्बन कायम नरहन सक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। साथै रिट निवेदकलाई उक्त निलम्बनको फुकुवा गरी सो फुकुवाको जानकारी यथाशिघ्र रिट निवेदकलाई दिनु भनी विपक्षी कृषि विकास मन्त्रालयसमेतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः विदुर काफ्ले
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०५८८ र ०७२-CR-०५७२, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. कृष्णबहादुर खड्का र कृष्णबहादुर खड्का वि. नेपाल सरकार

बरामदस्थलबाट लागु औषध बरामद भएको भन्ने तथ्यलाई प्रतिवादीले अदालतसमेतमा बयान गर्दा स्वीकार गरेको। यी प्रतिवादीको साथबाट १२ ग्राम लागु औषध खैरो हेरोइन बरामद गरी प्रतिवेदन दिने प्रतिवेदक सुरेश थापा र कृष्णकुमार यादवसमेतका व्यक्तिहरू अदालतमा उपस्थित भई मौकाको बरामदी मुचुल्कालाई सद्दे साँचो हो भनी बकपत्र गरेको

देखिन्छ । कसुर ठहर भएका प्रतिवादी सञ्जय लामाले कृष्णबहादुरको साथबाट १२ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको हो भनी अदालतमा बयान गरेको देखिएको छ । मौकाको बरामदी मुचुल्काको ब्यहोरा अदालतबाट प्रमाण परीक्षणको रोहमा संकलित प्रमाणबाट समर्थित भएको हुँदा मौकाको उक्त बरामदी मुचुल्कालाई प्रमाणमा लिन नमिल्ने भन्न मिलेन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम आफूबाट बरामद लागु औषध कानूनसम्मत रूपमा प्राप्त गरेको हुँ भन्ने कुराको प्रमाण प्रतिवादीले पेस गर्न नसकेको हुँदा १ ग्राम मात्र लागु औषध सेवन गर्न राखेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसमेत मनासिब देखिन नआउने ।

लागु औषध मुद्दामा प्रमाणको भार पुऱ्याउने दायित्व प्रतिवादीमा रहेको भए पनि तथ्यगत आधार प्रमाणले पुष्टि नभएको परिमाणअनुसार सजाय गर्नु उचित हुँदैन । जहाँ जोबाट जति परिमाणको लागु औषध बरामद भएको हो सो परिमाणअनुसारको सजायको दायित्व मात्र प्रतिवादीले बहन गर्नुपर्ने हुन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) मा पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रूपैया देखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको र प्रतिवादीबाट १२ ग्राम मात्र लागु औषध खैरो हेरोइन बरामद भएको देखिनाले उक्त बरामद दशीको परिमाणका आधारमा निजलाई ५ वर्ष कैद र रू.१०,०००।- जरिवाना गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिने ।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट प्रतिवादी कृष्णबहादुर खड्कालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) बमोजिम ५ वर्ष कैद र रू.१०,०००।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-WO-०६४७, उत्प्रेषण / परमादेश, *रामबहादुर आर.सी. वि. वन शाखा जाजरकोट हाल जिल्ला वन कार्यालय जाजरकोट खलङ्गासमेत*

फिल्डबुकमा नै निवेदकको नाम जग्गाधनीमा अंकित भएकोमा निजसमेतलाई बुझी मात्र जग्गा दर्ता वा रोक्कासमेतका विषयमा निर्णय गर्नुपर्नेमा सो गरेको नदेखिँदा प्रतिवादको अवसर प्रदान गर्नुपर्ने भन्ने प्राकृतिक न्याय सिद्धान्तको उल्लङ्घन गरी भएका निर्णयहरू प्राकृतिक न्याय सिद्धान्तका आधारमा बदरभागी हुने हुँदा निवेदकलाई सुनुवाइको मौका नदिई भएको वन शाखा जाजरकोटको मिति २०४६।४।२ तथा ८ नं. नापी गोश्वाराको मिति २०४६।४।९ को पत्रानुसार दर्ता रोक्का गरेको काम कारवाही र जग्गा फुकुवा गर्न नमिल्ने भन्ने जिल्ला वन कार्यालय जाजरकोटका जिल्ला वन अधिकृतबाट मिति २०६७।८।१७ मा भएको निर्णय बदरभागी रहेको देखिन आउने ।

तसर्थ विपक्षी जिल्ला वन कार्यालय (तत्कालीन वन शाखाको) मिति २०४६।४।२ दर्ता रोक्का पत्रको भरमा तथा ८ नं. नापी गोश्वाराले रोक्का राख्ने गरेको मिति २०४६।४।९को पत्र तथा जग्गा फुकुवा गर्न नमिल्ने भन्ने जिल्ला वन कार्यालय जाजरकोटको मिति २०६७।८।१७ को निर्णयसमेत प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा उक्त निर्णय तथा काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब उक्त जग्गा दर्ता गर्ने

सम्बन्धमा रिट निवेदकलाई समेत बुझी आफ्नो कुरा भन्ने मौका प्रदान गरी अर्थात् निजलाई सुनुवाइको मौका प्रदान गरी निजको जिकिर एवम् प्रमाणको समेत न्यायिक मन प्रयोग गरेर समग्र प्रमाणको मूल्याङ्कन गरी विवादित जग्गामा तत्कालीन गाउँपञ्चायत र निवेदकका बीच भएको कागजको सम्बन्धमा के कस्तो सर्त पालना गर्नुपर्ने हो ? सोसमेतका आधार प्रमाण र विवादित कि.नं. ८९९ को जग्गा निवेदक रामबहादुर आर.सी.को स्वामित्व हकमा समेत विचार गरी जग्गा दर्ता गर्ने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, जाजरकोटसमेतका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०४५२, उत्प्रेषण / परमादेश, भागीराम चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

मुलत: बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको ऐन, २०७१ को दफा २ (ङ), (ज), (ञ) र दफा २३ ले निवेदकले उठाएको यौनजन्य हिंसा पीडित व्यक्ति वा परिवारलाई पीडितको परिभाषामा समेटेको र क्षतिपूर्ति सुविधा वा सहुलियतसमेतको लागि सोही ऐनको दफा ३ बमोजिम गठित आयोगले नेपाल सरकारसमक्ष गर्नसक्ने नै देखिएकोले निवेदकले उठाएका विषयलाई समेटेको देखिँदा छुट्टै निर्देशिका जारी गर्न आदेश जारी गर्न नपर्ने।

बाबुको पहिचान नभएका बालबालिकाको जन्मदर्ता गर्न जन्मदर्ता सूचना फारमको बाबुको विवरणको महलमा ठेगाना नभएको व्यहोरा उल्लेख गरी आमाले सूचना दिई जन्मदर्ता गर्नसक्ने गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०६२।१०।१३ मा परिपत्र भई सोहिबमोजिम स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जन्मदर्ता भइरहेको भन्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ देखिएको र सोबमोजिम जन्मदर्ताको प्रक्रिया नभएको भनी जन्मदर्ता नहुने सम्बन्धित व्यक्तिको तथ्यगत आधार प्रस्तुत हुनसमेत सकेको नदेखिँदा सोतर्फसमेत रिट जारी हुने अवस्था नदेखिने।

यौनजन्य हिंसा पीडित व्यक्ति वा परिवारलाई पीडितको परिभाषामा समेत समेट्ने गरी कानूनी व्यवस्था भएको तथा क्षतिपूर्ति सुविधा वा सहुलियतसमेत उपलब्ध गराउने गरी ऐनबमोजिम गठित आयोगले नेपाल सरकारसमक्ष सिफारिस गर्नसक्ने गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई लागू भएको अवस्थामा निवेदकले उठाएको सोसम्बन्धी विषयलाई उक्त ऐनले समेटेको र त्यस किसिमका मानव अधिकारको गम्भीर उल्लङ्घनबाट पीडितलाई राहत, क्षतिपूर्ति सुविधा वा सहुलियत र पीडकलाई सजाय गर्नेसमेतको संयन्त्र निर्माण गर्नेसमेतको कार्य नेपाल सरकारले गर्ने अपेक्षा गरिएको र सोअनुरूपको आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयनमा प्रतिवद्धता रहेको एवम् निवेदकको मागमा संवेदनशीलसमेत देखिएकोले निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७३ साल भाद्र १५ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०२५१, नागरिकता प्रमाणपत्र किर्ते तथा ठगी, ईश्वरीप्रसाद पोखरेल वि. नेपाल सरकार

नेत्रविक्रम चन्दको नाममा अर्काको नामको

नागरिकता किर्ते बनाई सोही किर्ते नागरिकताको कागजको आधारमा नेत्रविक्रम चन्दको खाता बैंक अफ काठमाडौंमा खोली जाहेरवालाहरू कमलप्रसाद ज्ञवाली र सुधिरबाबु खत्रीलाई विभिन्न नम्बरबाट नेत्रविक्रम चन्द र जनार्दन शर्मा जस्ता अर्काको नाम उल्लेख गरी फोन गरी झुक्याई झुठो कुरा उल्लेख गरी धोका गफलतमा पारी अर्काको नगद जम्मा रू. २१,५०,०००।- धनमाल जम्मा गर्न लगाई लिएको कार्य व्यवहार सत्य साँचो देखिन नआई ठगीको महलको १ नं. विपरीतको कसुर गरेको देखिन आउने।

प्रतिवादी ईश्वरीप्रसाद पोखरेलउपर किटानी जाहेरी परेको निजको साथबाट नेत्रविक्रम चन्द, हिमाल शर्माको नामको नागरिकता बरामद भएको निजले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती रही बयान गरेकोसमेत मिसिल संलग्न कागजातबाट निजबाट बरामद भएको नक्कली नागरिकताको आधारमा बैंक अफ काठमाडौंमा खाता खोली जाहेरवालाहरूबाट रकम जम्मा गराई ठगी गरेको देखिएकोले निज प्रतिवादी ईश्वरीप्रसाद पोखरेललाई ठगीको १ र ४ नं. बमोजिमको कसुर ठहर गरी ठगीको ४ नं. बमोजिम २ वर्ष कैद र बिगोबमोजिम जरिवाना २१,५०,०००।- हुने र जाहेरवालाहरूको बिगो रू.२१,५०,०००।- जाहेरवालालाई भराई दिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने।

तसर्थ पुनरावेदक / प्रतिवादी ईश्वरीप्रसाद पोखरेललाई ठगी महलको ४ नं. बमोजिम बिगो कायम गरी बिगोबमोजिम जरिवाना हुने ठहराएकोमा बिगो जाहेरवालाहरूलाई भराई दिनेसम्म उल्लेख नगरेको र नागरिकता ऐन, २०६३ को दफा २१(३) तर्फको अभियोग दाबी पुग्न नसक्ने ठहराएको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।९।१३ को फैसला मिलेको नदेखिँदा केही उल्टी गरी प्रतिवादी ईश्वरीप्रसाद पोखरेललाई ठगीको महलको ४ नं. बमोजिम २ वर्ष कैद र बिगोबमोजिम रू.२१,५०,०००।- जरिवाना हुने एवम् जाहेरवालाहरूले आ-आफ्नो बिगो रू.२१,५०,०००।- भराई पाउने तथा पुनरावेदक/ प्रतिवादी ईश्वरीप्रसाद पोखरेललाई नागरिकता ऐन, २०६३ को दफा २१(३) को कसुरमा सोही दफाबमोजिम बीस हजार रूपैयाँ जरिवानासमेत हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०६९।९।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७३ साल मङ्सिर १२ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WH-००५९, बन्दीप्रत्यक्षीकरण, निश्चल बज्राचार्य वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

निवेदकसमेत प्रतिवादी भएको कास्की जिल्ला अदालतबाट मिति २०७१।३।२९ मा फैसला भएको ०६९-CR-०२२२ को ठगी मुद्दाको सक्कलै मिसिलमा रहेको निवेदक प्रतिवादी निश्चल बज्राचार्यका नाममा मिति २०७०।२।२७ मा तामेल भएको म्याद हेर्दा निवेदकको नामको म्याद निजको घरद्वार पत्ता लाग्न नसकि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३० को सूचना पाटीमा बेपत्ते तामेली भई आएको देखिन्छ। यी प्रतिवादीसरह अभियोगको विरूद्ध खण्डमा प्रतिवादी बनाइएका प्रतिवादीहरू सुनिल गुरूङ, क्षितिजकुमार अग्रवाल र निशान मानन्धरसमेतको नाममा जारी भएको म्यादसमेत निजहरूको घरद्वार, डेरा पत्ता नलागेको भनी क्रमशः मिति २०७०।२।२९ र २०७०।३।३ मा बेपत्ते तामेल गरी आएको पाइन्छ। सबै प्रतिवादीहरूको नामको म्याद बेपत्ते तामेल भएको कुरालाई जिल्ला अदालतले स्वीकार गरी वादी नेपाल सरकारलाई अर्को वतन खुलाउन अवसर दिएकोमा अर्को वतन

छैन भनी वादीले जवाफ पठाएको मिसिल संलग्न जवाफबाट देखिन आउँछ । उपर्युक्त पत्राचारबाट निवेदक प्रतिवादीको नाममा मिति २०७०।२।२७ मा बेपत्ते तामेल भएको म्याद रीतपूर्वकको नरहेको देखिन आउने।

एउटै मुद्दामा समान प्रकृतिका प्रतिवादीहरूका नाममा एउटै व्यहोरा र पद्धतिअनुसार तामेल भएकोमा विपक्षी कास्की जिल्ला अदालतबाट मिति २०७१।३।२९ मा फैसला गर्दा प्रतिवादीहरू सुनिल गुरूङ, क्षितिज कुमार अग्रवाल र निसान मानन्धरका हकमा म्याद बेपत्ते तामेल भई आएको र निजहरूको अर्को वतन छैन भनी जिल्ला प्रहरी कार्यालयबाट लेखी आएकोले निजहरूको हकमा पछिबाट वतन खुली आएका बखत कारबाही र किनारा गर्ने गरी जिल्ला अदालत नियमावली, २०५२ को नियम १९(क)(४) बमोजिम मुद्दा तामेलीमा राख्ने भनी निर्णय गरिएको देखिन्छ। निवेदक प्रतिवादीका हकमा भने बेपत्ते रूपमा तामेल भएको म्यादलाई सुरू म्यादै गुजारी अभियोग स्वीकार गरी बसेको भनी इन्साफ गरेको पाइन्छ । एउटै मुद्दामा एउटै प्रकृतिका प्रतिवादीहरूका नाममा जारी भएको एउटै प्रकृतिको तामेलीमा भिन्न भिन्न तरिकाबाट हेरी केहीको हकमा तामेलीमा राख्ने र यी निवेदकको हकमा अभियोग दाबीबमोजिम ठगीको कसुर ठहर गरी कास्की जिल्ला अदालतबाट मिति २०७१।३।२९ को फैसला भेदभावपूर्ण देखिन आउने।

कानूनप्रतिकूल तामेल भएको बेरीतको म्यादको आधारमा प्रतिवादीले जानकारी वा सुनुवाइको मौका पायो भन्ने अर्थ निकाल्नु औचित्यपूर्ण हुँदैन । त्यसरी कानूनको रीत नपुऱ्याई तामेल भएको म्यादको आधारमा कास्की जिल्ला अदालतले निवेदकलाई कैद र जरिवाना हुने गरी मिति २०७०।३।२९ मा भएको फैसला निवेदकको हकमा प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त र आफूमाथि लागेको आरोपको प्रतिवाद गर्न पाउने हकप्रतिकूल रहेको देखिन आयो। नियम कानूनको पालना नगरी बेरीतपूर्वक भएको म्याद तामेलीलाई निवेदकका हकमा रीतपूर्वकको मानी कास्की जिल्ला अदालतबाट भएको फैसला निवेदकको हकमा कानूनसम्मत मान्न नमिल्ने।

तसर्थ, उपर्युक्त विवेचित आधार, कारण र कानूनी व्यवस्थाबाट एउटै मुद्दाका प्रतिवादीहरूका नाममा जारी भएको एउटै प्रकृतिको तामेलीमा असमान तरिकाले मूल्याङ्कन गरी निवेदक प्रतिवादीहरूका नाममा बेरीतपूर्वक मिति २०७०।२।२७ मा तामेल भएको म्यादलाई रीतपूर्वकको मानी कास्की जिल्ला अदालतबाट मिति २०७१।३।२९ मा भएको फैसला निवेदक प्रतिवादी निश्चल बज्राचार्यका हकमा मिलेको नदेखिँदा उक्त तामेली म्याद र फैसला एवम् सोको आधारमा कास्की जिल्ला अदालतमार्फत काठमाडौं जिल्ला अदालतले कसेको लगत एवम् सो आधारमा निवेदकलाई थुनामा राख्न पठाएको समेतका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदक प्रतिवादीलाई सुरक्षासाथ विपक्षीमध्येको कास्की जिल्ला अदालतमा उपस्थित गराई वादी नेपाल सरकारलाई सूचना दिई कानूनबमोजिम बयानसमेत गराई अ.बं. ११८ नं. बमोजिम आदेश गरी कानूनबमोजिम मुद्दाको कारबाही र फैसला गर्नु भनी विपक्षी कास्की जिल्ला अदालतका नाममा परमादेशको आदेशसमेत जारी गरी दिएको छ। यी निवेदकउपर ठगी मुद्दामा कास्की जिल्ला अदालतमा कानूनबमोजिम कारबाही हुने हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न मिलेन । सोतर्फको निवेदन दाबी खारेज हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-००९१, ०७२-RC-०१६८,

कर्तव्य ज्यान र जबरजस्ती चोरी, नेपाल सरकार वि. भुपाल स्याङ्तान तामाङसमेत, नेपाल सरकार वि. निर्मला स्याङ्तान तामाङसमेत

शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारणमा Sharp force cut throat injury associated with blunt force head injury भनी उल्लेख गरेको पाइयो । मिसिल सामेल रहेको घटनास्थल लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट प्रतिवादी निर्मला स्याङ्तान तामाङले गरेको मौका तथा अदालतको साबिती बयान समर्थित भएको पाइएकोले निज प्रतिवादी निर्मला स्याङ्तान तामाङले मृतकलाई कर्तव्य गरी मारी सुनका गहना चोरी गरेको देखिन आउने ।

प्रतिवादी निर्मला स्याङ्तान तामाङले मृतक ठूलीमायालाई आग्लो तथा हेम्मरले हानी ऐया नि बाबै म मरेँ भनी बुढी भुइँमा लडेपछि यत्तिकै छोड्न हुँदैन भनी खुकुरीले घाँटीमा सेरी मारेको देखिँदा मार्नका नियतले नै सचेतताका साथ पटकपटक हिर्काएको र जोखिमी हतियार प्रयोग गरी संवेदनशील अंग घाँटी सेरी मारेको देखिन आएकोले प्रतिवादी निर्मला स्याङ्तान तामाङले ज्यानसम्बन्धीको १३(१) नं. विपरीतको कसुर गरेको देखिने ।

प्रहरीमा बुझिएका मानिसले अदालतमा उपस्थित भई बकपत्र गर्दा निज प्रतिवादीलाई तथ्ययुक्त आधार प्रमाणसहित कसुरमा किटानी गर्नसकेको देखिँदैन । आरोपित कसुरमा साबिती हुने सहअभियुक्तले पोल नगरेको, जाहेरवाला र बुझिएका मानिसले अदालतमा बकपत्र गर्दा निज प्रतिवादीलाई किटानीसाथ पोल गर्न नसकेको स्थितिमा वारदातमा निज प्रतिवादीको संलग्नताको पुष्टि नभएकोले मौकामा भएको साबिती बयानको आधारमा मात्र दोषी ठहर गर्न न्यायोचित हुने नदेखिँदा प्रतिवादी भुपाल स्याङ्तानलाई सफाइ दिने ठहर गरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिने ।

जाहेरवालाले नगद चोरी भएको देखिने वस्तुनिष्ठ प्रमाण पेस गर्नसकेको देखिँदैन । प्रतिवादीले चोरी गरेको गहनातर्फ पनि निजले यो यस परिमाणको सुन भनी वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गर्नसकेको देखिँदैन । साथै सुनको प्रयोग भएको गहना देखिएको र गहना पसलका विनोद लामाले अदालतमा गरेको बयानमा सुनिल तामाङ आई गहना राखी रू.१६०००।- लिएर गएको र एक महिनापछि रू.१६,०००।- लिएर आई उक्त गहना फिर्ता लिएको भन्ने देखिन्छ । उक्त गहनाको मूल्य सो पसलले लिएको रू.१६,०००।- भन्दा बढी अर्थात् गहनाको रू.४२,५००।- मूल्य पर्ने वस्तुनिष्ठ आधार प्रमाण मिसिलबाट खुलेको नदेखिने ।

प्रतिवादी भुपाल स्याङ्तानले ज्यान मार्ने तथा चोरीको कसुरमा संलग्न रहेको नदेखिई प्रतिवादी निर्मला स्याङ्तान तामाङ एक्लैले मृतकको घरबाट मृतकलाई मारी रू.१६,०००।- बराबरको गहना चोरी गरी चोरीको ४ नं.विपरीतको कसुर गरेको देखियो । अत: प्रतिवादी निर्मला स्याङ्तान तमाङले चोरीको ४ नं. विपरीत बिगो रू.१६०००।- को गहना चोरी गरेको ठहराई सोही ऐनको दफा १४(२) नं. बमोजिम सजाय हुने ठहराएको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादी निर्मला तामाङले अदालतमा बयान गर्दा सुनको गहना प्रतिवादी सुनिल तामाङलाई आमाको गहना भनेको भन्ने देखिँदा मृतक ठूलीमायाको चोरीको गहना हो भनी प्रतिवादी निर्मला तामाङले यी प्रतिवादी सुनिल तामाङलाई खुलाएको भन्ने देखिएन । चोरी सामान हो भन्ने थाहा थिएन भनी आरोपित कसुरमा अदालतसमेतमा इन्कारी रही बयान गरेको देखिएको र मिसिल संलग्न प्रमाणहरूबाट चोरीको सामान जानीजानी लिएको राखेको समेत नदेखिँदा निज प्रतिवादीहरू सुनिल तामाङ र विनोद लामाले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको

सुरूको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी निर्मला स्याङ्तान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सोही नं. बमोजिम सजाय गर्नुपर्नेमा १३(३) बमोजिम सजाय गरेको हदसम्म सुरूको ललितपुर जिल्ला अदालतको मिति २०६५।६।६ को फैसला सो हदसम्म केही उल्टी गरी प्रतिवादी निर्मला स्याङ्तान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र अन्यमा सुरूको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७३ साल मङ्सिर १३ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-११२१, सवारी ज्यान, नेपाल सरकार वि. धनी चन्द

मौकाको सडक दुर्घटना प्रतिवेदन र स्केच एवम् रोकि राखेका ट्रकको चालक प्रेमबहादुर सिजाली (थापा) को कागजसमेतका वस्तुनिष्ठ आधार प्रमाणबाट यी प्रतिवादीले सामान्य रफतारमा होसियारीपूर्वक बस चलाउँदा चलाउँदै हुस्सु र कुइरो लागेको मौसमको परिस्थितिवश बस पिच सडकमै रोकिराखेको ट्रकमा ठोक्किन पुगी बसको क्यावीनमा बसी यात्रा गरेकी बालिका इसु पौडेल घाइते भई उपचार गर्दागर्दै निजको मृत्यु हुन पुगेको देखिन आयो । यसरी मृतकको मृत्यु सवारी दुर्घटनावश हुन गएको देखिएको हुँदा प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुरमा सोहीअनुसार सजाय गरेको पुनरावेदन अदालतसमेतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा मिलेको नै देखिन आउने ।

सवारी ठोक्किँदा सवारीभित्र बस्ने मानिस कस्तो पोजिसनमा थियो, एक्कासी दुर्घटना हुँदा बसभित्र रहेका कुन कुन भौतिक चीज समाउन पुग्यौं, तत्काल उसले उक्त दुर्घटनाबाट बच्ने उपायका लागि के गर्ने निधो गऱ्यौं जस्ता तत्काल यात्रुले गर्न पुगेका क्रियाकलापबाट घाइतेमा लाग्ने चोटपटक र हुने अंगभंगको किसिम निर्धारण हुने हुन्छ । दैवी विपत्ति, प्राकृतिक कारण र सामान्यरूपमा आफ्नै रूटमा गइरहँदा सीधा रेखामा अवरोध खडा भएको र हुस्सुका कारण सो देख्न नसकि ठोक्किन गई दुर्घटना भएको अवस्थामा प्रतिवादीको लापरवाही रहेको भनी भन्न मिल्ने नदेखिने ।

प्रतिवादीको कार्यमा लापरवाही नदेखिए पनि सन्ध्या पौडेल उक्त सवारी दुर्घटनाबाट असमान्य रूपमा घाइते हुन पुगिन् । साधन स्रोत सम्पन्न अस्पतालमा भएको उपचारबाट पनि उनको कम्मरको भाग पूर्ववत सामान्य अवस्थामा फर्कने स्थिति नरहेको, उक्त दुर्घटनाबाट छोरी गुमाउन गई उनमा पुग्न गएको अपूरणीय क्षति, निजलाई सम्बन्धित सवारीको धनीबाट भएको उपचार खर्चको सहयोग र सुविधा, घटना घटेपछि प्रतिवादी वा सवारीधनीले गरेको व्यवहार एवम् विमा रकम भुक्तानी सम्बन्धमा भएको कारबाहीसमेतका सवारी दुर्घटनासँग अन्तरसम्बन्धित आधारभूत कुराहरूको अध्ययन गरी न्यायकर्ताले प्रतिवादीलाई अंगभंगबापतमा सजाय गर्नु अनुचित नहुने ।

एउटै वारदातबाट दुई प्रकृतिका अपराध हुने यस्ता मुद्दामा विशेष ऐनको रूपमा प्रचलनमा रहेको सवारी तथा यातायात व्यवस्था ऐनको प्रयोग र पालना गर्दा घटनाबाट पीडितलाई पर्न गएको घा खतको अवस्थासमेतलाई विचार गरी निर्णय गरिएमा कानूनको मकसद पूरा भई न्यायको मार्गसमेत प्रसस्त हुन जान्छ । एउटै वारदातबाट उत्पन्न भएका सवारी ज्यान

र सवारी अंगभंगसमेतका दुई कसुरमा न्यायको रोहमा अंगभंगतर्फ सजाय हुने ठहर भएको आधारलाई नै ग्रहण गरी सवारी दुर्घटनावश भएको ज्यान अपराधमा सजाय गर्दा न्याय वस्तुनिष्ठ नभई प्राविधिक हुन जान्छ। यस्तो गरिएमा पक्षलाई मर्का पर्न जाने मात्र नभई फौजदारी न्यायको मर्मविपरीत हुन जाने।

तसर्थ, उल्लिखित कानून र तथ्यको विवेचनाबाट प्रतिवादी धनी चन्दलाई सवारी अंगभंग तर्फ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिम र सवारी दुर्घटना भई ज्यान मर्न गएतर्फ ऐ. ऐनको दफा १६१(३) बमोजिम सजाय हुने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६८।२।२५ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०३००, बहुविवाह, नेपाल सरकार वि. कृष्णबहादुर खड्कासमेत

समाजका भद्रभलाद्मीका रोहबरमा जाहेरवालीले अर्कै व्यक्तिसँग दोस्रो विवाह गरेको स्वीकार गरी कागज गरेको कार्य खण्डित हुने वस्तुनिष्ठ प्रमाण निजबाट पेस हुन नसकेको हुँदा अन्यथा भन्न मिल्ने अवस्था छैन। प्रतिवादीबाट पेस भएको धनमाल बुझाएको कागजमा भएको सहिछापलाई आफ्नो हो भनी जाहेरवालीले स्वीकार गरेको हुँदा प्रतिवादीहरूबीच विवाह हुँदा जाहेरवाली र प्रतिवादीमध्येको कृष्णबहादुर खड्काको पति पत्नीको सम्बन्ध यथावत् रहि रहेको भन्ने देखिन नआउने।

स्वयं जाहेरवाली पत्नीले दोस्रो विवाह गरेको भनी धनमालबापतको रकम पूर्व पतिलाई कागज गरी बुझाएको देखिएको छ । उक्त कागज अन्यथा हो भनी जाहेरवालीले बदर गर्नसकेको स्थिति पनि छैन । पत्नीले अर्को व्यक्तिसँग विवाह गरेमा त्यस्तो लोग्ने स्वास्नीको सम्बन्ध मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको २ नं.अनुसार स्वतः विच्छेद भएको मानिने हुँदा श्रीमतीको अस्तित्वमा नै नरहेकी जाहेरवालीलाई प्रतिवादीको यथावत् जेठी श्रीमती रहेको भनी मान्न सकिने अवस्था र आधार नै नदेखिँदा प्रतिवादीहरूलाई बहुविवाहको कसुरबाट सफाइ दिएको पुनरावेदन अदालत तुलसीपुरको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : कपिलमणी गौतम

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-१५२८, जबरजस्ती करणी, सुकमान स्याङ्तान वि. नेपाल सरकार

पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट योनिको कन्याजाली च्यातिएको र योनि वरपर घाउहरू रहेको भन्नेसमेत देखिएको छ। प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतमा समेत बयान गर्दा पीडित बहिनी टिष्टुङ (ख) लाई करणी गर्न मनलागी घरमा कोही नभएको मौकामा माथि चोटामा लगी योनिमा लिङ्ग प्रवेश गराउन खोजेको हो भनी बयान गरेको देखिन्छ। पीडितकी आमाले गरेको कागज तथा बकपत्र, जाहेरबालको बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीको साबिती बयान पुष्टि भइरहेको अवस्था देखिएकोले प्रतिवादी कालु भन्ने सुकमान स्याङ्तानले नाबालक वर्ष ४ की टिष्टुङ (ख) लाई जबरजस्ती करणी गरेको भन्ने कसुर सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीलाई कसुरदार कायम गर्ने

गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

अतः उल्लिखित जाहेरी दरखास्त, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, प्रतिवादीको बयान, बुझिएका व्यक्तिको कागज, बकपत्रसमेतका यावत् तथ्य प्रमाणको आधारमा प्रतिवादी कालु भन्ने सुकमान स्याङ्तानलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३ (१) नं. बमोजिम १२ वर्ष कैद गरी पीडितलाई रू. ४५,०००।– क्षतिपूर्तिसमेत दिलाउने भराउने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०६६७, निषेधाज्ञा, भीमबहादुर थापा वि. सडक विभाग व्यापारिक मार्ग विस्तार आयोजना, बुटवल रूपन्देहीसमेत

सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ को कानूनी व्यवस्था हेर्दा "सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा नेपाल सरकारले जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गर्न सक्नेछ" भन्ने व्यवस्था भएको देखिएकोले दफा ३ अनुसार सडक सीमा निर्धारण गर्नेसम्मको कार्य सरकारबाट गरिन सक्ने र त्यसरी सीमा कायम गरिएकोमा व्यक्तिगत जग्गा सो सीमाभित्र पर्न गएमा सोही ऐनको दफा ४ अनुसार जग्गा प्राप्त गर्नसक्ने देखिएकोले तोकिएको सडक सीमाभित्रको जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३४ समेतको प्रक्रिया अवलम्बन गर्नुपर्छ भन्ने नै उक्त कानूनी व्यवस्थाहरूको मनसाय रहेको देखिने।

व्यक्ति विशेषको जग्गा सडकमा पर्ने भयो भन्ने मात्र आधारले सार्वजनिक सडकको विस्तार र विकासको कार्यलाई रोक्नु पनि जायज हुने देखिँदैन भने न्यायोचित पनि होइन । सार्वजनिक हितको लागि राज्यले त्यस्तो सडक सीमाभित्र पर्ने जग्गा कानूनी प्रक्रिया पु¥याएर अधिग्रहण गर्नसक्ने नै हुन्छ । तर सम्बन्धित व्यक्तिलाई राज्यले उचित मुआब्जा / क्षतिपूर्ति दिनु पर्ने यथार्थतालाई पनि इन्कार गर्न नसकिने।

तसर्थ माथि विवेचित आधार र कारणहरूबाट निषेधाज्ञाको आदेश जारी नहुने तथा २०३४/३/२० भन्दा पहिले कानूनबमोजिम नक्सा पास गरी घर बनाएका निवेदकहरूको सम्बन्धमा निजहरूसँगसमेत समन्वय गरी आवश्यक व्यवस्था मिलाई सडक विस्तारको कार्यअघि बढाउनु भनी परमादेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-MS-०००१, अदालतको अवहेलनामा सजाय गरिपाउँ, महेन्द्रनाथ खनाल वि. सचिव अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

निवेदकले यस अदालतमा दर्ता भएका ०७१-WO-०२११, ०७१-WO-०२२५, ०७१-WO-०२२६ र ०७१-WO-०२३३ नं. का रिट निवेदनमा यस अदालतबाट मिति २०७१।६।२,

०७१।६।८ र ०७१।६।२३ मा नभएको अन्तरिम आदेश कार्यान्वयन नगरेको भनी दाबी लिए पनि सम्बन्धित रिट निवेदनका निवेदकहरूलाई अदालतको उक्त अन्तरिम आदेशअनुसार विश्वविद्यालयको ऐन नियमको अधीनमा रही विश्वविद्यालयमा हाजिर गराई निजहरूले नियमानुसार पाउने तलबभत्ता दिइएको अवस्था छ। निजहरू हालसम्म पनि विश्वविद्यालयमा नै कार्यरत रहीरहेको छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति ०७१।५।११ को च.नं. ६१ र ६४ का पत्रहरू कार्यान्वयन नगरी यथास्थितिमा राखिएको स्थिति छ । अदालत प्रति हामी उच्च सम्मान गर्छौं, अदालतबाट भएका आदेश निर्देशनको पालनालाई हामीले आफ्नो कर्तव्य ठानी रहेका छौं भनी विपक्षीहरूले लिखित जवाफमा उल्लेख गरेको देखिँदा विपक्षीहरूबाट अपहेलनाजन्य कसुर भयो भनी भन्न मिल्ने अवस्था नदेखिने।

रिट नं. ०७१-WO-०२११, ०७१-WO-०२२५ र ०७१-WO-०२२६, ०७१-WO-०२३३ का रिट निवेदनमा यस अदालतबाट भएका अन्तरिम आदेश कार्यान्वयन नभई निवेदकहरूलाई मर्का परेको भए उक्त आदेश कार्यान्वयन गराउन स्वयं निवेदकहरू नै अदालत आउन पर्नेमा सोअनुसार आएको नदेखिनुका साथै यी रिट निवेदकले समेत अपहेलना मुद्दा दर्ता गर्न सम्बन्धित पक्षहरूबाट कानूनबमोजिमको अख्तियारनामा प्राप्त गरेको नदेखिँदा विपक्षीहरूबाट अपहेलनाजन्य कार्य भयो भनी मान्न मनासिब नहुने।

अतः माथि विवेचित तथ्य र कारणका आधारमा प्रस्तुत मुद्दामा विपक्षीहरूबाट अपहेलनाजन्य कार्य भएको भन्ने देखिन नआएको हुँदा निवेदकको मागबमोजिम विपक्षीहरूलाई अदालतको अपहेलनामा सजाय गर्न मिलेन प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल साउन ३१ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०३९९, उत्प्रेषण / परमादेश, मधु गौतम वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत

शिक्षक सेवा आयोगले मिति २०७१।२।२२ मा सफल उम्मेदवारहरूको सूची सिफारिस गरेको र यी रिट निवेदक सोही सिफारिसमा वैकल्पिक सूचीमा परेको देखिन्छ । सोही सूचनामा मुख्य उम्मेदवारको रूपमा सिफारिस गरिएको उम्मेदवार कृष्णहरी शर्माको मृत्यु मिति २०७२।४।३० मा भएको भन्ने देखिएको हुँदा सिफारिस भएको मिति (२०७१।२।२२) ले १ वर्षको अवधि नाघिसकेपछि निजको मृत्यु भएको देखियो । सिफारिस भएको मुख्य उम्मेदवारको सिफारिस भएको १ वर्ष नाघिसकेपछि मिति २०७२।४।३० मा मृत्यु भई त्यस्तो पद रिक्त भएको अवस्थामा वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई सो पदमा नियुक्ति गर्न शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २५ को उपनियम ३ को व्यवस्थाअनुसार मिल्ने नदेखिने।

कानूनले नियुक्ति गर्न नमिल्ने अवस्थामा वैकल्पिक सूचीमा परेका उम्मेदवारलाई कानूनविपरीत नियुक्ति गरिएकोले त्यस्तो नियुक्तिको निर्णय कायम रहिरहन तथा त्यसबाट कसैको हक अधिकार सृजना हुनसमेत सक्ने अवस्था देखिँदैन । तसर्थ रिट निवेदकलाई नियुक्ति दिने सम्बन्धमा भएको गैरकानूनी निर्णय सच्याउने सम्बन्धमा विपक्षीहरूबाट भए गरेका काम कारबाही एवम् निर्णयहरूले रिट निवेदकको हक हनन भएको भनी भन्न मिल्ने अवस्था नदेखिने।

अतः शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २५(३) अनुसार मूल उम्मेदवार सिफारिस भएको १(एक) वर्षको हदम्यादभित्र वैकल्पिक उम्मेदवारको सूचीमा परेका निवेदकलाई नियुक्ति गरेको नभई सो हदम्याद नघाई कानूनविपरीत नियुक्ति गरेको देखिएकाले प्रस्तुत मुद्दामा निवेदकको

मागबमोजिम आदेश जारी गर्न मिल्ने देखिएन, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल साउन ३१ गते रोज ३ शुभम्।

**३**

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-RC-०००९, कर्तव्य ज्यान, नेपाल सरकार वि. धनबहादुर मोते दर्जी

प्रतिवादी आफूले गरेको आपराधिक कार्यका बारेमा मौकामा बयान गर्दा साबित रहेको, निजउपरको किटानी जाहेरी, जाहेरवालाको अदालतसमक्षको बयान, घटनास्थलमा उपस्थित रहेकी केतकुमारी पौडेलले अदालतसमक्ष गरेको बकपत्र, हत्या गर्न प्रयोग भएको भनिएको फलामे रड बरामद भइआएको, मृतकको शव परीक्षण प्रतिवेदनसमेतका आधार प्रमाणहरूबाट आफ्नो श्रीमती रणमाया मोते दर्जीलाई यी प्रतिवादी धनबहादुर मोते दर्जीले टाउकोमा फलामको रडले हिर्काई सोही चोटका कारण निज रणमाया मोते दर्जीको मृत्यु भएको भन्ने कुरा स्थापित हुन आएकोले निजका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुर ठहर गरेको हदसम्मको फैसला सम्बन्धमा थप विवेचना गरिरहन नपर्ने।

चिकित्सा विज्ञान (medical science) ले उसको शारीरिक र मानसिक परीक्षण गरेर सो कुराको निर्धारण गर्दछ। मानिसका के कस्ता लक्षण, शारीरिक, मानसिक अवस्थालाई मगज बिग्रेको वा बौलाएको मान्ने भन्ने कुराको शारीरिक, मानसिक जाँच एवम् प्रयोगशाला परीक्षणबाट चिकित्सा विज्ञानले तय गर्दछ भने विशेषज्ञको सो राय मिसिलसंलग्न कागज प्रमाणबाट पुष्टि हुन्छ वा हुँदैन भन्ने तार्किक निष्कर्ष न्यायाधीशहरूबाट हुने।

कुनै व्यक्ति कुनै काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम बुझ्नसक्ने हो वा होइन भनी परीक्षण गर्न घटना हुनुभन्दा अघिको अभियुक्तको मानसिक अवस्था, पूर्व आचरण र व्यवहार, असामान्य क्रियाकलाप आदिलाई मध्येनजर गर्नुपर्ने हुन्छ। त्यसैगरी सो काम वा घटना गर्दाको अवस्था, परिस्थिति, अभियुक्त र पीडित वा मृतकबीचको घटनाअघि वा तत्कालको सम्बन्ध, निजहरूबीच कुनै विषयमा वादविवाद, मनमुटाव भए नभएको, घटना वारदातको स्थान, समय र सो स्थानमा अन्य व्यक्तिहरूको उपस्थिति रहे नरहेको आदि विभिन्न विषयमा न्यायिक मनको प्रयोग गरी निष्कर्षमा पुग्नु पर्ने हुन्छ। रोगबारे निदान र उपचार गराएको भए सोको तथ्यपूर्ण आधार र प्रमाण तथा घटनापश्चात् निजको व्यवहार र आचरण, तत्सम्बन्धमा मानसिक रोग विशेषज्ञले निजको मानसिक अवस्थाबारे पर्याप्त जाँच र अनुसन्धान गरी दिएका तथ्यपूर्ण एवम् वैज्ञानिक कारणसहितको प्रतिवेदनसमेतलाई विचार गरिने भए पनि त्यस्तो प्रतिवेदनबाट निष्कर्ष निकाल्न कठिनाई उत्पन्न हुने भएमा न्यायिक परीक्षणबाट सोको निर्क्योल गर्नुपर्ने।

प्रतिवादी धनबहादुर मोते दर्जीले आफ्नो श्रीमती रणमाया मोते दर्जीलाई टाउकोमा फलामको रडले प्रहार गर्दा कुनै पूर्वयोजना वा तयारी नरहेको, मार्ने मनसाय पनि देखिन नआएको तथा निजहरूबीच उक्त घटनाभन्दा पूर्व कुनै रिसइवी, झैझगडा, वैमन्यस्यता नदेखिएको, तत्काल घटनास्थलमा पनि कुनै वादविवाद भएको भन्ने देखिन नआएको, फलामको रडले हिर्काइसकेपछि पनि प्रतिवादी घटनास्थलमै बसिरहेको समेतका आधार कारणहरूबाट आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मानसिक सन्तुलन गुमाएको अवस्थामा रहेको भन्ने कुरा पुष्टि हुन आउने।

Schizophrenia with seizure disorder with hypertension बाट पीडित रहेको प्रतिवादी धनबहादुर मोते दर्जीले आफ्नो श्रीमती रणमाया मोते

दर्जीलाई टाउकोमा फलामको रडले हिर्काई सोही चोटका कारण निज रणमाया मोते दर्जीको मृत्यु भएको भन्ने कुरा स्थापित हुन आएकोले निजका हकमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुर ठहर गरेको हदसम्मको पुनरावेदन अदालत इलामको फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादी धनबहादुर मोते दर्जीले उक्त वारदात घटाउँदा निजको मानसिक सन्तुलन उक्त वारदातको प्रकृति र परिणामको बारेमा थाहा नपाउने गरी बिग्रेको भन्ने कुरा पुष्टि हुन आएको हुँदा मुलुकी ऐन, दण्ड सजायको १ नं. को अवस्था देखिन आएकोले निजले कानूनबमोजिम आपराधिक दायित्व वहन गर्नु नपर्ने हुँदा निज प्रतिवादीलाई आपराधिक दायित्व वहन गराउने पुनरावेदन अदालत इलामको मिति २०७१।९।२३ को फैसलासँग सहमत हुन सकिएन । आपराधिक दायित्व वहन गर्नु नपर्ने झापा जिल्ला अदालतको मिति २०६९।१०।३ को फैसला सदर हुने हुँदा प्रतिवादी धनबहादुर मोते दर्जीलाई कैदबाट मुक्त गरिदिनु पर्ने ठहर्ने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१३२९ र ०७३-RC-००४४, कर्तव्य ज्यान, नेपाल सरकार वि. आलम शेष र नेपाल सरकार वि. हरिलाल यादवसमेत

घटनाका प्रत्यक्षदर्शी मृतककी श्रीमती जाहेरवालीले आफूले प्रतिवादीहरूलाई किटान गरी जाहेरी दिएको देखिन्छ। अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादी रामनाथ यादवले यी प्रतिवादीहरूलाई पोल गरी बयान गरेका, प्रतिवादी चुलबुल भन्ने हरिलाल यादवको मृतक विश्वनाथ यादवसँग मलको व्यापारसमेतको पूर्वरिसइवीसमेत रहेको देखिन्छ । प्रतिवादीहरू चुलबुल भन्ने हरिलाल यादव र असलम मुसलमानले अन्यत्र थिएँ भनी जिकिर लिएको र निजको साक्षीले पनि सोही कुरा बकेको देखिए पनि सो जिकिरलाई पुष्टि गर्ने कुनै लिखित एवम् विश्वसनीय प्रमाण निजहरूले पेस गर्नसकेको देखिँदैन। प्रतिवादी चुलबुल भन्ने हरिलाल यादवले अदालतमा बयान गर्दासमेत मृतक र निजको बीचमा पूर्वरिसइवी रहेको स्वीकार गरेका छन् भने घटनापश्चात् यी प्रतिवादीले मृतककी श्रीमतीलाई उजुरी दिन गएमा मारिदिने धम्कीसमेत दिएको अवस्था देखिएकोले किटानी जाहेरी ढिलो गरी दिएको कारणले मात्र प्रतिवादी चुलबुल भन्ने हरिलाल यादवलाई सफाइ दिन नमिल्ने।

घटनाकी प्रत्यक्षदर्शी मृतककी श्रीमतीले प्रतिवादी असलम मुसलमानले वारदात नघटाएको भए निजलाई किटान गरी जाहेरी दिनुपर्ने र सोही व्यहोराको बकपत्र गर्नुपर्ने कुनै कारण मिसिल संलग्न कुनै कागजबाट देखिएको छैन। यी प्रतिवादीले अन्यत्र थिएँ भनी जिकिर लिएको र सोलाई समर्थन गरी निजका साक्षीले बकपत्र गरेपनि कुनै लिखित एवम् विश्वसनीय सबुद प्रमाणबाट सो कुरा प्रमाणित हुन आएको देखिँदैन। यसका अतिरिक्त निजलाई सह-अभियुक्तले वारदातस्थलमा उपस्थित भई गोली हानेको भनी आरोपित कसुरमा पोलसमेत गरेको र निज आरोपित कसुर नगरेको भए निजलाई पोल गर्नुपर्ने कारण मिसिल संलग्न कागजबाट देखिन आएन। यसरी निजको अन्यत्र थिए भन्ने जिकिर विश्वसनीय सबुद प्रमाणबाट पुष्टि हुन नसकेको, सहअभियुक्तसमेतले निजलाई पोल गरेको र यी प्रतिवादीले आरोपित कसुर गरेको भनी प्रत्यक्षदर्शी जाहेरवालीले किटान गरिदिएको र सो किटान गर्नुपर्ने अन्य कुनै कारण मिसिलबाट नदेखिएको अवस्थामा यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न नमिल्ने।

कुनै व्यक्तिउपर आरोप लगाएपछि सो आरोप शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व आरोप लगाउनेको नै हुने भएकोले वादी पक्षबाट

त्यस्तो दायित्व पूरा भएको देखिएन । अर्कोतर्फ पक्राउ परीआएका आलम शेषले आफू आलमगिर मुसलमान नभएको आलम शेष हो भनी नागरिकताको प्रमाणपत्रसमेत पेस गरेको र निजलाई गाउँमा अर्को नामले बोलाउने गरेका छैनन् भनी निजको साक्षीको बकपत्रबाट समेत देखिएकोमा वादी पक्षको भनाईको भरमा मात्र आलमगिर मुसलमान र आलम शेष भन्ने व्यक्तिलाई एउटै व्यक्ति मानी अनुमानको भरमा सजाय गर्न फौजदारी न्यायको सर्वमान्य सिद्धान्तले समेत दिँदैन । शंकाको भरमा आलम शेषलाई आलमगिर मुसलमान मानी सजाय गर्न मनासिब नदेखिने।

अतः विवेचित आधार, कारण एवम् प्रमाणबाट कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी आलम शेषले आरोपित कसुरमा सफाइ पाउने र प्रतिवादीहरू चुलबुल भन्ने हरिलाल यादव र असलम मुसलमानको हकमा निजहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं.विपरीत १३(१) नं. को कसुरमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।१२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा
कम्प्युटरः रमेश आचार्य
इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-WO-०९९१, उत्प्रेषण, धनबहादुर खाती वि. पुनरावेदन अदालत पाटन, ललितपुरसमेत

कुनै पनि मुद्दामा भएको फैसलाको तपसिल खण्ड उक्त फैसलाको अभिन्न अङ्गको रूपमा नै रहने भएकोले फैसलाको ठहर खण्ड र तपसिल खण्ड बाझिएको अवस्थामा मात्र फैसलाको तपसिल खण्ड संशोधन हुन सक्ने।

निवेदनमा जिकिर लिइएको फैसलाको तपसिल खण्ड उक्त फैसलाको ठहर खण्डसँग बाझिएको नभई यी निवेदकको कुनै सम्बन्ध र सरोकार नै नभएको विपक्षी किरण थापाले दिएको मुद्दामा भएको फैसलाको तपसिल खण्ड संशोधन गरिपाउन निवेदन गरेको देखिन्छ । निज किरण थापाले आफ्नो बिगो संरक्षणको लागि आफ्नो मुद्दा चल्दा चल्दैको अवस्थामा कहिँकतैबाट रोक्का नरहेको विपक्षी धनकुमारी लिम्बुका नाउँमा रहेको नगद मौज्दात रकम मुद्दाकै रोहमा रोक्का गराई राखिएको देखियो । उक्त मुद्दाबाटै रोक्का राखिएको सो नगद मौज्दातबाट सोही मुद्दाका वादी निज किरण थापाले आफ्नो लेना रकम भराई पाउने ठहरेको फैसलाको अन्तरवस्तु यी निवेदकको निवेदनबाट संशोधन गरिने विषय बन्नसक्नेसमेत देखिएन । यी निवेदनको ऋणी र उक्त किरण थापाको ऋणी यीनै विपक्षी धनकुमारी लिम्बु एकै व्यक्ति भएको भन्ने आधारमा मात्र उक्त मुद्दामा भएको फैसलालाई निवेदकले आफ्नो अनुकूल संशोधन गराउन पाउने अधिकार यी निवेदकलाई कायम नरहेको हुँदा निजको निवेदनबाट उक्त फैसलाको तपसिल खण्ड संशोधन हुन नसक्ने भनी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७१।७।१४ मा भएको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१०।१५ मा भएको आदेशसमेत मिलेकै देखिन आउने।

आफूले भरी पाउने ठहरेको रकमका सम्बन्धमा आफ्नो लेना रकम पहिलाको लिखत भएको वा अदालतमा पहिला दर्ता भएको मुद्दा हो भन्ने आधारमा मात्र अन्य व्यक्तिले दिएको मुद्दामा भएको फैसलाको तपसिल खण्ड संशोधन हुनुपर्ने वा संशोधन नगरिंदा आफ्नो संवैधानिक वा कानूनी हकाधिकारमा आघात पुग्न गएको भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उपर्युक्तमाथि विवेचना गरिएका आधार एवम् कारणहरू समेतबाट प्रस्तुत रिट निवेदन मागबमोजिम ललितपुर जिल्ला अदालतबाट भएको मिति २०७१।३।३१को फैसलाको तपसिल खण्ड संशोधन गर्न नमिल्ने भनी ललितपुर जिल्ला अदालतबाट भएको मिति २०७१।७।१४ को आदेश र पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।१५ मा भएको आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षीहरूको नाउँमा परमादेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल जेठ ४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-०८४८, परमादेश, दिपेन्द्रकुमार यादव वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकसमेत

रिट निवेदकलाई मिति २०६५।८।२० मा सशस्त्र प्रहरी बलको सेवाबाट हटाउने गरी भएको निर्णयउपर निवेदकले मिति २०६६।२।२ मा "उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी आफूलाई पूर्ववत्‌रूपमा सेवामा हाजिर गराउन र यसबीचको सेवा अवधिसमेत जोडी सबै सुविधासमेत उपलब्ध गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी गरिपाउँ" भनी दिएको उक्त रिट नं. २०६५-WO-०८३१ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा "निवेदकलाई मिति २०६५।८।२० मा सशस्त्र प्रहरी बलको सेवाबाट हटाउने गरी भएको निर्णयलगायतका काम कारवाही कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ, निवेदकलाई पूर्ववत साबिक पदमा बहाल गरी कामकाजमा लगाउनु" भनी परमादेशको आदेश जारी हुने ठहरी यस अदालतबाट मिति २०६८।३।३० मा आदेश भएबमोजिम निज निवेदक आफ्नो सेवामा पूनः बहाल भई मिति २०६८।७।६ देखि हाजिर भई कार्यरत रहेको भन्ने नै देखिने।

निवेदकले आफूलाई पूर्ववत्‌रूपमा सेवामा हाजिर गराउन र उक्त अवधिको सेवासमेत जोडी सबै सुविधा उपलब्ध गराई पाउनका निमित्त यसअघि दायर गरेको उल्लिखित रिट निवेदनमा निजले सबै सुविधा उपलब्ध गराई पाउँ भन्ने मागका विषयमा आदेश भएको देखिँदैन। यसरी अघिल्लो रिट निवेदनमा माग गरेको विषयमा आदेश नभएको अवस्थामा पुनः प्रस्तुत रिट निवेदनबाट सोही विषयमा पुनः निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिन नआउने।

निवेदकलाई सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १२९ को उक्त प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको उपर्युक्तबमोजिमको कानूनी व्यवस्थाको आधारमा उक्त अवधिको सो सुविधा प्रदान नगर्दा निजको संवैधानिक वा कानूनी हकको हनन् हुन गएको छ भन्ने अर्थ गरी हेर्न मिल्नेसमेत नदेखिने।

अतः माथि विवेचना गरिएका आधार एवम् कारणहरू समेतबाट उक्त मिति २०६५।८।२० देखि निज निवेदकलाई पुनर्स्थापितको आदेशबमोजिम हाजिर भएको मिति २०६८।७।६ सम्मको तलब, भत्ता, रासन, वृद्धि भएको तलबसमेत हिसाब गरी एकमुष्ट दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (शाखा अधिकृत): सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-१०७०, मोही दर्ता नामसारी प्रमाण पत्र पाउँ, मञ्जुकुमारी सिंह वि. लक्ष्मी

सरदार बाँतर

भूमिसम्बन्धी ऐन, २०२१ र नियमावली, २०२१ ले मोहीयानी हक प्राप्त गर्ने आधार भनी उल्लेख गरेको १ नं. लगत, २ नं. अनुसूची र ४ नं. जोताहको अस्थायी निस्सा प्रमाणपत्रलाई नै महत्त्वपूर्ण मान्नुपर्ने हुन्छ । मोहियानी हकको दाबी गर्ने व्यक्तिले कम्तीमा पनि उक्त आधारहरू पुष्टि हुने प्रमाणहरू पेस गर्नुपर्ने देखिन्छ । भूमि सुधार कार्यालयमा पेस गरिने र सो कार्यालयबाट प्रमाणित हुने उक्त प्रमाण नै मोही निर्धारण हुने भरपर्दो आधार हुने ।

पुनरावेदक मञ्जुकुमारी सिंहको पिता गजेन्द्रप्रसाद सिंहको नामबाट सो कि.नं.२५ को जग्गा दर्ता हुन आएको कुनै प्रमाणबाट पुष्टि हुनसकेको छैन । गजेन्द्रप्रसाद सिंहको नामको जग्गामा मोही रहेको भनी गजेन्द्रप्रसाद सिंहले छोरी मञ्जुकुमारी सिंहको नाममा जग्गा लुकाएको भनी हदबन्दीसम्बन्धी कारबाही हुँदा कि.नं. २५ को जग्गा लुकाई छिपाई राखेको देखिएन भनी भूमि सुधार कार्यालय सप्तरीबाट फुकुवा गरी दिने भनी निर्णय गरेको देखिन्छ । भूमि सुधार कार्यालय सप्तरीले २०४१ सालमा नै कि.नं.२५ को जग्गा गजेन्द्रप्रसाद सिंहबाट आएको होइन भनी निर्णय गरिसकेको छ । गजेन्द्रप्रसाद सिंहको जग्गा जोतेको भनी वादीले प्रमाण पेस गरे पनि साबिक अर्कै व्यक्ति सिरजादेवीको लगतबाट पुनरावेदक मञ्जुकुमारी सिंहको नाममा कि.नं.२५ को जग्गा दर्ता हुन आएको प्रमाणबाट देखियो । मिसिल संलग्न प्रमाणहरूबाट कि.नं. २५ को जग्गा बिगाहा १-१-९ जग्गाको मोही विपक्षी वादीको पिता रहे भएको प्रमाणबाट पुष्टि हुन नसक्ने ।

अतः उपर्युक्त विवेचित, आधार र प्रमाणहरूबाट वादी दाबीबमोजिम मोही नामसारी भई मोही प्रमाणपत्रसमेत पाउने ठहर्‍याएको सुरू भूमि सुधार कार्यालय सप्तरीको मिति २०६२।०८।३० को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत राजविराजको मिति २०६६।०३।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई सप्तरी जिल्ला, पिप्रा पूर्व गा.वि. स. वडा नं.४ को कि.नं.२५ को ज.वि. १-१-९ क्षेत्रफल भएको जग्गामा मोही नामसारी गरी मोही प्रमाणपत्र पाउँ भन्ने प्रत्यर्थी वादीको दाबी नपुग्ने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल आश्विन ७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CI-१०२०, निर्णय दर्ता बदर दर्ता, भूमिसुधार तथा व्यवस्था मन्त्रालय वि. धनबहादुर कार्की

दाबीको कि.नं. ९७ को जग्गा विपक्षी वादीहरूको पिता पुर्खाको हक भोग स्वामित्वको देखिन आएको र सर्भे नापीमा सो जग्गा पर्ती जनिएको सुरू मिसिल संलग्न फिल्डबुकको प्रतिलिपिबाट देखिन आएको र उक्त जग्गा मालपोत कार्यालयको मिति २०४४।८।२९ को निर्णयले तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भएको भन्ने मालपोत कार्यालय डिल्लीबजार काठमाडौंको मिति २०६४।४।३ को निर्णयबाट देखिन्छ । मालपोत कार्यालयको निर्णयमा फिल्डबुकमा पर्ती जनिएकोबाहेक उक्त जग्गा श्री ५ को सरकारको नाममा दर्ता हुनुपर्ने अन्य कुनै कारण खुलेको भन्ने देखिँदैन र पुनरावेदक प्रतिवादीहरूको प्रतिउत्तर जिकिरबाट समेत त्यस्तो खुल्न आएको देखिँदैन । व्यक्ति विशेषको जग्गा सर्भे नापीमा पर्ती लेखिएको मात्र आधारमा जग्गाको भोग स्वामित्ववालाहरूलाई नबुझी उक्त निर्णय भएको भन्ने विपक्षी वादीहरूको भनाई रहेकोमा सो कुरालाई प्रतिवादीले अन्यथा भनेको नपाइएबाट विपक्षी वादीहरूको भनाईलाई सत्य सही नै रहेको मान्नुपर्ने देखिन आउने ।

दाबीको कि.नं. ९७ को जग्गा विपक्षी वादीहरूको हक भोगको जग्गा रहेको भन्ने पारित

राजीनामाहरू, भोग, नक्सा मुचुल्कासमेतले पुष्टि भइरहेको देखिँदा सर्भे नापीमा पर्ती लेखिएको भए पनि दाबीको जग्गा विपक्षी वादीहरूको नाममा दर्ता गर्न मिल्ने नै देखिन आएकोले प्रतिवादी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

उपरोक्त विवेचित आधार कारणहरूबाट व्यक्ति विशेषको हक भोगको जग्गा सर्भे नापीमा पर्ती जनिएको आधारमा मात्र सो जग्गा भोग गर्ने हक स्वामित्ववालालाई बुझ्दै नबुझी मालपोत कार्यालय काठमाडौंले एकतर्फीरूपमा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता गर्ने गरेको मिति २०४४।८।२९ को निर्णय प्रचलित कानून र प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई बदरभागी देखिन आएकोले वादी दाबीको कि.नं. ९७ को जग्गा तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारको नाममा दर्ता गर्ने गरेको मालपोत कार्यालय काठमाडौंको मिति २०४४।८।२९ को एकतर्फि निर्णय र सो निर्णयका आधारमा नेपाल सरकारको नाममा कायम भएको मोठ स्रेस्तासमेत बदर गरी वादीहरूको नाममा संयुक्त दर्ता हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-०८५३ र ०७१-CR-१२६९, कर्तव्य ज्यान, सिद्धराज थापा वि. नेपाल सरकार र नेपाल सरकार वि. सिद्धराज थापा

प्रतिवादीले अनुसन्धान तथा अदालतसमक्षको बयानमा आफूले कुटेको होइन भनी कुटपिट गरेको कुरामा इन्कार रही बयान गरे तापनि निजले आफूले गरेको सोही बयानमा गाउँका स्थानीय भद्र भलाद्मीको रोहबरमा भएको सहमतिअनुसार निज वीरबहादुर थापालाई थप उपचारार्थ धनगढी पठाएको हो, उपचारार्थ लैजाँदै गर्दा बाटोमा निजको मृत्यु भएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ । घाइते वीरबहादुर थापाको सम्पूर्ण औषधी उपचार गर्ने छु, मेरो हातबाट गल्ती भएको कुरा म स्वयम् स्वीकार गर्दछु, मेरो हातबाट अब आइन्दा यस्ता किसिमको गल्ती हुने गराउने छैन भनी प्रहरी चौकी छान्नामा मृतकको छोरा निरन्जन थापासँग मिति २०७०।१२।७ मा मिलापत्रसमेत गरेको देखिन्छ। प्रतिवादीको अदालतसमक्षको उक्त बयान र मिलापत्रको व्यहोराले नै प्रतिवादीले मृतकलाई कुटपिट गरेको कुराको पुष्टि हुन आउने।

प्रतिवादी र मृतकबीच पूर्वरिसइबी रहेको वा मृतकलाई जोखिमी हतियारले प्रहार गरी जानीजानी मनसायपूर्वक कर्तव्य गरी मारेको अवस्था देखिँदैन । मृतकले निजको छोरालाई चिट चोर्न सघाउन नगएको भनी दुवै पक्षबीच झगडा हुँदा यी प्रतिवादीलाई उसै मौकामा रिस उठी मृतकलाई प्रहार गर्दा मृतकको टाउको, शरीरका विभिन्न भाग तथा अण्डकोषमा चोट लागी निजको मृत्यु भएको अवस्था देखिन आएकाले प्रस्तुत वारदातमा ज्यानसम्बन्धीको महलको १३ (३) नं. आकर्षित हुने नभई सोही महलको १४ नं. मा वर्णित आवेशप्रेरित हत्याअन्तर्गतको देखिन आएकाले सोहीअनुसार निज प्रतिवादीलाई १० वर्ष कैद गर्ने गरी भएको बझाङ जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत दिपायलको फैसला अन्यथा हुनसक्ने नदेखिने।

तसर्थ प्रस्तुत मुद्दामा प्रतिवादी सिद्धराज थापाको मृतकसँग पूर्वरिसइबी रहेको भन्ने कुरा नदेखिएको, वारदातको रूप हेर्दा मृतकलाई प्रहार

गर्दा चोट लागी सोही कारणबाट मृतकको मृत्यु भएको देखिँदा उक्त कार्य आवेशप्रेरित मात्र भएको देखिनाले प्रतिवादी सिद्धराज थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको बझाङ जिल्ला अदालतबाट मिति २०७१।७।२० मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।९।२८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७३ साल चैत ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-०६३९, सवारी ज्यान, मोदक पराजुली वि. नेपाल सरकार

प्रतिवादीले आफ्नै साइडबाट ट्रक चलाएर गइरहेको अवस्थामा विपरीत दिशाबाट मृतकहरू साइकलमा चढी आइरहेको देखी हर्न पनि बजाएको देखिएको, घटनास्थलमा उपस्थित कुनै पनि चश्मदिदले ट्रकको बत्ती बलेको थिएन भन्ने दाबी नलिई सुनिजान्नेले मात्र त्यस्तो दाबी लिएकोबाट त्यसलाई विश्वसनीय प्रमाण मान्न नसकिने हुँदा ट्रकको बायाँ साईडको बत्तीसमेत दुर्घटना हुँदा फुटेको देखिएको अवस्थामा निज प्रतिवादीले एउटा मात्र बत्ती बाली लापरवाहीपूर्वक ट्रक चलाएको भनी मान्न नमिल्ने।

प्रतिवादीले आफ्नो साईडबाट ट्रक चलाएको मृतकहरू चढेको साइकल देखेपछि हर्न पनि बजाएको देखिएको मादक पदार्थ सेवन गरेको प्रमाणित हुन नसकेको अवस्थामा समेत निजले लापरवाहीपूर्वक सवारी साधन चलाएको भनी प्रतिवादीउपर लगाइएको आरोप प्रमाणित हुन आएको नदेखिने।

प्रतिवादीले सवारी चलाउँदा अपनाउनु पर्ने सतर्कता अपनाएको देखिन्छ । प्रतिवादीले सवारी चलाएको प्रकृति हेर्दा त्यसबाट कसैको ज्यान मर्नसक्छ भन्ने जस्तो अवस्था नदेखिएको मृतकहरूकै गल्तीले दुर्घटना हुन गएको हुँदा प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुर गरेको देखिन आएकोले सोही नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐजन ऐनको दफा १६१(२) को कसुरमा सोही दफाबमोजिम सजाय गर्ने गरेको जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला कायम रहन सक्ने नदेखिने।

तसर्थ उल्लिखित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादीले लापरवाहीपूर्वक ट्रक चलाई दुर्घटना गराएको नदेखिई मृतकहरू अमृत दाहाल र धनबहादुर थापाको गल्तीले दुर्घटना भई दुवै जनाको मृत्यु भएको देखिन आएकोले प्रतिवादीको उक्त कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) मा वर्णित कसुर भएको हुँदा ऐजन ऐनको दफा १६१(२) को कसुरमा सोही दफाबमोजिम प्रतिवादीलाई ३ वर्ष ६ महिना कैद सजाय हुने ठहऱ्याएको उदयपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६८।३।१३ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी मोदक पराजुलीलाई यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुरमा सोही दफाबमोजिम ६ महिना कैद हुने।

इजलास अधिकृत: रामु शर्मा
कम्प्युटर: बासुदेव गिरी
इति संवत् २०७३ साल कार्तिक १ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७१-CI-०००२, जग्गा खिचोला मेटाई घर टहरा भत्काई चलन, डिल्लीप्रसाद धिमाल वि. राजु ठाडामगरसमेत

मिसिल संलग्न रहेको ट्रेस नक्सा हेर्दा प्रतिवादी डिल्लीप्रसाद धितालको नाम दर्ताको कि.नं.

२८०२ को उत्तरपट्टि वादीहरूको कि.नं. १९६२ को तर्फको रेखा सिधा रहेको देखिन्छ। तर अदालतबाट भई आएको नक्सा मुचुल्कामा नं. ४ र ५ मा जस्ता पाताको कच्ची घर रहे भएको देखिन्छ। उक्त न.नं. ४ र ५ मध्ये नं. ५ सम्मको घर प्रतिवादी डिल्लीप्रसाद धितालको नाम दर्ताको कि.नं. २८०२ मा रहेको देखिन्छ भने न.नं. ४ मा देखिएको सोही घरको अंश वादीहरूको संयुक्त नाममा दर्तामा रहेको कि.नं. १९६२ जग्गामा रहेको मिसिल संलग्न अदालतबाट भई आएको नक्सा मुचुल्काको आकृति प्रकृतिबाट देखिन्छ। अदालतबाट भई आएको उक्त नक्सा मुचुल्काको कैफियतमा पनि सोही न.नं. ४ लाई मात्र विवाद देखाइएकाले त्यसलाई मात्र विवादित जग्गा मान्नुपर्ने देखियो। न.नं. ५ कि.नं. २८०२ भित्रको जग्गा रहेको मान्नु पर्ने देखिने।

वादीहरूको कि.नं. ११६२ को दर्ता स्रेस्तामा ०-१-१० जग्गा देखिएकोमा अदालतबाट भई आएको नक्सा मुचुल्काबाट सो कि.नं. जनिएको नक्सा नं. ३ मा कि.नं. ११६२ को क्षेत्रफल ०-१-७१/२ मात्र रहेको देखिन्छ। नक्सा मुचुल्काको कैफियत व्यहोरासमेतबाट विवाद जनिएको न.नं. ४ को उत्तरतर्फ २६ मि., पूर्वतर्फ ३.२० मि. दक्षिणतर्फ २६ भएको जग्गा र सोमा प्रतिवादीले बनाएको जस्ताको पाताले छाएको इँट्टाको गारो र काठले बनेको घर मिसिल संलग्न ट्रेस नक्सा र अदालतबाट भई आएको नक्सा मुचुल्काबाट वादीको नाम दर्तामा रहेको कि.नं.११६२ भित्रको जग्गामा रहेकोले देखिएकोले न.नं. ४ सम्मलाई खिचोला ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट मकवानपुर जिल्ला अदालतबाट न.नं. ५ को जग्गा घर प्रतिवादीको कि.नं. २८०२ भित्रको घरजग्गा देखिँदा सोसमेत खिचोला ठहऱ्याई गरेको फैसला केही उल्टी गरी न.नं. ४ मा रहेको उत्तरतर्फ २६ मिटर, पूर्वतर्फ ३.२० मिटर, दक्षिणतर्फ २६ मिटर जग्गा वादीको कि.नं. ११६२ भित्रको देखिई सो जग्गामा प्रतिवादीले घर टहरा बनाई खिचोला गरेकोले वादी दाबीअनुसार खिचोला मेटाई न.नं. ४ मा मा रहेको घर भत्काई वादीले चलन चलाई पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।१०।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०९१०, छुट जग्गा दर्ता नामसारी, जगदीशचन्द्र श्रेष्ठसमेत वि. वत्सलादेवी श्रेष्ठ

छुट जग्गा दर्ता गरिपाउँ भनी परेको निवेदनमा दर्ता सम्बन्धमा आपत्ति गरी विवाद उठाएको तेरो मेरोको विवाद परेपछि दुवै पक्षलाई सम्बन्धित अदालतमा गई हक कायम गराई ल्याउनु भनी निर्णय सुनाउनु पर्ने अवस्था देखिन्छ। तर मालपोत कार्यालयले दुवै पक्षको नाताप्रमाणको प्रमाणपत्र राखी हकदाबी गरेको आधारमा आधाआधा गरी भाग छुट्याई दर्ता गरिदिएको देखियो। विवादित सम्पत्तिमा वादी पक्षको एकलौटी दाबी रहेको देखिएको छ भने प्रतिवादीहरूले आधासम्मको जग्गामा आफ्नो हक रहेको भनी जिकिर लिएको देखिन्छ । यसरी दुवैपक्षको दाबी रहेको अवस्थामा कसको दाबी पुग्ने कसको नपुग्ने वा के हुने भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन्छ। त्यस्तो प्रमाण बुझी निर्णय गर्ने अधिकार कानूनले मालपोत कार्यालयलाई नदिएको अवस्थामा मालपोत कार्यालयले गरेको मिति २०६४।२।२७ को निर्णय क्षेत्राधिकारबिहिन रहेको देखिएकोले कायम रहन नसक्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट मालपोत कार्यालय, काठमाडौंको मिति २०६४।२।२७ को निर्णय अधिकारक्षेत्रात्मक त्रुटि गरी भएको देखिँदा

बदर हुने ठहऱ्याई उक्त जग्गाको सम्बन्धमा हक कायमको लागि सम्बन्धित जिल्ला अदालतमा फिराद गर्न जानुहोला भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।५।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-WO-०१६१, उत्प्रेषण, वीरेन्द्रकुमार हलुवाईसमेत वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत

मिति २०५९।७।१२ मा भएको अंश मुद्दाको फैसला अन्तिम भई फैसलाबमोजिम मिति २०६२।१।७ मा बन्डा मुचुल्का गरी चलन पुर्जीसमेत पाइसकेको जग्गालाई रिट निवेदक प्रतिवादीहरूले चलन नछाडेकोले पुन: चलन चलाई पाउनको लागि अंश मुद्दाका फिरादी धनिराम हलुवाईलाई पुन चलन चलाई दिन माग गरेबमोजिम चलन नछाड्ने रिट निवेदक प्रतिवादीहरूलाई जनही रू.१००।- एक सय जरिवाना गर्ने ठहर गरेको मिति २०७०।६।११ को बाँके जिल्ला अदालतको आदेशलाई पुनरावेदन अदालत नेपालगञ्जले मिति २०७१।५।५ मा सदर गर्ने ठहर गरेको आदेश कानूनसम्मत देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुन सक्दैन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : तेजबहादुर खड्का

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल पुस ७ गते रोज ५ शुभम।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-१३९८ र ०७१-CR-१६१३, अप्राकृतिक मैथुन, नरे खत्री वि. नेपाल सरकार र नेपाल सरकार वि. नरे खत्री

प्रतिवादी आरोपित कसुरमा इन्कार रहे पनि निज स्वयंले वारदातको दिन र समयमा पीडित निजको घरमा रहेको एवम् निजले पीडितलाई बेलौती र बिस्कुट खान दिएको भन्ने कुरा अदालतसमक्षको बयानमा उल्लेख गराएको देखिन्छ। आरोपित व्यक्तिले आफूउपर लागेको आरोपलाई इन्कार गरी बयान गर्नुलाई अन्यथा मान्न नसकिने।

प्रतिवादीले पीडितसँग गरेको क्रियाकलापको बारेमा पीडितले विस्तारपूर्वक अदालतमा लेखाई दिएको एवम् पीडितको उक्त व्यहोरा जाहेरवालाको बकपत्रबाट समेत समर्थन भइरहेको अवस्थामा यी प्रतिवादीले आरोपित कसुर गरेका होइनन् भनी मान्न मिलेन। पीडितको परिवारसँग साँध सम्बन्धमा झगडा भएको कारणले आरोप लगाएको भनी प्रतिवादीको अदालतसमक्षको बयान एवम् निजको साक्षीको बकपत्र अन्य कुनै विश्वसनीय सबुद प्रमाणबाट पुष्टि हुन आएको नदेखिएकोले प्रतिवादी नरे खत्रीले आरोपित कसुर गरेको तथ्य प्रमाणित हुन आउने।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको शरीरमा कुनै घाउचोट निलडाम नभएको, निजको योनि झिल्ली (Hymen) नच्यातिएको र निजको योनि वरिपरी कुनै घाउ चोट नभएको भन्ने उल्लेख भएको देखिन्छ। उक्त प्रतिवेदनले मुख मैथुन गरेको वा गुदद्वार मैथुन गरेको जस्तो कुनै संकेत वा घाउचोटसमेत देखिएको छैन । यस्तो अवस्थामा प्रतिवादीले अप्राकृतिक मैथुन गरेको भनी मान्न मिल्ने देखिँदैन । तर प्रतिवादीले पीडितको कट्टु खोली योनि खेलाएकोलगायतका कार्य जबरजस्ती

करणी गर्ने उद्देश्यले गरेको देखिएकोले निजको सो कार्य जबरजस्ती करणीको उद्योग सम्म रहेको देखिन्छ । आरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भनी प्रतिवादीको पुनरावेदन जिकिर एवम् अभियोग माग दाबीबमोजिम अप्राकृतिक मैथुनको वारदात कायम गरी सोहीअनुसार सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी नरे खत्रीलाई जबरजस्ती करणीको महलको ९क नं. बमोजिम तीन वर्ष कैद गर्ने गरी भएको रूकुम जिल्ला अदालतको फैसला उल्टी गरी निज प्रतिवादीले जबरजस्ती करणीको महलको ३(१) नं.को कसुरको उद्योग गरेकोले ऐ. महलको ५ नं. बमोजिम निज प्रतिवादी नरे खत्रीलाई ५ वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।८।९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा
कम्प्युटर: बासुदेव गिरी
इति संवत् २०७३ साल मङ्सिर ८ गते रोज ४ शुभम् ।

### ३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-RC-०१८१, कर्तव्य ज्यान, नेपाल सरकार वि. बद्रीनारायण साहसमेत

प्रतिवादी ललित भन्ने छोटुकुमार यादवले आरोपित कसुरमा अदालतमा इन्कार रहेपनि अनुसन्धानको क्रममा आरोपित कसुर स्वीकार गरी गरेको बयान, घटना विवरण कागज गर्ने शैलकुमारी यादवसमेतको कागज व्यहोरा एवम् अदालतसमक्ष भएको बकपत्रबाट तथा जाहेरवालाको जाहेरी एवम् अदालतको बकपत्रबाट समर्थित भएको देखिन्छ । यसरी यी प्रतिवादीसमेत मृतक सन्तोषकुमार यादवसँग चौरीतर्फ वारदात मितिको दिन बेलुका गएको र भोलिपल्ट सन्तोषकुमार यादवको मृत अवस्थामा लास फेला परेको देखिएको छ । यी प्रतिवादीहरू समेतलाई किटान गरी सह-अभियुक्त श्रवण कुसैत यादवले अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ । यी प्रतिवादी ललित भन्ने छोटुकुमार यादवले प्रतिवादी बद्रीले सन्तोषको भेष्ट निकाली घाँटीमा कसेको मैले खुट्टा समातेको भनी बयान गरेको र निजको सो बयान व्यहोरा मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएकोले सन्तोषकुमार यादवको मृत्यु प्रतिवादीहरू ललित भन्ने छोटुकुमार मसैता यादव, बद्री नारायण साहसमेतको कर्तव्यबाट भएको पुष्टि हुन आउने ।

प्रतिवादी बद्रीनारायण साहले सन्तोष कुमार यादवको भेष्ट निकाली त्यसबाट घाँटी कसेको कारण निजको मृत्यु भएको देखिएको छ । यी प्रतिवादीलाई सघाउनका लागि प्रतिवादी ललित भन्ने छोटुकुमार मसैता यादवले मृतकको खुट्टा समातेको देखिएको अवस्थामा प्रतिवादी बद्रीनारायण साहको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको र प्रतिवादी ललित भन्ने छोटुकुमार मसैता यादवको कार्य ऐजन १३(४) नं. बमोजिमको कसुर रहेकोले निजहरूलाई सोहिबमोजिम सजाय हुने देखिन्छ । प्रतिवादी बद्रीनारायण साह अनुसन्धानको क्रममा फरार रही अदालतबाट जारी भएको म्यादमा उपस्थित भई बयान गर्दा अन्यत्र थिए भनी जिकिर लिएको देखिए पनि सो जिकिर प्रमाणित गर्न कुनै लिखित प्रमाण पेस गर्नसकेको देखिँदैन । यी प्रतिवादीलाई समेत किटान गरी सहअभियुक्तले अनुसन्धानको क्रममा गरेको बयान घटना विवरण कागज गर्ने मानिसहरूको व्यहोरा एवम् निजहरूको बकपत्र, जाहेरवालाको बकपत्रबाट समर्थित भएको छ । प्रस्तुत घटनाको प्रत्यक्षदर्शी प्रतिवादी ललित भन्ने छोटु मसैता यादवको अनुसन्धानको क्रममा भएको बयान व्यहोरासमेतबाट यी प्रतिवादीले सन्तोष कुमार यादवको घाँटीमा निज मृतकले लगाएको भेष्टले कसी मारेको प्रमाणित भएको अवस्थामा निजलाई

निर्दोष मान्न मिलेन । यी प्रतिवादीहरू मिली एक जना मानिसलाई कुटपिट गरी कोहीले घाँटीमा भेष्टले कस्ने कोहीले चल्न नदिई खुट्टा समात्ने गरेको देखिन्छ । यसका साथै मृतकसँग पहिला देखि नै रिसइवी राखी सोको बदला लिने उद्देश्यका साथ प्रस्तुत वारदात यी प्रतिवादीहरू समेत मिली घटाएको देखिएकोले निजहरूलाई पुनरावेदन अदालतबाट भएको सजायलाई अन्यथा मान्न नमिल्ने ।

अतः माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट श्रवण कुसैयत यादव, बद्रीनारायण साह र ललित भन्ने छोटुकुमार यादवलाई सफाइ दिने गरी भएको सप्तरी जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी बद्रीनारायण यादवलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी ललित भन्ने छोटुकुमार मसैता यादवलाई सोही १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।२।१६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । अर्का प्रतिवादी दुर्गाप्रसाद गुप्ताको हकमा सप्तरी जिल्ला अदालतबाट मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी मिति २०७१।१२।८ मा भएको फैसलाअनुसार उच्च अदालत तहबाट सुनुवाइ भएको नदेखिएकोले प्रस्तुत मुद्दाको साधकको लगत कट्टा गरी मिसिल नियमानुसार सम्बन्धित अदालतमा पठाइदिने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल मङ्सिर १० गते रोज ६ शुभम् ।

**४**

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-१६०२, दूषित शेषपछिको बकसपत्र बदर, कान्छा अवालेसमेत वि. बैकुण्ठ अवालेसमेत

वादीहरूको अंश भागमा पर्न आउने निजहरूको अंश हकको सम्पत्ति बाबुआमाले नातिहरूलाई बकस गरी दिएको भन्ने देखिन आउँदैन । मुलुकी ऐन, अंशबन्डाको १९(३) नं. ले आफूखुसी गर्न पाउनेमा स्वास्नी, छोरा, अविवाहित छोरी र विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुसी गरेको सदर हुन्छ भन्ने साथै ऐ. १९(४) नं. ले आफ्नो हकको अंश जति भने आफूखुसी गर्न पाउँछ भन्नेसमेत कानूनी व्यवस्थाबाट पनि यी वादीहरूका आमा बुबाले आफ्नो जीवनकालमा आफूहरूलाई स्याहार सुसार, हेरविचार गरी रिझाएबापत आ-आफ्नो अंश हकको सम्पत्ति नातिहरूलाई अष्टलोह शेषपछिको बकसपत्र गरी दिएको विषयलाई दूषित भन्न मिल्ने नदेखिने ।

अंशियारहरू सगोलमा नै रहेको अवस्था सगोलको सम्पत्तिमध्ये कुन अंशियारको कति हक रहेको भन्ने यकिन भई नसकेको अवस्थामा कति सम्पत्ति हो भनी किटान गर्न सकिने अवस्था नहुँदा आफ्नो अंश भागमा पर्न जाने हकलाई आफ्नो शेषपछि खान पाउने गरी इच्छाएको व्यक्तिलाई बकसपत्रलगायतका लिखत गरी दिन पाउने नै हुन्छ । तत्काल प्रचलित कानूनबमोजिम आफ्नो अंश हकको सम्पत्ति शेषपछिको बकसपत्रको लिखत गरी दिएको अवस्थामा लिखतलाई अन्यथा प्रमाणित नगरेसम्म लिखतको कानूनी अस्तित्व यथावत् रहेको मान्नु पर्ने हुन्छ । त्यस्तो कानूनी मान्यता प्राप्त शेषपछिको बकसपत्रको लिखत बकसपत्र दाताको मृत्युपछि स्वतः क्रियाशिल हुने हुँदा बकसपत्र दाताको अंश हकको सम्पत्ति बकस पाउनेमा स्वत: जाने नै हुने ।

पुनरावेदक वादीहरूका बाबु आमाले निजहरू जीवित छदैँ आफूहरूको स्याहार सुसार, हेरविचार गरी रिझाएबापत आफ्नो अंश हकमा पर्ने श्रीसम्पत्ति नातिहरू प्रतिवादी विजय अवाले र नरेन्द्र

अवालेलाई गरी दिएको मिति २०६७।११।२६ को अष्टलोह शेषपछिको बकसपत्रको लिखत बदर हुनुपर्ने भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिने।

तसर्थ, वादीहरूका बाबु बाबुकाजी र पुनमाया जीवित हुदैँ मिति २०६७।११।२६ मा आफ्नो जो भएको चल अचल श्रीसम्पत्ति अप्टलोह गैह्र सहोदर नातिहरू नरेन्द्र अवाले र विजय अवालेलाई शेषपछिको बकसपत्र गरी दिएकोमा आफ्नो हक जति आफूखुश गर्न पाउने सम्पत्ति दिन पाउने नै हुँदा अष्टलोह शेषपछिको बकसपत्रको लिखत बदर हुने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७३ साल कात्तिक ३ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CI-१६०१, अंश चलन, *कान्छा अवाले समेत वि. बैकुण्ठ अवालेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-०७८४, अंशचलन, सुनमाया तामाङ वि. सिरता तामाङसमेत

नाबालकको ठूलो बुबा संरक्षक बनी दायर गरेको फिरादबाट कानूनत: नाबालकहरूले पाएको अंशलाई निजहरूको संरक्षकत्वको विषयलाई लिएर अंश जस्तो नैसर्गिक हकाधिकार नै बदर गरी नाबालकहरूको नाउँमा रहे भएको सम्पत्तिलाई पुन: एकासगोलमा राख्नु पर्ने भनी गरिएको जिकिरलाई नाबालकहरूको हित अनुकूल नै रहेको छ भनी अर्थ गर्न मिल्ने देखिएन। वादीहरूको उमेर नपुगेसम्म संरक्षकले कुनै पनि व्यहोराले खर्च गर्न वा हक हस्तान्तरणसमेत गर्न नपाउने गरी अदालतले नाबालकहरूलाई अंश दिलाई दिएको अवस्था हुँदा नाबालकहरूको अंशबापतको सम्पत्ति सुरक्षित राखी निजहरूको पालन पोषण रेखदेख हेरचाह गर्न यी पुनरावेदिका प्रतिवादीलाई कुनै बाधा रहेको नदेखिँदा विवादरहित अंशियारहरूले कानूनबमोजिम अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, वादीहरूले आफ्ना पितातर्फको सम्पत्तिबाट ४ भागमध्ये ३ भाग अंश पाउने भई निजहरू साबालक नभएसम्म संरक्षकले कुनै व्यहोराले खर्च वा हक हस्तान्तरण गर्न नपाउने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल कार्तिक ३ गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CR-०१३७, कर्तव्य ज्यान / जबरजस्ती करणी, मदन नारायण श्रेष्ठ वि. नेपाल सरकारसमेत

प्रतिवादी मदननारायण श्रेष्ठले अनुसन्धानको क्रममा अख्तियार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई स्वइच्छाबाट भएको नभई शारीरिक तथा मानसिक दबाबमा पारी चरम यातना दिई साबिती हुन लगाएको देखिनुका साथै उक्त साबितीलाई अन्य कुनै पनि प्रमाणहरूबाट समेत समर्थन गरी रहेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा उक्त साबितीलाई

प्रमाणको मूल्याङ्कनको रोहमा प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

सुनिजान्ने प्रमाणलाई अन्य प्रमाणहरूले शंकारहित तवरले समर्थित नगरेसम्म त्यसलाई प्रमाणको मूल्याङ्गनको रोहमा गौण प्रमाणको रूपमा मात्र लिनुपर्ने हुन्छ । जाहेरी दरखास्तलाई पनि अन्य प्रमाणहरूले समर्थन तथा पुष्टि नगरे सम्म प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने अवस्थामा मृतकको पति कृष्ण लामाको जाहेरी र बुझिएको बसन्तबहादुर थापाले अर्को व्यक्तिले गरिदिएको सनाखत कागजलाई विश्वास गरी व्यक्त गरी दिएको रायको आधारमा मात्र निज प्रतिवादी मदन नारायण श्रेष्ठलाई आरोपित कसुर गरेको ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलासँग सहमत हुन नसकिने ।

प्रतिवादी आरोपित कसुरमा इन्कार रही निजको निर्दोषिताको सम्बन्धमा वारदात भएको भनिएको लेसपार गेष्ट हाउसको ईन्ट्री बुकमा कोठा नं• १०६ मा बस्नको लागि लेखिएको विवरणको हस्ताक्षरको परीक्षण हुँदा प्रतिवादीको नमूना हस्ताक्षरसँग नमिलेको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको विशेषज्ञले व्यक्त गरेको राय तथा काठमाडौं जिल्ला अदालतको मिति २०६६।१।२७ को २०६० फौ नं १९/२५९ को यातना क्षतिपुर्ति मुद्दाको फैसलाबाट निज प्रतिवादीलाई नियन्त्रणमा लिई चरम यातना दिई आरोपित कसुरमा साबित गराइएको पुष्टि भइरहेको अवस्थासमेतबाट निज प्रतिवादी मदन नारायण श्रेष्ठ निर्दोष नै रहेको देखिँदा, शंकाको आधारमा दिएको किटानी जाहेरी र अर्को व्यक्तिले गरिदिएको सनाखतलाई मात्र विश्वास गरी भनेको आधारमा आरोपित कसुर ठहऱ्याई जन्म कैद गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६६।१।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।२।२ को फैसला उल्टी हुने र प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०७३२, उत्प्रेषण, सत्यनारायण महतो वि. प्रहरी नायब महानिरीक्षक, पूर्व क्षेत्रीय कार्यालय रानी विराटनगरसमेत

अदालती कारवाही र विभागीय कारवाही अलगअलग हुने भने तापनि अदालतको फैसलाको आधारमा निवेदकलाई सेवाबाट हटाइएकोले पुनरावेदन तहमा अदालतमा विचाराधीन मुद्दामा अन्तिम निर्णय नभएसम्म निवेदकलाई विभागीय कारवाही गर्न मिल्ने होइन । यस अवस्थामा सुरू जिल्ला अदालतबाट अभियोग प्रमाणित भई सजाय तोकिएको प्रहरी कर्मचारीले सो सजायउपर माथिल्लो अदालतमा गरेको पुनरावेदनको टुङ्गो नलागुन्जेल निजलाई विभागीय कारवाही हुनुहुँदैन भन्ने प्रहरी नियमावलीमा उल्लेख नभएकै आधारमा सफाइको मौकासमेत नदिई निवेदकलाई सेवाबाट हटाउने गरी गरेको निर्णय कानून र न्यायसङ्गत देखिन आएन । अदालतमा चलेको मुद्दाको अन्तिम निर्णय नै नभई कसुर प्रमाणित हुन नसक्ने ।

अतः जिल्ला अदालतको मिति २०७१।१२।१९ को फैसलालाई आधार बनाई नोकरीबाट हटाउने निर्णय भएकोमा सो नै पुनरावेदन अदालतबाट उल्टी भई प्रतिवादी यी निवेदकले सफाइ पाइसकेको अवस्थामा प्रहरी नायब महानिरीक्षकबाट भएको मिति २०७१।०३।१५ को र प्रहरी प्रधान कार्यालयका प्रहरी अतिरिक्त महानिरीक्षकबाट मिति २०७२।०९।३० मा निवेदक सत्यनारायण महतोलाई सेवाबाट हटाउने गरी भएको निर्णय कानूनसम्मत छ भन्नसक्ने अवस्था देखिँदैन । जिल्ला अदालतको

निर्णय नै अन्तिम हुँदैन र सो निर्णयउपर चित्त नबुझ्ने पक्षले माथिल्लो अदालतमा पुनरावेदन गर्नसक्ने निजको कानूनी अधिकार हो । जिल्ला अदालतको निर्णयकै आधारमा कार्यान्वयन गरिदिने हो भने पुनरावेदकीय अधिकारको कुनै अर्थ राख्दैन । निर्णय कार्यान्वयन भनेकै फैसला अन्तिम भए पछि गर्ने हो । अदालतको निर्णयको आधारमा विभागीय कारवाही गरी सेवाबाट हटाउने निर्णय गर्ने तर माथिल्लो अदालतको अन्तिम निर्णयलाई नपर्खी निर्णय गर्नु स्वेच्छाचारी हुन्छ । त्यस्तो निर्णयलाई मान्यता दिन मिल्दैन । उक्त निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, निज रिट निवेदक सत्यनारायण महतोलाई पूर्ववत् आफ्नो पदमा पुन: बहाली गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत (शाखा अधिकृत): विमला पौडेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल भदौ २९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-००५३, उत्प्रेषण, राजेश्वरप्रसाद वरै वि. बाबुलाल महरासमेत

विवादको कारवाहीको क्रममा निवेदकलाई झिकाई बुझी प्रतिवादको मौका दिइएको देखिन्छ । निजले प्रतिवाद गर्दा फैसला कार्यान्वयन हुनु नपर्ने भएको तर्फ खुलाउनु पर्ने होइन भनी जिकिर लिएको देखिन्छ । सो जग्गामा आफ्नो निरन्तर भोग रहेको भनी जिकिर लिए तापनि भोगले स्वामित्वलाई निस्तेज पार्दैन । विपक्षीहरूको हक कायम हुने ठहरेको जग्गा निवेदकको भोग छ भन्दैमा निजको हुन सक्दैन । अर्कोतर्फ सो जग्गामा विपक्षीहरूको भोग रहेको भन्ने गाउँ विकास समितिको कार्यालयले गरिदिएको सिफारिसबाट देखिएको छ । नरमकरम मिलाइएन भन्ने निवेदकको जिकिर तथ्य र प्रमाणमा आधारित देखिँदैन । यसरी अदालतबाट भएको अन्तिम फैसलाबमोजिम कार्यान्वयन भएको विषयबाट निवेदकको कुनै संवैधानिक र कानूनी हक हनन् भएको मान्न सकिने अवस्था विद्यमान नदेखिने ।

तसर्थ अदालतबाट अन्तिम भएको फैसला कार्यान्वयनका क्रममा भएका काम कारवाहीबाट निवेदकको कुनै हक अधिकारमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी, ०७३**-WO-१०३५, उत्प्रेषाण / परमादेश / प्रतिषेध, टेकबहादुर घिमिरे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

कुनै कर्मचारीलाई अभियोग लगाउने नै पर्याप्त हुँदैन । अभियोग प्रमाणित हुनसक्नुपर्छ । अभियोग प्रमाणित हुनसक्ने अवस्थामा निलम्बनको प्रक्रिया अपनाउन नसकिने हुँदैन तर सो गर्न निश्चित आधार र कारण हुनुपर्छ । कसैले चाहना राख्दैमा मात्र निलम्बन गर्न कानूनी व्यवस्थाले नमिल्ने ।

निजामती सेवा ऐन, २०४९ को दफा ५९ मा उचित र पर्याप्त कारण भएमा निजामती कर्मचारीलाई देहायबमोजिमको विभागीय सजाय गर्न सकिनेछ भन्ने व्यवस्था भई (क) सामान्य सजायअन्तर्गत (१) नसिहत दिने (२) दुई वर्षसम्म बढुवा रोक्का गर्ने वा बढिमा दुई तलब वृद्धि रोक्का गर्ने (३) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने भन्ने उल्लेख भएको देखिन्छ । खण्ड (ख) विशेष सजायअन्तर्गत (१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने भन्ने व्यवस्था भई निवेदकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सजाय गर्ने प्रस्ताव गरेको

र सोही सिलसिलामा निलम्बन गरेको अवस्थामा निलम्बनको अवस्था विभागीय कारवाहीभित्र पर्दैन भन्न नमिल्ने ।

सजाय गर्ने प्रयोजनका लागि नै निलम्बनको प्रक्रिया अवलम्बन गरिने हुँदा निलम्बन भन्ने बित्तिकै विभागीय कारवाहीको अवस्था देखियो । निलम्बनलाई विभागीय कारवाहीको दायराभन्दा बाहिर राखेर हेर्न मिल्ने अवस्था हुँदैन । कुनै ऐनको कुनै दफामा उल्लेख भएको व्यवस्थामा त्यसमा मात्र सिमित रहेर हेर्ने होइन, व्याख्याको सिद्धान्त पनि सो होइन । सो ऐनको उद्देश्य र त्यस ऐनले गरेका समग्र व्यवस्थाहरूको गहन अध्ययन र विश्लेषण गरेर निश्कर्ष निकाल्नु पर्ने भई सोअनुसार निलम्बनको प्रक्रियालाई विभागीय कारवाहीबाट अलग गरेर हेर्ने विषय नभएकाले संवैधानिक व्यवस्थाबमोजिम त्यसरी निलम्बन गर्दा न्याय सेवा आयोगको सिफारिस अनिवार्य हुने ।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३४क ले नेपाल सरकार वादी हुने मुद्दामा कुनै सरकारी वकिलले बद्नियतसाथ अभियोजन गरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा महान्यायाधिवक्ताले त्यस्तो सरकारी वकिललाई विभागीय कारवाही गर्नसक्ने व्यवस्था छ तर बद्नियत रहेको भन्ने पुष्टि भने हुनै पर्छ । कुनै मुद्दामा आफूलाई प्राप्त अधिकारको प्रयोग गरी कसैउपर मुद्दा चलाइएको वा नचलाइएको, कुनै कुराको दाबी लिएको नलिएको भन्ने मात्र आधारमा बद्नियतको पुष्टि नहुने ।

सरकारी वकिललाई प्राप्त अधिकार स्वतन्त्र तथा विवेकपूर्णरूपमा प्रयोग गर्नमा स्वतन्त्र छोडिदिनुपर्छ, अंकुस लगाउनु हुँदैन । हस्तक्षेप वा अंकुस लगाउँदा वास्तविक न्याय मर्न सक्दछ तर स्वतन्त्रताको अर्थ स्वच्छन्दता अवश्यै होइन । कानूनको दायराभित्र रहेर प्रयोग हुने स्वतन्त्रता हो । मुद्दा चलाउनु वा नचलाउनुबाट मात्र बद्नियतको मापदण्ड निर्धारण गर्न नमिल्ने ।

न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत निज निवेदकउपर निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (क) को अवस्था विद्यमान रहेको भनी सोही ऐनको दफा ६४(१) बमोजिम जाँचबुझ गर्ने र निवेदकलाई २ महिनासम्म निलम्बन गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।११।२५ मा भएको निर्णयका आधारमा निवेदकलाई २ महिनाको लागि निलम्बनसम्मको कारवाहीमा न्याय सेवा आयोगको परामर्श लिइएको नदेखिएको, निलम्वन नै राख्नु पर्ने कारण र अवस्था विद्यमान नदेखिएको तथा कुनै व्यक्तिउपर मुद्दा नचलाइएको वा कुनै कुराको दाबी नलिएको भन्ने मात्र आधारमा निवेदकको बद्नियत रहेको भन्ने पुष्टि हुन नसक्ने हुँदा विपक्षीहरूबाट भएको मिति २०७३।११।११ को टिप्पणी निर्णय एवम् नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।११।२५ मा निवेदकलाई निलम्बन गर्ने र तीन सदस्यीय जाँचबुझ समिति गठन गर्ने निर्णयलगायत विपक्षीहरूबाट भए गरेका यावत् पत्राचार, सूचना, कामकारवाही, अभिलेख आदि सम्पूर्ण कार्य उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकलाई गरिएको उक्त निलम्बनको अवधि सकिसकेको, निज आफ्नो पदमा पुनः कार्यरत रहेको भन्ने देखिन आएकोले अब निवेदकलाई पूर्ववत् रूपमा कामकाज लगाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता नरहेबाट विपक्षीहरूको नाउँमा परमादेशको आदेशसम्म जारी नहुने ।

इजलास अधिकृत (शाखा अधिकृत): सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असोज २ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७३-MS-००२२, अवहेलना, टेकबहादुर घिमिरे वि. महान्यायाधिवक्ताको कार्यालय,

रामशाहपथसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-WO-००७१, उत्प्रेषण / परमादेश, धीरकुमार श्रेष्ठ वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत

निजामती सेवा ऐन, २०४९ को दफा २१(१) अनुसारको आवश्यक भएको सेवा अवधि पूरा भइनसकेका उम्मेदवारहरूको निमित्त दफा २१(२) मा भएको विशेष छुट (Special Grace) नै लागू हुनुपर्ने भन्ने देखिन्छ। चारवर्ष सेवा अवधि पूरा गरिसकेका सीमान्तकृत समुदायका निजामती अधिकृत कर्मचारी जस्ता उम्मेदवारहरूलाई सो सुविधाको आवश्यकता पर्ने हुनाले त्यस्ता कर्मचारीहरूको लागि सो सुविधा प्राप्त गर्ने कुरा औचित्यपूर्ण देखिन्छ। उल्लिखित दफा २१(२) को बनोटबाट समेत दफा २१(१) अनुसार सेवा अवधि पूरा गर्न नसकेका उल्लिखित सिमान्तकृत समुदायका कर्मचारीहरूको निमित्त सो व्यवस्था गरिएको स्पष्ट रहेको भई उक्त सिमान्तकृत समुदायहरू जसलाई सो सुविधाको आवश्यकता पर्छ त्यसलाई सो सुविधा हुनुपर्ने देखिन्छ। ऐनले गरेको सो व्यवस्थाका सन्दर्भमा द्विविधा हुनुपर्ने कुनै अवस्था नदेखिने।

निजामती सेवा ऐन, २०४९ को दफा २१(१) अनुसार सम्भाव्य उम्मेदवार भई नसकेका कर्मचारीहरूको हकमा उक्त ऐनको दफा २१(२) अनुसारको अवधि गणना गर्नुपर्ने अवस्था देखिँदा प्रस्तुत रिट निवेदक धीरकुमार श्रेष्ठको हकमा बढुवाको प्रयोजनको निमित्त एकवर्ष कम सेवा अवधि गणना गरी उक्त ऐनको दफा २१(२) ले गरेको विशेष छूटको व्यवस्थाबमोजिम न्यूनतम् सेवा अवधि अर्थात् चार वर्षको नै कार्य सम्पादन मूल्याङ्कनबाट प्राप्त हुने अङ्कको औसत अङ्क गणना गरी बढुवासम्बन्धी निर्णय गर्नुपर्ने।

निवेदकको हकमा चार वर्षमा सम्भाव्य उम्मेदवार हुन पाउँछ भने कार्य सम्पादन मूल्याङ्कन पनि सोही ४ वर्षको हुने कुरा स्वभाविक हुन्छ। ४ वर्ष बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने ५ वर्षको कार्य सम्पादन मूल्याङ्कन आवश्यक पर्ने भन्ने अस्वभाविक हुन्छ। ५ वर्ष पुगेसरह ४ वर्ष पुगेका उम्मेदवारलाई पनि ५ वर्षको कार्य सम्पादन मूल्याङ्कन आवश्यक पर्ने हो भने त्यस्तो कर्मचारी अंकको कारण बढुवा हुन सक्दैन र ऐनले दिएको सुविधाको कुनै अर्थ पनि नरहने।

निजामती सेवा ऐन, २०४९ को दफा २४क (८) ले कार्य सम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अंक गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औषतबाट हिसाब गरिने छ भन्ने व्यवस्था भएपछि त्यसमा थप व्याख्या गरिरहनु परेन। कुनै ऐनमा प्रयुक्त कुनै दफाको व्याख्या गर्दा त्यसैमा मात्र सीमित भएर गर्ने होइन। कानून व्याख्याको सिद्धान्तको पनि त्यस्तो होइन। त्यसमा सो सम्बन्धमा ऐनमा भएका समग्र व्यवस्थाको समष्टिगत मूल्याङ्कन र विश्लेषणबाट ऐनको उद्देश्य निक्यौंल हुनु पर्छ। यस अर्थमा ४ वर्षमा बढुवाको सम्भाव्य उम्मेदवार हुन पाउने, कार्य सम्पादन मूल्याङ्कन भने ५ वर्षको आवश्यक भई सोको औषतबाट अङ्क हिसाब गणना गरिने भन्ने तर्क मनासिब नदेखिने।

निवेदकको हकमा पाँच वर्षको सेवा अवधिको अङ्क गणना गरी विरूद्ध खण्डमा उल्लिखित लेखबहादुर कार्कीलाई बढुवा गरिएको विपक्षी बढुवा समितिको मिति २०७१।१।१० को निर्णय र सोही मितिको सिफारिसको सूचना तथा सोही निर्णयलाई सदर गरेको विपक्षी लोकसेवा आयोगको मिति २०७१।०४।०८ को निर्णय र सो सँग सम्बन्धित कामकारवाही त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा

बदर गरी दिइएको छ। अब निवेदक धीरबहादुर श्रेष्ठको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१(२) अनुसारको सेवा अवधि ४ (चार) वर्षको कार्य सम्पादन मूल्याङ्कनको औषतको आधारमा मूल्याङ्कन गरी ठहरेबमोजिम बढुवा सिफारिस गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस २५ गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-१२०५, उत्प्रेषण / परमादेश, हरिप्रसाद शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

अघि चलेको निर्णय दर्ता बदर मुद्दामा लक्ष्मीप्रसाद लामिछानेको स्रोत देखाई चलेको मुद्दामा मोही भनिएका नारायणप्रसाद लामिछानेको हकको स्रोत नै वैधानिकरूपमा अदालतले स्वीकार नगरी प्रस्तुत जग्गा गुठी संस्थानकै कायम हुने भनी यस अदालतको पूर्ण इजलासबाट २०६७।१।२ मा फैसला भई अन्तिम भई बसेको देखिन्छ। यस्तो स्थितिमा गुठी संस्थानका प्रशासकले मिति २०५५।३।३ मा पशुपति सदावर्त गुठीको नाममा तैनाथी कायम गर्ने गरी भएको निर्णयअनुसार मालपोत कार्यालय काठमाडौंले दर्ता गर्न अस्वीकार गरेको कार्यलाई कानूनसङ्गत मान्न नमिल्ने।

तसर्थ नेपाल सरकारको नाममा दर्ता कायम नगरी गुठी संस्थानको नाममा दर्ता हुने भनी २०५५।३।३ मा गुठी संस्थानबाट भएको निर्णय यथावत् रहिरहेकोले सो निर्णयअनुसार गुठी संस्थानको नाममा उल्लिखित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ को कित्ता नं. ४५ र ३६५ नं. को जग्गा गुठी संस्थानअन्तर्गतको पशुपति सदावर्त गुठी कायम गरी (तैनाथी) जग्गाधनी प्रमाण पुर्जा दिनु भनी विपक्षी मालपोत कार्यालयको नाममा परमादेश आदेश जारी हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटरः देवीमाया खतिवडा / प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०२८४, थुनुवा भागे भगाएको, नेपाल सरकार वि. राजेश रौनियार

जुन कसुरमा प्रतिवादी थुनामा थिए सो कसुरबाट नै सफाइ पाएको अवस्थामा सो कसुरमा हुने सजायको आधारमा सजाय गर्नु कानून र न्यायको मान्यताविपरीत हुन जाने।

तत्काल थुनामा रहेका प्रतिवादी राजेश रौनियार कैदबाट भागेको कार्यलाई कसुर गरेको मान्नु पर्ने हुन आउँछ । यस्तो अवस्थामा निजको कार्य कसुरजन्य भएकोले निजलाई कसुरअनुसारको सजाय पाउनु पर्ने न्याय एवम् दण्डको मान्य सिद्धान्त हो। यसै पृष्ठभूमिसमेतलाई मध्येनजर गर्दै मुलुकी ऐन, दण्ड सजायको १२ नं. मा "यो ऐनको विभिन्न महल वा प्रचलित कानूनमा लेखिएको कुनै काम कुरा कसुर हुनेमा सो कसुरका निमित्त सम्बन्धित महल वा प्रचलित कानूनमा सजायको कुनै खास व्यवस्था गरिएको रहेनछ भने त्यस्तो कसुरको प्रकृति र अवस्थाका विचारले पाँच हजार रूपैयाँसम्म जरिवाना हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। निज प्रतिवादी थुनाबाट भागेको तथ्य निर्विवाद स्थापित भएको छ । यस्तो अवस्थामा प्रतिवादी राजेश रौनियारलाई थुनुवा भागे भगाएको कसुरमा कारागार ऐन, २०१९ को दफा २४(४) बमोजिम मूल मुद्दामा हुने सजायको डेढो सजाय गर्नु कानून र न्यायको मान्यताविपरीत हुन

जाने।

तसर्थ प्रतिवादी राजेश रौनियारलाई कारागार ऐन, २०१९ को दफा २४(४) बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने गरी सुरू मोरङ्ग जिल्ला अदालतबाट मिति २०६०।१०।२८ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी राजेश रौनियारलाई मुलकी ऐन, दण्ड सजायको १२ नं. बमोजिम रू. १,०००।– (एक हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०५९।१।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-११९०, जबरजस्ती करणी, नेपाल सरकार वि. मीनबहादुर गुरूङ

पीडितले प्रहरीमा कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले निजउपर गरेका यौनजन्य दुर्व्यहारहरू सविस्तार बयान गरेकी छन्। यसबाट समेत प्रतिवादीको प्रहरीसमक्षको बयान निजको इच्छाबमोजिम भएको स्वेच्छाको बयान हो भन्ने सिद्ध हुने।

पीडित जाहेरवालाको बयान कागज तथा बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, घटनास्थल प्रकृति विवरणसमेतका मिसिल संलग्न कागज प्रमाणहरूको विवेचना गरी हेर्दा, प्रतिवादीले पीडितको योनिमा लिङ्ग प्रवेश गराएको भन्ने देखिँदैन। प्रतिवादीले बालिकाको योनिको वरिपरि लिङ्गको घर्षण गराएको भन्ने देखिन्छ । यसबाट प्रतिवादीले पीडित बालिकालाई जबरजस्ती करणी गरेको भन्ने स्थापित हुँदैन । प्रतिवादीले पीडितउपर उल्लिखित यौन दुर्व्यहार गर्दा आफ्नो योनाङ्ग उत्तेजित नभएकोले प्रतिवादीले जबरजस्ती करणी गर्न नपाएको र जबरजस्ती करणीको अपराधको उद्योगसम्म गरेको देखिँदा उद्योगमा सजाय नगरी आसय करणीको कसुर ठहऱ्याएको सुरू लमजुङ जिल्ला अदालत को फैसला उल्टी गरी प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको कसुर हुने ठहऱ्याई गरेको पुनरावेदन अदालत पोखराको मिति २०७०।५।२५ को फैसला अन्यथा नदेखिएकोले सो फैसला सदर हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल कार्तिक १६ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CR-०८०९, मानव बेचबिखन तथा ओसारपसार, ताराबहादुर कामी वि. नेपाल सरकार

पीडितले तत्काल अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई स्याङ्जा जिल्ला अदालतका जिल्ला न्यायाधीशबाट मिति २०६६।३।९ मा तत्काल मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ बमोजिम प्रमाणित भएको देखिन्छ। घटनाबाट पीडित भएकी जाहेरवालीले आफूउपर भएको घटनाको बारेमा गरेको बयान जिल्ला न्यायाधीशबाट प्रमाणित भएको छ। घटनाबाट पीडित व्यक्ति प्रत्यक्ष साक्षीको रूपमा रहन्छ । निजले व्यक्त गरेको भनाई मिसिल संलग्न प्रमाणहरूबाट समर्थित हुने आधार देखिएमा प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) अनुसार घटनाबाट पीडित भएको व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणको रूपमा लिनुपर्ने।

प्रतिवादी ताराबहादुर कामीले पीडितलाई

बेच्ने उद्देश्यले लगेको होइन भन्ने कुरालाई तथ्ययुक्त प्रमाण देखाई आफूमाथि लगाइएको अभियोगको खण्डन गर्नसकेको देखिँदैन। पीडितको अभिभावकको स्वीकृति लिएको नदेखिएको, पीडित रहे बसेको स्थानबाट घर परिवार वा अन्य आफन्तहरूसँग कुराकानी गरेको वा सो अवधिमा आफन्तहरूसँग भेट भएकोलगायतका कुनै सन्दर्भहरू देखाउनसम्म पनि सकेको पाइँदैन । यस्तो अवस्थामा आरोपित कसुर गरेको होइन भन्ने यी प्रतिवादी ताराबहादुर कामीको इन्कारी बयान पत्यारलायक नदेखिने।

अतः किटानी जाहेरी, पीडितको मौकाको कागज, अदालतबाट प्रमाणित भएको र पीडितलाई पासपोर्ट बनाउन खर्चसमेत दिएको र चिनजान नभएको व्यक्तिको घरमा १६ दिनसम्म पीडितलाई लुकाई राखेको सो स्थानबाट उद्धार गरिएको भन्ने देखिन आएको प्रमाणहरूको आधारमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम प्रतिवादी ताराबहादुर कामीलाई कैद वर्ष १० र जरिवाना रू.५०,०००।– हुने ठहऱ्याएको सुरू स्याङ्जा जिल्ला अदालतको मिति २०६८।३।२३ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०६८।१०।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WO-०८९६, उत्प्रेषण, अनिलकुमार मेरोलिया वि. उच्च अदालत, पाटन ललितपुरसमेत

करारबमोजिमको रकम दिलाई पाउँ भन्ने मुद्दामा यी निवेदक प्रतिवादीको म्याद जिल्ला अदालत नियमावली, २०५२ को नियम २२ क(१)(ख) बमोजिम राष्ट्रिय दैनिक पत्रिका राजधानीमा सूचना प्रकाशित गरेको अवस्था छ । उक्त कानूनी व्यवस्थाअनुसार राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना जारी गरिसकेपछि पनि निवेदकले थाहा जानकारी नपाएको भन्न मिल्ने अवस्था रहँदैन । सार्वजनिक सूचना जारी गर्नुको उद्देश्य सम्बन्धित सबैले सूचना थाहा पाएको हुन्छ भन्ने अनुमान गर्नु हो । म्याद बदर गर्दा सुनुवाइको मौका नपाएको हुँदा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भन्ने जिकिर मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि भएको नदेखिने।

मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिमको प्रक्रियाबाट म्याद तामेल हुन नसकेको अवस्थामा सार्वजनिक सूचना जारी गरेर प्रतिवादीको नामको म्याद तामेल गर्न नमिल्ने भन्ने हो भने कतिपय अवस्थामा प्रतिवादीका नाममा सूचना म्याद तामेल गर्न नसकिने अवस्था आई पर्दछ । जिल्ला अदालत नियमावली, २०५२ अनुसारको प्रक्रिया अनुशरण गरी मिति २०७३।२।३१ को राजधानी पत्रिकामा सूचना प्रकाशन भएको देखिएको सार्वजनिक पत्रिकामा प्रकाशित भएको सूचना जानकारी नभएको भनी वा थाहा नभएको भनी भन्न मिलेन । निवेदकको नाउँमा तामेल भएको म्याद कानूनअनुसार नै तामेल भएको देखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट मिनाक्षी प्रोडक्ट्स नेपाल प्रा.लि.को कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११ नै रहेको भन्ने कम्पनी रजिस्ट्रारको कार्यालयको च.नं. १४१ मिति २०७३।५।१४ को पत्रबाट देखिन्छ। कम्पनीको फ्याक्ट्री एक ठाउँ र कम्पनी रजिष्टर्ड अफिस अर्को ठाउँमा रहने हुँदा कम्पनी रजिस्ट्रारको कार्यालयबाट ठेगाना परिवर्तन भएकोसमेत नदेखिएको अवस्थामा राष्ट्रिय पत्रिका राजधानी दैनिकमा प्रकाशित सूचना म्यादलाई बेरीतको भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।६।२ मा भएको आदेशलाई बदर गरी

दिएको उच्च अदालत पाटनको मिति २०७३।१०।२७ मा भएको आदेश कानूनसम्मत नै देखिँदा निवेदक मागबमोजिमको आदेश जारी गर्न मिलेन । निवेदन खारेज हुने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-CI-००४२, रकम दिलाई पाउँ, भरतलाल श्रेष्ठ वि. तेजकरण जैन

वादी प्रतिवादीबीच व्यापारिक कारोबार भएको भन्ने कुरालाई यी पुनरावेदक प्रतिवादीले स्वीकार गरेको पाइन्छ । यसरी कारोबार भइरहेको क्रममा मिति २०६६।१२।२२ मा प्रतिवादीले वादीलाई तिर्न बुझाउनु पर्ने रकममध्ये रू.१,९०,०००।– बुझाइसकेपछि पुनः यी वादी प्रतिवादीबीच कारोबार भएको देखिँदैन । यसरी उक्त व्यवहारमा मिति २०६६।१२।२२ पछि कुनै कारोबार नभएको स्थितिमा मुद्दा गर्नुपर्ने हदम्याद सोही मिति २०६६।१२।२२देखि सुरू हुने भई पछिल्लो पटक कारोबार भएको मितिलाई अन्तिम कारोबार भएको मिति कायम गरी मिति २०६८।११।२३ मा फिराद आएको देखिन्छ । लेनदेन व्यवहारको ४० नं. ले २ वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने उल्लेख भइरहेकोमा प्रस्तुत विवादमा मिति २०६६।१२।२२ मा अन्तिम कारोबार भएको मितिबाट २ वर्षभित्र कारोबार भएको मिति मानी फिराद दायर भएको देखिँदा फिराद हदम्यादविहिन छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

लेनदेनको विवादमा वादी दाबीबमोजिमको रकम प्रतिवादीबाट भराउन मिल्ने हो वा होइन भन्नेसम्मको कुरा हेरिने हो । वादी दाबी पुग्छ वा पुग्दैन भनी हेरिने कुरा नै व्यवहारमा अभ्यास हुँदै आएको छ । प्रतिवादीले सोही विवादमा दाबी गरेको प्रतिवादीका सम्बन्धमा मध्यस्थ वा मेलमिलापबाट हुने विवादहरू मध्यस्थताबाट हुने विवादहरूमा मात्र प्रचलनमा रहेको छ । सामान्य विवादमा प्रतिवादी (Counter Claim) लाई अंगिकार गरेको अवस्था नहुँदा ड्यामेज भएको बिस्कुटको हिसाबको हकमा प्रचलित दुई पक्षीय सम्झौताबमोजिम छुट्टै कानूनी प्रक्रिया चलाई ठहरेबमोजिम लिन पाउने हक सुरक्षित नै रहने हुन्छ । प्रतिवादीले वादीले दाबी लिएको तिर्न बुझाउन बाकी रकम रू.३,४९,५३७।६६ बुझाउन बाँकी छैन । यो यस हिसाबबाट बुझाइसकेको छु भन्ने जिकिर पनि लिएको देखिँदैन । व्यापारिक कारोबारको क्रममा उल्लिखित रकम प्रतिवादीले वादीलाई बुझाउनुपर्ने बक्यौता रहेको भन्ने नै देखिने ।

साँवा रकमको ब्याजसमेत वादीले प्रतिवादीबाट भराई लिन पाउनेसम्बन्धी वादी प्रतिवादीबीच लिखत भएको नदेखिएको स्थिति र जिन्सी वस्तुको लेनदेन ब्याजसहित तिर्नु बुझाउने प्रचलन व्यवहारमा रहे भएको समेत नदेखिँदा पुनरावेदन अदालत पाटनले दाबीको रकमको साँवारू. रू.३,४९,५३७।६६ मात्र भरी पाउने ठहराई गरेको फैसला गरेको र सोउपर वादीको पुनरावेदनसमेत नहुँदा उक्त फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था देखिएन । तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतले फिराद लेनदेन व्यवहारको ४० नं. को हदम्याद नघाई परेको ठहर गरी फिराद खारेज गर्ने गरेको मिति २०७०।२।२१ को फैसला उल्टी गरी वादी दाबीको साँवा रू.३,४९,५३७।६६ सम्म प्रतिवादीबाट भराई लिन पाउने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।९।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

इति संवत् २०७४ साल वैशाख २१ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. डा. आनन्दमोहन भट्टराई,** ०७२-CI-११०४, मानाचामल, बबिता धिताल अधिकारी वि. भगवती अधिकारीसमेत

अदालतबाट भएको सर्जमिनले प्रतिवादीहरूको मासिक आम्दानी ३/४ लाख हुन्छ भन्ने व्यहोरा लेखाए पनि त्यत्ति नै हुन्छ भनी अदालतले ठहर गर्नु हुँदैन लेखाएको व्यहोरालाई विश्लेषण गरी माग गर्ने पीडित पक्षलाई उसको जीविकोपार्जनलाई कति चाहिने हो भन्ने कुरा न्यायकर्ताले स्वविवेक प्रयोग गरी यकिन गर्नुपर्ने हुन्छ। साथै यसरी यकिन गरिएको रकमले माना चामल माग गर्ने पक्षलाई दिलाई दिएको रकम पर्याप्त भन्ने पनि देखिनु पर्ने।

एकासगोलमा जेठाजु रामकृष्ण अधिकारीसमेत रहेको भन्ने देखिँदा निजको निजी आयस्रोतबाहेक सगोलको सम्पत्तिबाट वादीले माना चामल भराई लिन नपाउने भन्ने हुँदैन। वादीका पति ३/४ वर्षदेखि अष्ट्रेलियामा रहेको र निज Student Visa मा गए पनि अध्ययन सकिने अवस्था पुगेको प्रतिवादीहरूको जिल्ला तनहुँ वरभञ्ज्याङलगायतका ठाउँमा घरलगायत २०/२५ रोपनी जग्गा भएको, जिल्ला नवलपरासी गैंडाकोटमा ४/५ कठ्ठा घडेरी जग्गा र ५/६ कोठाको पक्की घरसमेत रहेको, कोही अंशियार छुट्टी भिन्न भई नबसेको अवस्था देखिन्छ। माना चामल भराउँदा भरीपाउने व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकमा आघात नपुग्ने गरी र माना चामल भराउनसक्ने प्रतिवादीहरूको तिर्न बेहोर्न सक्ने क्षमताबीच उचित र न्यायपूर्ण सन्तुलन हुने गरी भराई दिनुपर्ने।

उल्लिखित सम्पूर्ण कुराहरूलाई विचार गर्दा सुरू तनहुँ जिल्ला अदालतले वादीहरूलाई मासिक रू.६,०००।– माना चामल भराई दिने गरेको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।३।६ को फैसला नमिलेकोले केही उल्टी भई वादीहरूले मासिकरूपमा रू.१५,०००।– (पन्ध्र हजार) का दरले माना चामल भराई पाउने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी
कम्प्युटरः विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल वैशाख २१ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०८१९, मानव बेचबिखन तथा ओसारपसार उद्योग, नेपाल सरकार वि. टिकाप्रसाद तिमिल्सिना

कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने कार्य गरेमा मानव ओसारपसार गरेको अपराध मानिन्छ। नागरिकता, पासपोर्ट र विदेश जाने रकम नभएका यी पीडितहरूलाई भारतको बाटो हुँदै अरब देश पुऱ्याइदिने प्रलोभनमा पारी नेपालबाट भारततर्फ लैजान लाग्दा पीडितलाई उद्धार गरेको अवस्था देखिन्छ। यसरी आफूले समेत आर्थिक लाभ गर्ने उद्देश्यले यी प्रतिवादीले पीडितहरूलाई कानूनी प्रक्रिया नपुऱ्याई झुक्याई विश्वास दिलाई विदेश पठाउन लागेको पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादीले पीडितलाई बेच्ने उद्देश्यले नेपालबाहिर लिई हिँडेको अवस्थामा पक्राउ परेको देखिएबाट आरोपित कसुर गरेको कुरा वस्तुनिष्ठ आधार, प्रमाण तथा मिसिल संलग्न तथ्य प्रमाणबाट पुष्टि हुन आउने।

प्रतिवादीले के उद्देश्यले पीडितलाई विदेश लैजान लागेको भन्ने सम्बन्धमा हेर्दा विदेशमा रोजगार लगाई दिएबापत आफूले केही रकम पाउने आशमा सो कार्य गरेको भन्ने देखिएबाट वेश्यावृत्तिमा नै लगाउने भन्ने उद्देश्य प्रमाणित भएको देखिएन। किन्ने बेच्ने उद्देश्यले लान खोजेको भन्ने दाबी नै नभएबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ) बमोजिम सजाय हुनसक्ने नदेखिने।

अतः माथि विवेचित आधार र प्रमाणबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(२) (ख) को कसुर कायम गरेकोमा दफा १५(१)(ङ)(१) को आधा सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।१२।१५ को फैसला सजायको हदसम्म केही उल्टी भई दफा १५(१)(च) बमोजिम हुने सजायमा सोही उपदफाको खण्ड (ज) बमोजिम २१/२ वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-००८८, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. महेशप्रसाद पोखरेल

चिनजान नरहेको व्यक्ति जाहेरवालाहरूलाई महेशप्रसाद पोखरेलको कुन बैंकमा के कति नम्बरको खाता छ भन्ने कुरा थाहा हुने र विनाप्रयोजन निजको खातामा रकम जम्मा गर्नुपर्ने अवस्थासमेत नरहेबाट यी जाहेरवालाहरूले वैदेशिक रोजगारमा जाने प्रयोजनको लागि नै प्रतिवादीको बैंक खातामा रकम जम्मा गरिदिएको देखिन आउँछ। वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त नगरेको प्रतिवादी महेशप्रसाद पोखरेलले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि क्यानडा पठाइदिने भनी झुठ्ठो आश्वासन तथा प्रलोभन देखाएको मिसिलसंलग्न प्रमाण कागजबाट पुष्टि हुने।

जाहेरवालाहरूमध्ये टेकबहादुर निरौलाको बिगोको हकमा हेर्दा मलाई प्रतिवादी महेशप्रसाद पोखरेलले क्यानडा पठाइदिन्छु भनेकाले मैले मिति २०६८।४।४ मा रू.१,८७,०००।– निज प्रतिवादी महेशप्रसाद पोखरेलको बैंक एकाउण्टमा राखिदिएको र अरू निजलाई नगदै दिएको हो। भिसा देखाएकोले मैले रकम दिएको हो र पासपोर्ट त्यसभन्दा अगाडि नै दिएको हो। मेरो ठगिएको रकम छिटो दिलाईपाउँ भन्नेसमेत व्यहोराको जाहेरवाला टेकबहादुर निरौलाले वैदेशिक न्यायाधिकरणसमक्ष आफ्नो जाहेरी दरखास्तको व्यहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको पाइन्छ। यी प्रतिवादी महेशप्रसाद पोखरेलको नबिल बैंक लिमिटेड धापासी शाखामा रहेको बचत खाता नम्बर ४७१००१७५००१८८ मा टेकबहादुर निरौलाले रू.१,८७,०००।– जम्मा गरेको बैंक स्टेटमेन्टबाट देखियो। सोबाहेक अन्य रकम यी जाहेरवाला टेकबहादुर निरौलाले प्रतिवादीलाई दिएका हुन भनी अनुमान गर्न न्यायोचित नदेखिने।

जाहेरी दरखास्त हेर्दा मेनप्रसाद वस्तीले यी प्रतिवादी महेशप्रसाद पोखरेललाई रू.१०,६०,०००।– र नारायणकाजी मगरले रू.११,३६,०००।– दिएको भनी उल्लेख गरेको भए तापनि प्रतिवादीलाई दिएको कुनै कागज वा प्रतिवादीको बैंकको खातामा जम्मा गरेको कुनै भौचर मिसिलसाथ दाखिल गरेको देखिँदैन। यी जाहेरवालाहरूले जाहेरीमा उल्लेख गरेको व्यहोरालाई वैदेशिक रोजगार न्यायाधिकरणमा उपस्थित भई समर्थन गरी बकपत्र गरेको पाइँदैन। वस्तुनिष्ठ ठोस सबुत प्रमाण नभएको अवस्थामा जाहेरीमा उल्लिखित रकम यी जाहेरवालाहरूले प्रतिवादी महेशप्रसाद पोखरेललाई दिएका हुन् भनी निष्कर्ष गर्न मिल्ने देखिँदैन। यी जाहेरवालाहरूको जाहेरीमा उल्लेख गरेको रकम अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको पनि पाइँदैन। केवल शंका र अनुमानको आधारमा यी जाहेरवालाहरूले जाहेरीमा उल्लिखित रकम यी प्रतिवादीलाई दिएका हुन् भनी अनुमान गर्न उपयुक्त नहुने।

अतः माथि विवेचित आधार प्रमाणबाट वैदेशिक रोजगार न्यायाधिकरणको मिति

२०७१।१।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CR-१०२५, वन पैदावार चोरी निकासी, नेपाल सरकार वि. राम किशोर महतोसमेत

प्रतिवादीहरूउपर लिइएको अभियोग मागदाबीबमोजिमको सजाय नै न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) मा उल्लिखित यस अदालतमा पुनरावेदन गर्नका लागि आवश्यक पर्ने सर्तभन्दा कम रहेको देखिन आयो । अझ सुरू अदालतबाट प्रतिवादीहरूमध्येका रामकिशोर महतो र रामप्रसाद चौधरीलाई जनही रू.१२०६२।१६ (बाह्र हजार बैसठ्ठी रूपैयाँ सोह्र पैसा) जरिवाना र तीन महिना कैद सजाय हुने र अन्य प्रतिवादीहरू धर्मेन्द्र राय, मनोजकुमार सिंह र विनोद महतोले सफाइ पाउने गरी भएको फैसलालाई पुनरावेदन अदालतले केही उल्टी गरी प्रतिवादीमध्येका रामकिशोर महतो र रामप्रसाद चौधरीलाई वन ऐन,२०४९ को दफा ५०(१)(घ)(४) बमोजिम जरिवाना मात्र सजाय हुने ठहऱ्याएकोमा उक्त फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) अनुसार यस अदालतमा पुनरावेदन नलाग्ने स्थितिमा प्रस्तुत पुनरावेदन दर्ता भएको देखिन आउने।

अतः माथि गरिएको विश्लेषणअनुसार सुरू अदालतले प्रतिवादीमध्येका राम किशोर महतो र राम प्रसाद चौधरीलाई जनही अभियोग दाबीको बिगो रू.१६०८३।- (सोह्र हजार त्रियासी रूपैयाँ) मध्ये बरामद १२ थान काठ मात्र चोरी निकासी ठहऱ्याई सो १२ थान काठको हुने बिगो रू.६,०३१।०८ (छ हजार एकतीस रूपैयाँ आठ पैसा) को हुने दोब्बर जरिवाना रू.१२,०६२।१६ (बाह्र हजार बैसठ्ठी रूपैयाँ सोह्र पैसा) र तीन महिना कैद सजाय हुने तथा अन्य प्रतिवादीहरू धर्मेन्द्र राय, मनोज कुमार सिंह र विनोद महतोले सफाइ पाउने र बरामदी ट्र्याक्टर सम्बन्धित धनीले फिर्ता पाउने ठहऱ्याई फैसला गरेको र पुनरावेदन अदालतले सुरू फैसला केही उल्टी गरी प्रतिवादीमध्येका रामकिशोर महतो र रामप्रसाद चौधरीलाई वन ऐन,२०४९ को दफा ५०(१)(घ)(४) बमोजिम जरिवाना मात्र सजाय हुने र काठ ओसारपसार गर्न प्रयोग भएको ज १ त १०४२ नं. ट्र्याक्टरसमेत जफत गर्ने ठहऱ्याएकोमा पुनरावेदन अदालतबाट भएको सो फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को संशोधित व्यवस्थाअनुसार वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन लाग्नसक्ने अवस्था नदेखिएकोले मुद्दाको औचित्य (Merit) भित्र प्रवेश गर्नु परेन। तसर्थ नेपाल सरकारले दायर गरेको प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल श्रावण २३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CR-०७५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. भाइराजा राई दनुवार

ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कर्तव्य ज्यानसम्बन्धी कसुर ठहर हुनको लागि आपराधिक मनसाय राखी जानाजान गरिएको कार्यको परिणामस्वरूप मानिस मर्न गएको तथ्य प्रमाणित हुनुपर्दछ। दोषी मनसाय तत्त्वको अभावमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर

कायम हुन नसक्ने।

ज्यान मार्ने हदसम्मको कुरा मात्र नभएर मृतक ठूली दनुवारको शरीरमा कुनै प्रकारको क्षति पुऱ्याउने उद्देश्य वा मनसाय यी प्रतिवादी कुमार भन्ने भाइराजा राई दनुवारले राखेका थिए भन्ने देखिन आउँदैन। ज्यान मार्ने मनसाय तत्त्वको अभाव रहेको यस अवस्थामा विवादित वारदातलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुने कसुर ठहर गर्नु न्यायोचित नदेखिने।

स्वभावतः भवितव्य ठहर हुनको लागि फौजदारी अपराध हुन आवश्यक पर्ने मनसाय तत्त्वको अभाव रहेको हुनुपर्दछ र आफूले गरेको कामबाट मानिस मर्नसक्छ भन्ने परिणामको ज्ञान सो कार्य गर्नेलाई रहे भएको हुनु हुँदैन। मनसाय नहुँदा नहुँदै अप्रत्यासितरूपमा वा संयोगवश कुनै कार्य भएको परिणामस्वरूप मानिस मर्न गएमा भवितव्य मानिने विधिशास्त्रीय मान्यता रही आएको पाइने।

वारदातको रूप, प्रकृति, र घटनाक्रमतर्फ विचार गर्दा आफ्नै श्रीमती ठूली दनुवारलाई मार्ने वा निजको शरीरमा कुनै प्रकारको घा चोट पुऱ्याउने मनसाय राखेर प्रतिवादी कुमार भन्ने भाइराजा राई दनुवारले कुनै कार्य गरेका थिए भन्ने देखिँदैन। श्रीमतीले नौ महिनाको बच्चालाई बेवास्ता गरी रक्सी खाई अचेत भई सुतेको विषयमा सम्झाउने क्रममा भनाभन भई हातपात र लछार पछार हुँदा श्रीमती ठूली दनुवार लडी भुइँमा भएको पिर्कामा ठोक्किएर चोट लागेको देखिन्छ। प्रतिवादी स्वयंले ओछ्यानमा लगेर सुताई औषधी किनेर ल्याई टाउकाको घाउमा लगाएको र भोलिपल्ट बिहानै प्रतिवादी स्वयंले छरछिमेकलाई बोलाई एम्बुलेन्समा हाली अस्पतालमा ल्याउँदै गर्दा बाटामै निजको मुत्यु भएको घटनाक्र रहेको छ। कुनै प्रकारको इच्छित आपराधिक परिणामको अपेक्षा राखेर कार्य भएको देखिँदैन। त्यसैले प्रस्तुत वारदातलाई ज्यानसम्बन्धीको ५ नं. बमोजिम भवितव्यको वारदात ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादीले गरेको कुटपिटको कार्यमा लापरवाही वा हेलचेक्र्याईंको मात्रा भने तुलनात्मकरूपमा गम्भीर प्रकृतिको देखिएको छ। प्रतिवादी तथा मृतक दुवै मादक पदार्थ सेवन गरेका अवस्थाका देखिन्छन। मादक पदार्थ सेवन गरेको भए पनि आफूले गरेको कार्यको सम्बन्धमा कुनै चेतना नै नराख्ने अवस्थामा पुगेका थिए भन्ने देखिँदैन। यस अवस्थामा भनाभन भई हातपात र लछार पछार हुँदा श्रीमती ठूली दनुवार लडि भुइँमा भएको पिर्कामा टाउको ठोकिएर चोट लागेको भन्ने देखिन्छ। लछारपछारको यो अवस्था हेलचेक्रयाईपूर्ण र गैरजिम्मेवारपूर्ण व्यवहार भन्ने देखिन्छ। घाइतेलाई तुरून्त अस्पताल लैजानु पर्नेमा भोलिपल्ट मात्र अस्पतालमा ल्याउँदै गर्दा बाटामै निजको मुत्यु भएको स्थिति देखापर्दछ। उल्लिखित घटनाका सन्दर्भमा हेर्दा प्रतिवादीले आफ्नै कुटपिटबाट चोटपटक लागी घाइते भएकी श्रीमतीको उपचारका लागि आवश्यक संवेदनशीलता अपनाएको स्थिति देखा परेन। वारदातको रूप, प्रकृति र लापर्वाहीको मात्रातर्फ विचार गर्दा विवादित वारदात ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम अधिकतम सजाय हुने स्थितिको देखिन आउने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रस्तुत मुद्दामा प्रतिवादी कुमार भन्ने भाइराजा राई दनुवारलाई भवितव्य ज्यानको कसुरदार ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।३।२८ को फैसलामा मनासिब देखिएको तर ऐनको दफा उल्लेख गरेकोसम्म नमिलेको हुँदा सो हदसम्म केही उल्टी भई निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६ नं. को देहाय (२) अनुसार गरेको सजायको सट्टा ऐ.ऐ. ६ नं. को देहाय (४) बमोजिम २ (दुई) वर्ष कैद र रू. ५००।- (पाँच सय रुपैँया) जरिवाना हुने ठहर्छ। अभियोग दाबीबमोजिम

सजाय हुनुपर्दछ भन्ने बादी नेपाल सरकारको पुनरावेदन पुग्न नसक्ने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम्।

## इजलास नं.११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CI-०८०० र ०६८-CI-०८०१, अंशचलन, प्रकाश घिमिरे वि. प्रदिप घिमिरे र ज्योतीप्रसाद उपाध्याय घिमिरे वि. प्रदिप घिमिरे

वादी प्रदिप घिमिरेले निर्वाचन आयोगबाट मिति २०५७।२।३१ मा मतदाता परिचयपत्र प्राप्त गरिसकेको देखिन्छ । २०६३ सालमा प्रकाशित मतदाता नामावलीको विवरणमा यीनै प्रतिवादीहरूको पारिवारिक विवरणसँगै यी वादी प्रदिप घिमिरेको नामसमेत रही बाबुको नाममा गोपालप्रसाद घिमिरेको नाम उल्लेख भएको पाइन्छ । मतदाता परिचयपत्र प्राप्त गरेको सात वर्षपछि यी वादिले अंश पाउँ भनी प्रतिवादीहरूउपर मिति २०६४/९/२० मा मोरङ जिल्ला अदालतमा फिराद दायर गरेको देखियो। वादी प्रदिप घिमिरेले मतदाता परिचयपत्र प्राप्त गरिसकेपछि प्रतिवादीहरूले सो मतदाता परिचयपत्रका सम्बन्धमा सम्बन्धित निकायमा गई उजुर गरी बदर गराउन सकेको नदेखिँदा अन्यथा भन्न नमिल्ने।

नेपाली नागरिताको प्रमाणपत्र भनेको नेपाल सरकारबाट जारी हुने लिखत हो। त्यस्तो लिखतमा उल्लिखित व्यहोरा अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा ग्रहण गर्नुपर्ने।

वादीले प्राप्त गरेको मतदाता परिचय पत्र तथा मतदाता नामवलीमा भएको विवरण र नेपाली नागरिकताको प्रमाणपत्र र त्यसमा उल्लिखित व्यहोरा झुट्टा हो भनी यी पुनरावेदक प्रतिवादीहरूले चुनौती दिई कारबाहीसम्म चलाएको भनी भन्न नसकेको अवस्थामा अंश मुद्दाको रोहमा नागरिकता सिफारिस गर्ने व्यक्तिलाई नझिकाई भएको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ, वादीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित बाबु स्व.गोपालप्रसाद घिमिरे भन्ने व्यहोरालाई अन्यथा भन्न मिल्ने नदेखिएको हुँदा वादी प्रदिप घिमिरे स्व.गोपालप्रसाद घिमिरेको छोरा हो भन्ने देखिन आउने।

पति तथा पिता स्व.गोपालप्रसाद घिमिरेको श्रीमती मिठु घिमिरे शंकर गिरीसँग दोस्रो विवाह गरी गएपछि मिति २०१५।११।१८ मा निर्मला नाम गरेको छोरी जन्म भइसकेपछि २०१७ सालमा यी वादीको जन्म भएकोले यी वादी गोपालप्रसाद घिमिरेको छोरा होइन भन्ने तथ्य यी पुनरावेदक प्रतिवादीहरूले सुरू अदालतमा देखाउन नसकेको अवस्थामा सुरू अदालतमा प्रतिउत्तरपत्र फिराउँदा जिकिर नलिएको कुरा पुनरावेदनमा जिकिर लिएको भरमा सोतर्फ विचार गर्नुपर्ने नै देखिँदैन। त्यसमा पनि निर्मला गिरी शंकर गिरीको छोरी भन्ने निजकै नागरिकताको प्रमाणपत्रबाट देखिए तापनि निर्मला मिठु घिमिरेबाट जन्मेको भन्ने कुरा कहीँकतैबाट देखिँदैन । यस्तो अवस्थामा यी वादिलाई शंकर गिरीको छोरा हुन भनी अनुमानको भरमा भन्न मिल्दैन। तसर्थ, यी प्रत्यर्थी वादी प्रदिप घिमिरे स्व.गोपालप्रसाद घिमिरेको श्रीमती मिठु घिमिरेतर्फबाट जन्मेको छोरा हो भन्ने पुष्टि भएको देखिँदा अंश पाएको नदेखिएकोले नाता कायम गरी अंश पाउने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेको देखिँदा अन्यथा भन्न सकिने अवस्था नदेखिने।

सुरू अदालतमा प्रतिवादी प्रकाश घिमिरेले तायदाती फाँटवारी साथ पेस गरेको मिति

२०५९।३।३१ मा र.नं. १३८०४ को हालैको बकसपत्रबाट आएको जग्गा मात्र तायदाती फाँटवारी पेस गरेको देखिन्छ। उक्त हालैको बकसपत्रको लिखत हेर्दा, लिखत व्यहोरामा "म मधु घिमिरे र प्रकाश घिमिरेसमेत दुई जनाको दर्ताको जग्गामध्ये मेरो भाग हो। प्रकाश घिमिरेलाई बन्डापत्र दिएको" भनी उल्लेख भएको देखिँदा सो जग्गा मधु घिमिरेबाट अंशबापत आएको र वादीले मधु घिमिरेसमेतबाट अंश पाउने ठहर भएको हुँदा एकासगोलमा रहेको अंशियारमा जग्गा बन्डा हुँदैमा सो लाई निजी मान्न नमिल्ने।

अतः माथि विवेचित आधार प्रमाण र कारणहरूसमेतबाट प्रत्यर्थी वादी प्रदिप घिमिरे स्व. गोपालप्रसाद घिमिरेसँग बाबुछोराको नाता कायम भई वादीले अंश नपाएको देखिएकोले तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण सम्पत्तिबाट ६ खण्डको १ खण्ड अंश भाग पाउने ठहर्‍याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६७।३।२२ मा भएको फैसलामा पुनरावेदक प्रतिवादी अम्बर घिमिरेको नाममा दर्ता स्रेस्ता कायम रहेको कि.नं. २७३ को ज.वि. ०-१-१ जग्गा निजले बकसपत्रबाट प्राप्त गरेको निजी आर्जनको सम्पत्ति देखिएकोले सो सम्पत्ति बन्डागर्ने ठहरी भएको सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६७।३।२२ मा भएको मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला केही उल्टी भई अरूमा सुरू फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत विरटनगरबाट मिति २०६८।३।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। नाता कायम गरी अंश पाउने ठहर्‍याएको सुरू फैसला केही उल्टी भई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला उल्टी गरिपाउँ भन्ने पुनरावेक / प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल साउन २५ गते रोज ४ शुभम्।

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-१५२४, निषेधाज्ञा, महेश पराजुली वि. कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं.३ स्थित विरेन्द्र स्मृति पार्क संरक्षण समिति

निषेधाज्ञाको आदेश एक निरोधात्मक (Preventive) प्रकृतिको हुने हुँदा यो हकाधिकारमा अतिक्रमण हुनसक्ने प्रवल आशङ्का रहेको अवस्थामा मात्र जारी भई हकाधिकार अतिक्रमण हुनसक्ने अवस्थालाई रोकि हकाधिकारको अतिक्रमण हुनबाट जोगाउँछ । अतिक्रमित भइसकेको हकाधिकारलाई यस आदेशको माध्यमबाट प्रचलन गराउन नसकिने।

निवेदकले विपक्षीले अतिक्रमण गरेको कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ३ को कि.नं.१२९ को जग्गामा विपक्षीले पहिला नै विभिन्न संरचनाहरू निर्माण गरिसकेको कुरा पुनरावेदनमा समेत स्वीकारेको र जिल्ला विकास समितिको कार्यालयको रकम निकासा पत्र, कार्य सम्पन्न प्रतिवेदनलगायतका कागज प्रमाणबाट समेत पुष्टि हुन आएको छ। यस्तो पहिले नै संरचना निर्माण भइसकेको अवस्थामा काम सम्पन्न भइसकेको विषयमा निरोधात्मक प्रकृतिको उपचार प्रदान गर्नका लागि जारी गरिने निषेधाज्ञाको निवेदनबाट उपचार प्रदान गर्नसक्ने नदेखिने।

निवेदकले पुनरावेदनमा यसरी जग्गाका सम्बन्धमा चलेको विवाद अन्तिम नभएको अवस्थामा पनि विपक्षीलाई जग्गामा अतिक्रमण गर्न नरोक्ने हो भने सो जग्गाको संरचना नै परिवर्तन हुने हुँदा निषेधाज्ञाको आदेश जारी गरी अतिक्रमण गर्ने कार्य रोक्नुपर्ने हुन्छ भनी जिकिर लिए पनि माथि विवेचना गरिएअनुसार अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी संरचनाको निर्माण कार्य भइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी नहुने।

अत: उपर्युक्त विवेचित आधार कारणबाट निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्न

नमिल्ने हुँदा निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०७१।१२।१८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,**०७३-WO-१०१२, उत्प्रेषण, प्रमोदकुमार यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत

संविधानले खारेज गरिसकेको अधिकारको प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आदेशलाई आधार मानी जिल्ला शिक्षा कार्यालय, बाराले गरेको निर्णयलाई कानूनसम्मतको निर्णयको संज्ञा दिन नमिल्ने।

कानूनी राज्य (Rule of Law) मा कानूनको सबैले पालना गर्नुपर्छ। शक्तिपृथकीकरणको सिद्धान्तअनुसार राज्यका हरेक निकायले संविधान र कानूनले निश्चित गरेका काम, कर्तव्य र अधिकारको प्रयोग संविधान र कानूनको सीमाभित्र रहेर गर्नु पर्दछ। यदि आफूलाई संविधान र कानूनले दिएको अधिकारक्षेत्र नाघी कसैले काम गर्दछ भने त्यस बेला कानूनी राज्यको मूल्य, मान्यतामा आघात पुग्न जान्छ, यस्तो अवस्था आउन नदिन नै शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तको विकास भएको पाइने।

अधिकारक्षेत्र नभएको, प्राकृतिक न्यायको सिद्धान्तविपरीत कार्य भएमा, पालना गर्नुपर्ने कार्यविधिको प्रयोग नगरेको अवस्थामा प्रशासकीय कार्यउपर न्यायिक नियन्त्रण गर्नुपर्ने।

अधिकारको दुरूपयोग गर्ने प्रवृत्तिले स्वेच्छाचारीस्वरूप धारण गरे कानूनी राज्य कै अवधारणामा आघात पर्ने हुन्छ। कानूनी राज्य भनेको नै कानूनद्वारा कोरिएको निर्दिष्ट घेराको मर्यादा कायम राख्नु हो। राज्यका निकाय वा अधिकारीले कानून उल्लंघन गरेको कारण कुनै पनि व्यक्ति प्रताडित हुन परेको अवस्थामा यस अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गरी उपचार प्रदान गर्न संविधानमा व्यवस्था गरेको पाइने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफूलाई संविधानतः नभएको अधिकारको प्रयोग गरी यी निवेदकलाई कारबाहीको लागि लेखी पठाएको र विपक्षी शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय, बाराले निवेदकसँगको करार रद्द गर्दा निजलाई कारवाहीको जानकारी गराई प्रतिवाद वा सुनुवाइको मौका दिई कानूनी रीत पुऱ्याई स्वतन्त्ररूपमा आफूलाई प्राप्त अधिकारको प्रयोग नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रका आधारमा मात्र करार सम्झौता रद्द गरेको देखिँदा विपक्षीहरूको उक्त कार्य निर्णय गर्ने निकायले स्वतन्त्र विवेक प्रयोग गरी निर्णय गरेको नदेखिनुका साथै संविधान, शिक्षा ऐन, नियम र प्राकृतिक न्यायको सिद्धान्तको समेत विपरीत भएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिने।

तसर्थ माथि विवेचित आधार र कारणका आधारमा नेपालको संविधानको धारा २३९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारअन्तर्गत "अनुचित कार्य" सम्बन्धमा निर्देशन दिने वा लेखी पठाउने व्यवस्था नरहेको र स्रोतव्यक्ति व्यवस्थापन (दोस्रो संशोधन) निर्देशिका, २०७१ को दफा ८.क.१.आ. बमोजिम स्रोतव्यक्तिसँगको करार सम्झौता रद्द गर्ने आधारहरूमध्ये निवेदकसँग के कुन आधारमा करार रद्द गरिएको हो भन्ने सम्बन्धमा जिल्ला शिक्षा कार्यालय बाराले उल्लेख नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।८।२५ को पत्रबमोजिम शिक्षा विभागले मिति २०७३।४।१७ मा जिल्ला शिक्षा कार्यालय, बारालाई पत्र पठाएको

र जिल्ला शिक्षा कार्यालय, बाराले उक्त दुवै पत्रका आधारमा मिति २०७३।१२।७ मा यी निवेदकको करार सम्झौता रद्द गरी पदाधिकार रहेको विद्यालयमा फिर्ता गरिएको भनी दिएको पत्र नेपालको संविधानको धारा २३९, शिक्षा नियमावली, २०५९ र स्रोतव्यक्ति व्यवस्थापन (दोस्रो संशोधन) निर्देशिका, २०७१ को दफा ८.क.१.आ.विपरीत रहेको देखिएकाले नेपालको संविधानको धारा १३३(२) अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७२।८।२५ च.नं. ६ अनु १४७ को निर्देशनको पत्रअनुसार विपक्षी शिक्षा विभाग, विद्यालय कर्मचारी तथा स्रोत केन्द्र व्यवस्थापन शाखा, सानोठिमी भक्तपुरको मिति २०७३।४।१७ च.नं. २ को पत्रअनुसार विपक्षी जिल्ला शिक्षा कार्यालय, बाराबाट मिति २०७३।१२।७ च.नं. २१८१ को पत्रको कारबाहीसम्बन्धी व्यहोरा उत्प्रेषणको आदेशद्वारा बदर हुने र निवेदकलाई यथावत् पदमा कार्य गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

उपरजिष्ट्रारः शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल फागुन ८ गते रोज ३ शुभम्।

## इजलास नं.१२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-०६३५, उत्प्रेषण / परमादेश, नरेश श्रेष्ठ वि. ललितपुर जिल्ला अदालत, लगनखेलसमेत

विष्टछाप गा.वि.स. अन्तर्गत रहेको जग्गा रू. २६,००,०००।– मूल्य तिरी खरिद गर्ने तर विपक्षी रहेन्द्र प्रधानको बिगो भराइदिनु पर्ने जम्मा २५,००,०००।– रूपैयाँ बुझाइ फैसला कार्यान्वयन गरी दिन निवेदकले इच्छा नै देखाएको पाइएन । २०५३ सालमा तमसुक गरी लिएको कर्जाको रकम २० वर्षसम्म पनि बुझाउनेतर्फ कुनै चिन्ता र चासो निवेदकको देखिन आएन । त्यस्तै विवादको कि.नं. ५२१ को जग्गा पहिला राष्ट्रिय वाणिज्य बैंकमा धितो राखेकोमा ललितपुर जिल्ला अदालतबाट कि.नं. १७० को जग्गालाई पहिलो प्राथमिकतामा राखी बिगो भराउने कार्य गर्न आदेश भएपश्चात् फुकुवा गराएकोमा पुनरावेदन अदालत पाटनबाट कि.नं. ५२१ को घरजग्गाबाट बिगो भराउने आदेश भएपश्चात् पुनः अर्को वित्तीय संस्था सिंचाहिती बचत तथा ऋण सहकारी संस्थामा धितो राख्ने काम भएको देखिएबाट फैसला कार्यान्वयको कार्यलाई अवरोध पुऱ्याउने नियत रहेको देखिने।

फैसला कार्यान्वयनको कार्य प्रारम्भ भइसकेपछि गा.वि. स.मा जग्गा खरिद गरेको र सोको लिखित मूल्याङ्कन २६,००,०००।– उल्लेख भए पनि व्यवहारमा सो जग्गा २४,००,०००।– सम्ममा पनि कसैले सकार्न आएको पाइएन । के उद्देश्य र परिपञ्चले कि.नं. १७० को जग्गाबाट बिगो भरी पाउने भनी निवेदक भन्न आएका छन्, अदालतको फैसला कार्यान्वयनलाई कसरी कुन बहानाबाट टार्न खोजिरहेका छन् भन्ने अब छर्लङ्ग भइसकेको छ । न्याय गरेर मात्र हुँदैन न्याय गरेको देखिनु पनि पर्दछ (Justice should not only be done but should manifestly be seen to be done.) भन्ने न्यायिक युक्ति छ। फैसला भएको २० वर्षसम्म पनि कार्यान्वयन गर्ने कार्यमा विभिन्न बहानाबाजी गरी उक्त न्यायिक युक्तिको उपहास निवेदकले गरी रहेको पाइन्छ । यो निवेदन हेर्दा सानातिना प्राविधिक कानूनी हतकण्डा प्रयोग गर्दै फैसला कार्यान्वयनलाई असहयोग गर्ने उद्देश्यनिहित रहेको भन्ने देखिन आएकोले निवेदक अदालतमा सफा हात लिई प्रवेश गरेको नपाइने।

अदालतको फैसलाको जीवन्तता कार्यान्वयन पक्षमा नै हुन्छ। फैसलाले दिएको हक अधिकार पक्षले

प्राप्त नगरेसम्म सो फैसला केवल कागजीरूपमा मात्र रहेको हुन्छ । वस्तुतः वास्तविक व्यवहारमा न्याय पाउने भनेको फैसलाले दिएको हक अधिकार पक्षले प्राप्त गरेको हुनुपर्दछ । फैसला कार्यान्वयनबाट नै पक्षहरूले वास्तविक न्याय प्राप्त गरेको अनुभूति पाउने।

अदालतबाट अन्तिम भइसकेको लेनदेन मुद्दामा वादीले प्रतिवादीबाट भरिपाउने ठहरेको सावाँ ब्याजबापतको रकम भराई दिन वादीको निवेदन परी फैसला कार्यान्वयनको चरणमा नै लामो अवधिसम्म अलमलिरहेको र यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत हस्तक्षेप गर्न उचित एवम् मनासिब कारणहरू विद्यमान रहेको पाइएन । अदालतको फैसलाअनुसार भएको कार्यान्वयन कार्यबाट निवेदकको संविधान प्रदत्त कुनै हक हनन् भएको मान्न नमिल्ने हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनु पर्दछ भनी निवेदन दाबी एवम् निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणबाट कि.नं. ५२१ को घरजग्गाबाट फैसलाअनुसार कायम भएको बिगो भरी भराउन कार्य गर्नु होला भनी मिति २०७३।७।१८ मा उच्च अदालत पाटनबाट भएको आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको देखिन नआएकोले निवेदन मागबमोजिम आदेश जारी गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०७३ साल माघ १८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. आनन्दमोहन भट्टराई,**०६९-CR-०६४७, मानव बेचबिखन, भीमबहादुर तामाङ वि. नेपाल सरकार

भारतमा पीडितालाई काम लगाइदिने उद्देश्यले लगेको भए निज पीडिताको अभिभावक, पीडितासमेतलाई सोही व्यहोराको जानकारी दिनु पर्ने हुन्छ। घरबाट काठमाडौंमा काम लगाइदिन भनी लगेको भन्ने देखिन्छ। तर पीडितालाई काठमाडौंमा लग्दै नलगी भारतको सिमानामा पुर्‍याउने कार्य गरेको पाइन्छ । अदालतमा प्रतिवादीले पीडितालाई २ वर्षपूर्वदेखि मायाप्रेम बसी विवाह गर्ने उद्देश्यले लगेको हुँ भनी उल्लेख गरेका छन्। सो सम्बन्धमा पीडिताले प्रतिवादीको घरमा श्रीमती, बच्चा छँदैछन् । निजसँग विवाह गर्छु भनेको होइन भनी बकपत्रमा उल्लेख गरेको पाइन्छ। प्रतिवादीले पीडितालाई विवाह गर्ने उद्देश्यले लगेको हुँ भनी अदालतमा गरेको बयान सत्य देखिन नआउने।

पीडितालाई काममा लगाउन लान लागेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले बयान गरेकोमा अदालतमा माया प्रेम बसी विवाह गर्न लान लागेको भनी बयान गरेको, फरकफरक तथ्यहरू सृजना गरी प्रतिवादीले निर्दोषिता देखाउने प्रयास गरेको देखिन्छ। पीडितालाई नुवाकोट स्थित घरबाट महेन्द्रनगर कञ्चनपुरसम्म पुर्‍याई भारत सिमानातर्फ लग्ने कार्य गर्दा जुन तौरतरिका अपनाई झुट्ठा कुरा भन्न पीडितालाई सिकाउने जस्ता कार्यहरू प्रतिवादीले गरेकोबाट नाबालक पीडितालाई बेच्ने उद्देश्यले नै लगेको तथ्य पुष्टि हुन आउने।

यसरी उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट निज प्रतिवादी भीमबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१) (ङ) (२) बमोजिम १० वर्ष कैद र एकलाख रूपैया जरिवाना तथा ऐ.को दफा १७ बमोजिम रू.५०,०००।- पीडितलाई क्षतिपूर्तिसमेत भराइदिनु पर्ने ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसलालाई सदर हुने

ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६९।३।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत्र २२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CI-०६९५, बहाल भराई पसलबाट उठाई पाउँ, सञ्जय जोन्छे वि. इन्द्रप्रसाद जोन्छे

सालको बहाल रू.१५,०००।- बुझाउने गरी मिति २०५०।०२।३२ मा पुनरावेदक प्रतिवादीसँग बहाल कबुलियतको कागज भई निजले २०५७ साल जेठ मसान्तसम्मको वार्षिक बहाल बुझाएको भन्ने प्रत्यर्थी वादीले फिरादमा उल्लेख गरेकोलाई पनि यी पुनरावेदकले अन्यथा भन्न सकेको देखिँदैन । यसरी एक पटक बहाल कबुलियत कागज गरी सोअनुसार वार्षिक बहालसमेत बुझाउँदै आएको अवस्थामा पछि आएर उक्त घरको सो छिँडी तला प्रत्यर्थी वादीको नै देखिई फैसलासमेत भइसकेको अवस्थामा सोको बहाल मैले तिर्नु बुझाउनु पर्ने होइन भनी भन्न नमिल्ने।

बहाल कबुलियत बसेकोमा बहाल कबुलियतको अवधि समाप्त भए पनि निरन्तररूपमा सो स्थानमा पुनरावेदक बसेको देखिन्छ। यस अवस्थामा आचरण व्यवहारबाट पनि वादी र प्रतिवादीको बीचमा बहालमा बस्ने अघि गरेको कबुलियतनामालाई निरन्तरता दिएको मान्नु पर्ने देखिन्छ । त्यस्तै कबुलियतको कागज विवाद भएको अवस्थामा बहालमा बसेको छ छैन यदि छ भने के कस्तो सर्तमा बसेको छ भन्ने निक्र्योल गर्न सहजता होस् भनेर बनाइने हुन्छ। कबुलियत कागज नै नबनाएको अवस्थामा पनि यदि बहालमा बसेको र सोको सर्त अन्य प्रमाणबाट पुष्टि हुन आउँछ भने बहालमा बसेको नै मानिन्छ र पुष्टि भएको सर्त तथा बहाल बुझाउनु पर्ने रकम यति नै हो भनी पुष्टि हुन नसकेको अवस्थामा पनि प्रचलित दररेटअनुसार बहाल बुझाउनु पर्ने।

पुनरावेदक बहालमा बसेको निजकै निषेधाज्ञा निवेदन र २०५७ जेठ मसान्तसम्मको बहाल बुझाएको भन्ने पुनरावेदक स्वयंको स्वीकारोक्तिलगायतका कागज प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा कबुलियतको म्याद समाप्त भइसकेकोले बहालमा नबसेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। अतः वादीले फिराद दाबीअनुसार प्रतिवादीबाट बहाल रकम भराई दिने ठहर्‍याई सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६४।२।३० मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०६६।७।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

## इजलास नं.१३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.आनन्दमोहन भट्टराई, ०७१**-CR-००९८,०७१-CR-०२०६ र ०७३-RC-००२२, कर्तव्य ज्यान, वकिल खड्का वि. नेपाल सरकार, नेपाल सरकार वि. बुद्धिबहादुर सुनार र नेपाल सरकार वि. मीनबहादुर गुरूङ

प्रतिवादी गोविन्द भन्ने वकिल खड्काले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ। तर उक्त बयानमा आफू र मीनबहादुर गुरूङ एउटै जिल्लाको भई एउटै सैनिक ब्यारेक गुलरियामा काम गर्ने, करिब करिब एउटै समयमा ब्यारेकबाट छुट्टिमा आएको र २०६७।१२।१३ मा मीनबहादुर र सितालाई आरूघाट बजारमा भेटेको

कुरा स्वीकार गरेको पाइन्छ । निज मीनबहादुर र सिता सुनार सँगसँगै रासकुमारीको होटलमा आएको र राति सँगै निस्केको भनी होटलवाली रासकुमारी, निजकी छोरी आशमायाले बकपत्रसमेत गरेको देखिन्छ । यसको अतिरिक्त सहअभियुक्त मीनबहादुर गुरूङ्गको अदालतको बयान हेर्दा निज वकिल खड्का सिता र निज मीनबहादुरसँग बुटवलदेखि सँगै आएको, आरूघाटको होटलमा सँगै बसेको र सितालाई मार्न मीनबहादुरलाई उक्साउने, कसरी कहाँ मार्ने भन्नेमा योजना बनाउने, वारदातस्थलमा मृतकको खुट्टा पक्री मीनबहादुरलाई मृतकको घाँटी काट्न सहयोगसमेत गरेको भनी उल्लेख भएको पाइन्छ । यसबाट यी अभियुक्तले वारदातमा संलग्नता देखाई अनुसन्धानमा भएको बयान सही रहेछ भन्ने देखिन आयो । यस स्थितिमा निज निर्दोष रहेछ भन्न सकिने स्थिति नदेखिने ।

प्रतिवादी मीनबहादुर गुरूङले नै बर्दियाकी सिता सुनारलाई मायाको प्रेममा पारी गोरखासम्म ल्याएको र घरमा लैजान नसक्ने भएपछि र मृतकले आफूलाई नछाड्ने भएपछि वकिल खड्कासमेतको मत सल्लाह र सहयोगमा क्रूरतापूर्वक हत्या गरेको देखिँदा निजलाई कसुरदार ठहऱ्याएको सुरू र पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्नु पर्ने नदेखिने ।

प्रतिवादी बुद्धिबहादुर सुनारउपर ज्यानसम्बन्धीको १३(४) नं. अभियोग रहेपनि निज आरोपित कसुरमा इन्कार रहेको पाइन्छ । निज वकिल खड्का र मीनबहादुर कार्यरत सैनिक ब्यारेक गुलरियामा जमदार पदमा कार्यरत रहेको र यी प्रतिवादीहरूको बिदा स्वीकृत गर्ने अनुशासन उल्लङ्घन हुँदा कारवाही गर्ने अधिकृत रहेको भन्ने देखिन्छ । मीनबहादुरको पोलबाहेक निजलाई गडाउ गर्ने कुनै प्रमाण मिसिलमा मौजुद रहेको पाइँदैन । निज गोरखा आएको भन्नेसम्म पनि नहुँदा निजले आरोपित कसुर गरेको भन्ने कुरा स्थापित हुनसक्ने देखिएन । तसर्थ निजलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी गोविन्द भन्ने वकिल खड्का तथा प्रतिवादी मीनबहादुर गुरूङले सिता सुनारको कर्तव्य गरी हत्या गरेको देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) बमोजिम सजाय गर्ने र बुद्धिबहादुर सुनारको कसुरमा संलग्नता नदेखिँदा निजले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई सुरू गोरखा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पोखराको मिति २०७१।१।७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी वकिल खड्काको पुनरावेदन जिकिर पुग्न सक्दैन । मीनबहादुर गुरूङको हकमा साधक सदर हुने ।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ २७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-२०७५, दिवाल घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ, रइस नाउँ वि. अब्दुल वाजिद साई

जग्गाको हक स्वामित्वको निर्धारण दर्ता स्रेस्ता र नाप नक्साकै आधारमा गर्नुपर्ने हुन्छ । न.नं. ७, ८, ९ र १० को जग्गा वादीकै कि.नं. ७१७ भित्रको जग्गा देखिए पनि उक्त जग्गालाई विवादित देखाइएको छ । उक्त न.नं. का विवादित घरजग्गामध्ये अरू जग्गा र न.नं. ८,९ मा घर र न.नं. ७, १० खाली जग्गा देखिन्छ । न.नं. ११, १२ मा प्रतिवादीको निर्विवाद घर र जग्गा देखिन्छ भने न.नं. ६ वादीको निर्विवाद जग्गा देखिन्छ । वादीको निर्विवाद न.नं. ६ र प्रतिवादीको न.नं. ११ र १२ कित्ताको घरजग्गा बीचको न.नं. ६,

७, ८, ९ को घरजग्गामा झगडा परेको हुँदा साबिक गाउँ ब्लकको वादीको कि.नं. ८४ र प्रतिवादीको कि.नं. ८५ को नक्सा प्रिन्ट हेर्दा जग्गाहरू समानान्तर सोझो लाइनमा रहेको देखिन्छ । यदि विवादित घरजग्गाहरूको क्षेत्र प्रतिवादीको मान्ने हो भने बाङ्गो भई नक्सा प्रिन्टसँग मेल खाँदैन । उक्त विवादित घरजग्गाको क्षेत्रलाई वादीको मान्दा नक्सा प्रिन्टको रूप र आकृतिसँग मिल्नु भिड्नुको अतिरिक्त वादीको कि.नं. ७१७ को क्षे.फ.समेत मिल्ने र पुग्ने देखिन आउने ।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूले वादीको कि.नं. ७१७ को न.नं. ७, ८, ९, १० को जग्गामा कब्जा खिचोला गरी न.नं. ८ र ९ को खपडा तथा पक्की घरसमेत बनाएको देखिँदा प्रतिवादीहरूले बनाएको उक्त घर दिवाल भत्काई ती न.नं. का जग्गाहरूको कब्जा मेटाई वादीलाई चलनसमेत चलाई दिने ठहऱ्याई भएको सुरू बाँके जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६८।२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटरः विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम् ।

## इजलास नं.१४

**मा.न्या.डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०४४४, परमादेश, अधिवक्ता ज्योति बानियाँ वि. नेपाल सरकारसमेत

संविधानद्वारा प्रत्याभूत पेसा, व्यवसाय र रोजगारको हकअन्तर्गत स्वस्थ व्यापार व्यवसायको हक पनि पर्छ । सम्मानपूर्ण जीवनको हकभित्र व्यवस्थित यातायातको हक पनि पर्ने ।

संविधान एवम् कानूनी व्यवस्था र ती व्यवस्थाअनुरूप अदालतबाट भएका फैसला विरूद्धको आचरण र व्यवहार लोकतन्त्र तथा विधिको शासनको समेत विरूद्ध हुने ।

यातायात सेवा पनि उपभोक्ताले प्राप्त गर्ने एउटा सेवा हो । तसर्थ, यो सेवा पनि हरेक दृष्टिबाट गुणस्तरीय हुनु आवश्यक छ । सेवा गुणस्तरीय नभएमा सोको विरूद्ध उपचार खोज्ने र क्षतिपूर्तिसमेत पाउने हक हरेक उपभोक्तालाई रहन्छ । यस दृष्टिबाट रिट निवेदनमा उठाएको विवाद सार्वजनिक हक र सरकारको विषय रहे भएको देखिने ।

विश्व व्यापार सँगठनको सदस्य भएको नाताले बजारमा गरिने अस्वस्थ प्रतिस्पर्धाका कुनै पनि स्वरूपको विरूद्धमा उभिनु अब नेपालको राष्ट्रिय दायित्व बनेको छ । यो कुरा सरकारलगायत सबै सरोकारवालाले बुझ्नु र मनन गर्नु जरूरी देखिने ।

अदालतबाट भएको फैसला कार्यान्वयन गर्न जाँचबुझ आयोग गठन गर्ने कुरा कुनैरूपमा पनि स्वीकारयोग्य हुन सक्दैन । त्यस्तो माग संविधान र कानूनअनुरूप पनि हुँदैन । अदालतबाट भएको फैसला पूर्णरूपमा कार्यान्वयन गरिनु पर्छ । कार्यान्वयन गर्ने दायित्वबाट सरकार वा कुनै संघ संगठन वा प्रतिष्ठान पन्छिन नसक्ने ।

रिट निवेदनमा भएका निर्णयहरूको शब्द र सार दुवै कुरा हेरी पूर्णरूपमा कार्यान्वयन गरिनुपर्दछ । यसमा कुनै "तर, तापनि, तथापि" भन्ने नै नहुने ।

विवादित तथ्य एवम् कानूनको विश्लेषण गरी अदालतले अन्तिमरूपमा आफ्नो अभिव्यक्ति दिइसकेको हुँदा यस अदालतबाट फैसलाहरूको कार्यान्वयनको निम्ति जाँचबुझ आयोग गठन गर्ने कुरा कुनै दृष्टिबाट पनि आवश्यक छैन । सोबाहेकका अन्य कुराहरू जसबारेमा कानून वा नीति मौन छ वा देखिएका समस्याहरूको विद्यमान कानूनले सही तरिकाबाट सम्बोधन गरेको छैन भने सो विषयको अध्ययन गर्न

जाँचबुझ आयोग गठन हुनसक्ने ।

बढ्दो सडक सञ्जाल र सडकको अवस्था, सार्वजनिक यातायात चलाउन न्यूनतम् रूपमा कायम रहनुपर्ने सडकको स्तर र मापदण्ड, सडकको दुरावस्थाका कारण बरोबर भइरहने यातायात दुर्घटना र प्रदूषण नियन्त्रण आदि विषयहरू पनि अध्ययनका विषयहरू हुन सक्छन् । त्यस्तै गरी यात्रूहरूको चाप हेरी यातायातको साधनको संख्या निर्धारण, न्यूनतम् पालो अर्थात् खेप निर्धारण, न्यूनतम् रूपमा पनि नाफामूलक कमाइको सुनिश्चितता तथा नेपाल बन्द, चक्का जाम, हड्ताल र आन्दोलनका नाममा यातायात साधनहरूमा पुऱ्याइने नोक्सानीको क्षतिपूर्ति, यातायातकर्मीहरूको सुरक्षाको प्रत्याभूति जस्ता कुराहरूमा पनि अध्ययन गरी समस्याहरूको समाधान पहिल्याइनुपर्छ । विधिको शासनको कार्यान्वयनको लागि यो क्षेत्रको सुधार र सुव्यवस्था अपरिहार्य भएकोमा दुईमत हुन सक्दैन । सवारी तथा यातायात व्यवस्थापन ऐनले यी सबै कुरालाई कुन हदसम्म समेट्छ र कुन विषयमा नयाँ ऐन बन्नु जरूरी छ सो बारेमा समेत अध्ययन आवश्यक छ । यी सबै विषयमा विस्तृत अध्ययन गरी प्रतिवेदन तयार भएपछि मात्र कानूनी र संस्थागत सुधारतर्फ मापदण्ड निर्धारण गरी कार्य गर्न र व्यक्तिगत तथा सामूहिक हितको संवर्द्धन गर्न सकिने हुन्छ । त्यसैले यस विषयमा एउटा छानबिन आयोग गठन होस् भन्ने निवेदकको मागलाई अस्वीकार गर्नुपर्ने देखिएन । सार्वजनिक हक र सरोकारको यो विषयमा सरकारको ध्यान जानु आवश्यक नै देखिने ।

अतः उपर्युक्त कारणहरूबाट यातायात क्षेत्रमा विद्यमान सिन्डिकेट, भाडा, भाडादर, बिमा आदि विषयहरूमा यस अदालतबाट मिति २०६७/१०/१९ मा (०६५-WO-०४२१, ०६३-WO-०६७७, ०६५-WO-००४७ का रिट निवेदनमा भएको निर्णय र सोपूर्व मिति २०६१ सालको रिट नं. ३४०२ को रिट निवेदनमा मिति २०६३/०७/२१ मा भएका निर्णयहरूको हकमा सोहीबमोजिम हुने र यस अदालतको फैसला आदेशहरूले समेटेका क्षेत्रहरूबाहेक पनि यातायात क्षेत्रमा अझै सवारी साधनको प्राविधिक गुणस्तर, सार्वजनिक सवारी साधन चलाउन हुनुपर्ने सडकको न्यूनतम् मापदण्ड, प्रदूषणको अवस्था, रूट परमिट, यातायातका साधन र व्यवसायीहरूको यातायात सञ्चालन विधि, सवारी तथा यातायातको सञ्चालन र व्यवस्थापनसँग सम्बद्ध निकायहरूको पारदर्शीता एवं जवाफदेहिता, सुरक्षा, क्षतिपूर्ति, दुर्घटनामा दायित्व निर्धारणसमेतका विषयहरूमा माथि उल्लेख भएबमोजिम समस्याहरू रहेको पाइने ।

तसर्थ यातायात क्षेत्रमा रहेका बेथिति र अव्यवस्थाहरूको पहिचान गरी कानूनी, नीतिगत र व्यवस्थापकीय पक्षमा गर्नुपर्ने सुधारका विषयमा समेत अध्ययन गरी प्रतिवेदन पेस गर्न जाँचबुझ आयोग ऐन, २०२६अन्तर्गत सरोकारवालाहरूको प्रतिनिधित्वसमेत रहने गरी एक उच्चस्तरीय आयोग गठन गर्नेतर्फ कानूनबमोजिम नीतिगत निर्णय गरी आवश्यक कार्य गर्नु गराउनु भनी १ देखि ७ नं. सम्मका विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर ३० गते रोज ५ शुभम् ।

## इजलास नं.१५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-००३५, कर्तव्य ज्यान, नेपाल सरकार वि. गृष्मप्रसाद सापकोटासमेत

शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण (Penetrating injury to the neck) भन्ने उल्लेख भएको र एकपटक मात्र घाँटीमा काटिएको अवस्था छ । शरीरमा प्रतिकारको कुनै निसान प्रमाण भएको भन्ने उक्त प्रतिवेदनमा उल्लेख

छैन । मिसिल संलग्न प्रमाणहरूमा र मूलतः घटना मुचुल्कामा मृतक फेला परेको स्थानको वरिपरी वा अन्य कुनै कोठा वा क्षेत्रमा कुनै प्रकारको दशी प्रमाण देखिँदैन। घरको माथिल्लो तलामा घरपट्टी आफैँ बसेको र निजले पनि तल्लो तलामा कुनै आवाज सुनेको वा घटना प्रकृतिअनुसारको क्रिया भएको खुलाएको छैन । यी प्रतिवादीहरूसँग मृतकको कुनै प्रकारको झैझगडा वा विवाद भएको भन्ने कुनै प्रमाण देखिएको छैन । घटनाको दिन मृतकका पिताको जाहेरीमा कुनै नाम किटान नभएकोमा पुनः२०६८।१।२४ मा थिर नारायण न्यौपाने र राजेश कोइरालाको जाहेरी दर्खास्त पर्दा यी प्रतिवादीहरूले मारेको यकिन खुल्न आएको भन्ने उल्लेख गरे पनि यी दुई जाहेरीबीच के कस्तो तथ्ययुक्त विश्वासिलो र अकाट्य प्रमाण फेला परी यकिन खुल्न आएको हो सो मिसिलबाट नदेखिएको अवस्थामा जाहेरीकै भरमा मात्र कसुरदार ठहर गर्नु न्यायोचित नहुने।

घटनास्थल प्रकृति मुचुल्कामा घाँटीको रूद्रघण्टी मुनि २ ईन्च चौडाई ३ ईन्च लम्बाई काटेको एउटा मात्र चोट रहेको देखिन्छ । मृतकको पोष्टमार्टम रिपोर्ट हेर्दा, एउटा मात्र चोट भई Sharp margins and tailing भनी घाउको प्रकृतिमा उल्लेख गरेको छ । यस प्रकृतिको घटनामा Dead body tells the tale अर्थात् मृत शरीर आफैँले कथा भन्छ भन्नेसमेत अवधारणा रहेको छ । सबै प्रकृतिको Cut injury हत्याको अकाट्य प्रमाण होइन । आत्महत्या गर्दाको मानसिक अवस्था फरक फरक हुने हुँदा त्यसमा एकरूपता खोज्नु न्यायोचित हुँदैन । हत्यामा Forseightness of consequence तथा Desire of consequence हुनु पनि आवश्यक हुने।

घटनाको वस्तुस्थिति, लास तथा घाउको प्रकृति एवम् घटनास्थलको अवस्था हेर्दा आत्महत्या होइन भनी किटानीरूपमा भन्नसक्ने अवस्था देखिँदैन। सुरू जाहेरीमा यी प्रतिवादीहरूउपर किटानी जाहेरी नपरेको र पछि परेको जाहेरीमा मात्र किटानी गरी जाहेरी परेको भए पनि कुनै अकाट्य प्रमाण भए उक्त जाहेरी मै पनि उल्लेख हुनसक्नेमा सो अवस्था देखिँदैन । वारदात प्रत्यक्ष देख्ने अरू कोही नभएको एकै कोठामा सुतेकै भरमा जाहेरवालाले उल्लेख गरेअनुसारको अवस्था नदेखिएको र मार्नुपर्ने उद्देश्य कारण र कसले किन मारेको भन्ने प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणित गराउन सकेको नदेखिने।

विश्वासिलो अकाट्य प्रमाणको अभावमा अनुमान, आशंका र सम्भावना जस्तो मनोगत प्रमाणलाई एक मात्र आधार बनाई कर्तव्यबाट मृतकको मृत्यु भएको भनी भन्न न्यायोचित नहुने हुँदा प्रतिवादीहरू तारानाथ न्यौपाने, एकदेव न्यौपाने र शंकर भन्ने गृष्मप्रसाद सापकोटालाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिलेन अतः पुनरावेदन अदालत पाटनको मिति २०६९।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७४ साल पुस १७ रोज २ शुभम्।

## इजलास नं.१६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CI-०४२५, अंशसहितको सम्बन्ध विच्छेद, शान्ता शाही गिरी वि. न्हुच्छेमाया शाही

मुलुकी ऐन अंशबन्डाको १८ नं. मा मानो नछुट्टिई सँग बसेको अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढे बढाएको सगोलको

आर्जन र लेनदेन व्यवहारको महलको ८ नं. बमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ भन्नेसमेत कानूनी व्यवस्था भएको सन्दर्भमा प्रस्तुत मुद्दामा यी वादी प्रतिवादीसँग मानो नछुट्टिई सँग बसेको अवस्थामा लागेको ऋण बन्डा नलाग्ने भन्न मिल्ने हुँदैन । यस स्थितिमा पुनरावेदन अदालत पाटनबाट तायदाती फाँटवारीमा उल्लिखित प्रतिवादीले व्यक्तिबाट लिएको ऋणको हकमा साहुले नालिस गरेको बखत कानूनबमोजिम हुने भनी गरेको फैसला कानूनसम्मत नै देखियो । व्यक्तिगत ऋणको दायित्व वादीले व्यहोर्न नपर्ने भन्ने पुनरावेदन जिकिर एवम् निजको कानून व्यवसायिको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, पुनरावेदन अदालत पाटनबाट सुरू फैसला केही उल्टी गरी तायदाती फाटवाँरीमा उल्लिखित ऋणको हकमा साहुको नालेस परेका बखत कानूनबमोजिम ठहरेअनुसार हुने र अरूमा सुरू जिल्ला अदालतको फैसला सदर हुने गरी मिति २०७३।३।२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम् ।

## इजलास नं.१८

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०४३६, उत्प्रेषण, जमनराम लोहार वि. प्रहरी नायब महानिरीक्षक सुदूर पश्चिम क्षेत्रीय कार्यालय, दिपायलसमेत

श्रीमती सुत्केरी नहुँदै भएको भनी झुट्टा विवरण दिई मिति २०७२।१२।३१ गतेदेखि नै सुत्केरी स्याहार बिदा स्वीकृत गराई बिदामा बसेको तर श्रीमती मिति २०७३।१।२४ मा मात्र सुत्केरी भएको भन्ने देखिन्छ । त्यसैगरी निजले लिएको सुत्केरी बिदा समाप्त भएपछि थप बिदा माग्दा पनि जन्मिएकी बच्चीको मृत्यु भएको श्रीमतीको मानसिक सन्तुलन बिग्री बहुलाएको भनी झुट्टा विवरण उल्लेख गरी कार्यालय प्रमुखलाई गुमराहमा राखी मौखिकरूपमा थप बिदा माग गरेकोमा कार्यालयबाट प्रहरी खटाई बुझ्दा सबै झुट्टा साबित भएको भन्ने देखिएको स्थिति छ । यसभन्दा अघि पनि मिति २०७३।१०।१३ गते क्षेत्रीय प्रहरी तालिम केन्द्र दिपायलबाट तालिम समापन गरी फिर्ता रमाना हुँदासमेत कार्यालयमा गैरहाजिर रहेकोले निजलाई २ तलबवृद्धि घटुवा गर्ने निर्णय भएको भन्ने लिखित जवाफबाट देखिन्छ । उल्लिखित निवेदकले गरेका उपरोक्त क्रियाकलापहरू किन पटकपटक गरेको भनी सोधिएको स्पष्टीकरणको जवाफमा कुनै कारण उल्लेख गरेको देखिँदैन । निवेदकले पटकपटक अनुशासन उल्लंघन गरेको भन्ने देखिने ।

प्रहरी संगठन जस्तो अनुशासनमा रही कर्तव्य पालन गर्नुपर्ने निकायमा यसरी पटकपटक अनशासनहीन काम गर्नेलाई माफी तथा छुट दिँदै जाने हो भने सँगठनले लिएको उद्देश्य पूरा गर्न कठिन पर्न जान्छ । प्रहरी सँगठनमा पटकपटक अनुशासनहीन क्रियाकलाप गर्ने प्रहरी कर्मचारीलाई क्षमा र सुधारको मौका मात्र दिइरहन उपयुक्त हुने देखिँदैन । त्यसकारण अनुशासनविपरीत काम गर्ने प्रहरी कर्मचारीलाई प्रहरी नियमावली, २०७१ को नियम ११३ को देहाय (१) को (क) र (घ) को कसुरमा गरेकोमा कानूनबमोजिम प्रक्रिया पूरा गरी भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरेको निर्णयमा कुनै कानूनको त्रुटि गरी भएको भन्ने नदेखिने ।

तसर्थ, अधिकारप्राप्त अधिकारीले कानूनको अख्तियारीभित्र रही कानूनबमोजिमको प्रक्रिया पूरा गरी प्रहरी नियमावली, २०७१ को नियम ११३ को देहाय (१) को (क) र (घ) को कसुर ठहर गरी ऐ. नियमावली, २०७१ को नियम १०९(ख) (१) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने

गरी निवेदकलाई सेवाबाट हटाउने गरी भएको सुदूर पश्चिम क्षेत्रीय दङ्गा नियन्त्रण प्रहरी गण महेन्द्रनगर कञ्चनपुरको मिति २०७३।२।२५ को निर्णयउपर पुनरावेदन सुनी सुदूर पश्चिम क्षेत्रीय प्रहरी कार्यालय दिपायल, डोटीका प्रहरी नायब महानिरीक्षकबाट मिति २०७३।५।१ मा उक्त निर्णय सदर गर्ने गरी भएको निर्णयमा कानूनी त्रुटि नदेखिएको हुँदा निवेदकको मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवदेन खारेज हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६६-CR-०६८४ र ०६७-CR-०८३६, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. जगन्नाथ महतो, अशोक तिवारी वि. नेपाल सरकार

प्रतिवादी अशोक तिवारीको सँगसाथबाट मौकामा १८० ग्राम लागु औषध खैरो हेरोइन बरामद भई निज मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा उक्त बरामदी र कसुरप्रति साबिती रहेका र सोलाई प्रतिवेदकहरू प्र.ना.नि.क्रमशः कृष्णगोपाल पनेरू र रिता बराल तथा प्र.स.नि. होमबिक्रम कार्की स्वयं अदालतमा उपस्थित भई उक्त बरामदी र प्रतिवादीको मौकाको साबितीलाई संपुष्टि हुने गरी बकपत्र गरी दिएको आधार प्रमाणबाट समेत प्रतिवादी अशोक तिवारी लागु औषध खैरो हेरोइनको खरिद बिक्री ओसारपसारमा संलग्न रहेको पुष्टि हुन आएकाले निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च) को कसुर अपराधमा ऐ.ऐनको दफा १४(१) को देहाय दफा (छ)(३) बमोजिम सजाय गर्ने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने ।

प्रतिवादी जगन्नाथ महतोले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा कसुरमा साबित रही बयान गरेका भए तापनि निजको सँग साथबाट लागु औषध खैरो हेरोइन बरामद नभएको, निज सुरू अदालतमा बयान गर्दा कसुरमा पूर्णतः इन्कार रही बयान गरेका, निजको इन्कारीलाई पुष्टि हुने गरी साक्षीको बकपत्र भएको, अशोक तिवारीसँगै पक्राउ परे पनि निजलाई अशोक तिवारीले मासिक रू.१०,०००।– दिउँला भनेकाले सँगै हिँडेको भनी निजले सुरू अदालतमा बयान गरेको देखिँदा निज प्रतिवादी प्रस्तुत अभियोग दाबीबमोजिमका कसुरदार नभइ निज आर्थिक आर्जन गर्ने उद्देश्यले अवैध लागु औषध हेरोइनको कारोबारमा मतियारसम्म रहेको देखिएकोले निज विरूद्ध ऐ. दफा १७ बमोजिम सजाय गर्ने गरी भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादी अशोक तिवारीको साथबाट १८० ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको देखिएबाट निज प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (च) मा उल्लिखित लागु औषध ओसारपसार खरिद बिक्री गर्ने कसुर गरेको देखिँदा सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम प्रतिवादी अशोक तिवारीलाई १५ वर्ष कैद र रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना हुने र प्रतिवादी जगन्नाथ महतो आर्थिक आर्जन गर्ने उद्देश्यले अवैध लागु औषध हेरोइनको कारोबारमा मतियारसम्म रहेको देखिएकोले निजलाई ऐ. दफा १७ बमोजिम ७ वर्ष ६ महिना कैद र रू.२,५०,०००।– (दुई लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।५।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवलाल पाण्डेय

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।